# ओसारपसार

संख्या ४

मंसिर ०६०

एट्वीनको अर्थ-वार्षिक प्रकाशन



**यस अङ्कका विशेष**

- महिला तथा बालबालिका बेचबिखन र श्रम ...
- ढाकामा सम्पन्न दक्षिण एसियाली महिला अदालत ...
- मानव बेचबिखन, द्वन्द्व र यसले पार्ने प्रभाव
- महिला बेचबिखन र बसाइसराइ
- महिला तथा बालबालिका बेचबिखनविरुद्ध ...
- वेश्यावृतिका लागि भित्रिने महिला तथा बालबालिका ...

# सम्पादकीय

महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसार संसारका कैयौं मूलुकहरुमा गम्भीर समस्याको रुपमा विद्यमान छ। यो मानवअधिकार को हनन मात्र होइन, मानव सभ्यताकै लागि चुनौती पनि हो। बेचबिखन तथा ओसारपसार मानिसले मानिसलाई गर्ने हिंसा, शोषण र अपराधको निकृष्ट रुप हो। महिला तथा बालबालिकाहरुको बेचविखन हिजोभन्दा आज आफ्ना स्वरुपहरु फेर्दै अझ संगठित अपराधका रुपमा जरा गाड्दै गइरहेको छ। यसका विरुद्ध विभिन्न मानवअधिकार तथा महिला अधिकार का लागि क्रियाशील संस्थाहरुले विभिन्न अभियान सञ्चालन गर्दै आएका छन्। तथापि, यो समस्या जहाँको तहीं छ। यसो हुनुमा अपराधीहरुको सञ्जाल दह्रो हुँदै जानु र अभियानकर्ताको बीचमा एकता र साझेदारी कम हुनु पनि एक कारक हो भन्ने गरिन्छ। यस तथ्यलाई आत्मसात गर्ने हो भने, बेचबिखनविरुद्ध क्रियाशील संघसंस्था र निकायहरुबीच आपसी साझेदारी, विश्वास र हातेमालो बढाउँदै लैजानु आवश्यक छ। साथै, बेचबिखन तथा ओसारपसारको समस्या समाधानका लागि मतैक्यता कायम गर्नु र यस्ता दुष्कर्मका पीडकहरुलाई उदांगो पार्नु जरुरी छ।

महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह (एट्वीन) को अर्धवार्षिक प्रकाशन "ओसारपसार" ले महिला तथा बालबालिका बेचबिखन अपराध विरुद्धको अभियानमा एक इँटा थप्ने छ भन्ने हाम्रो विश्वास छ। यसैले "ओसारपसार" का यसअघिका ३ वटा अंकमा महिला तथा बालबालिका बेचबिखनसम्बन्धमा स्पष्टता ल्याउने, यसका विरुद्ध राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा भएका सन्धि, कानुनहरुबारे जानकारी दिने र यसका विरुद्ध श्री ५ को सरकार तथा गैर सरकारी तवरमा चालिएका कदमहरुबारे जानकारी गराउने प्रयास गरिएका थिए।

यस अंकमा बेचबिखनविरुद्धमा अन्तर्राष्ट्रिय कानुनहरु, वैदेशिक रोजगारसम्बन्धी श्री ५ को सरकारको नीति, वर्तमान सशस्त्र द्वन्द्वले वेचबिखनमा पारेको असर, बसाइसराइ र बेचबिखनबीचको सम्वन्ध, वेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिका वेचबिखन-ओसार पसार विरुद्धको सार्क अभिसन्धि हस्ताक्षरको दुई वर्ष आदि विषयहरु समेटिएको छ। साथै, बेचविखनविरुद्ध ग्रामीण तहमा क्रियाशील संस्थासँगको कुराकानी तथा बंगलादेशमा सम्पन्न बेचविखन तथा एचआईभी एड्ससम्बन्धी महिला अदालतबारे जानकारी दिने प्रयास गरिएको छ।

पाठकवृन्दलाई यो अंक कस्तो लाग्छ, रचनात्मक प्रतिक्रियाको आशा राख्दछौं।


## ओसारपसार

संख्या ४, मंसिर २०६०

**सम्पादक मण्डल**

इन्दिरा फुयाल

भगवती नेपाल

सन्ध्या श्रेष्ठ

सुजिता शाक्य

विमला ज्ञवाली

**प्रकाशन सहयोग**

अक्सफाम जि.वि. नेपाल

**विशेष सहयोगी**

प्रकाश ज्ञवाली

**आवरण तथा लेआउट**

गोविन्द त्रिपाठी

**मुद्रक**

सुनकोशी छापाखाना

मैतीदेवी, काठमाण्डौ

फोन: ४४२२०९१

**प्रकाशक**

महिला तथा बालबालिका बेचबिखनविरुद्ध

सहकर्मी समूह (एट्वीन)

पो.ब.नं. २७२६, काठमाण्डौ, नेपाल

फोन : ४४६९१७१

इमेल : aatwin@wlink.com.np



- महिला तथा बालबालिका बेचबिखन र श्रम ऐन एवं वैदेशिक रोजगार ऐन बीचको सम्बन्ध- १
- ढाकामा सम्पन्न दक्षिण एसियाली महिला अदालत संक्षिप्त जानकारी- ५
- मानव बेचबिखन, द्वन्द्व र यसले पार्ने प्रभाव- १०
- महिला बेचबिखन र बसाइसराइ- १२
- महिला तथा बालबालिका बेचबिखनविरुद्ध नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता- १५
- लघु कथा : हरिको चाला- १९
- कविता- १९
- कथा : आमाको सम्झना- २०
- वेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिका वेचविखन-ओसारपसार विरुद्धको.....- २१
- साक्षात्कार- २६
- एट्वीनको ५ वर्ष- २७
- एट्वीन गतिविधिहरु- ३०

# महिला तथा बालबालिका बेचबिखन र श्रम ऐन एवं वैदेशिक रोजगार ऐन बीचको सम्बन्ध


– प्रताप कुमार पाठक
सह-सचिव
श्रम तथा यातायात व्यवस्था मन्त्रालय


**श्रम आप्रवासन र बेचबिखनबीचको अन्तरसम्बन्ध**

आफ्नो सीप, क्षमता र इच्छाका आधारमा कामका लागि एक मुलुकमा अस्थायी वा स्थायी रुपमा बसाई-सराई र आवत-जावत गर्ने कार्य स्वेच्छिक आप्रवासन (Voluntary migration) हो भने झुक्याएर वा छलकपटबाट कुनैपनि प्रकारको शोषण गर्ने मनशायबाट वलपूर्वक वा अनिच्छापूर्वक व्यक्तिको ओसार-पसार गर्ने कार्य (Forced migration) लाई बेचविखनका लागि गरिने ओसार-पसार भनिन्छ। आप्रवासन व्यक्तिको गतिशिलताको अधिकार (Right to mobility) को अभिन्न अंगका रुपमा लिने गरिएको छ भने श्रम आप्रवासन वर्तमान मानव विश्वको आर्थिक तथा सामाजिक वास्तविकता। बसोवासका लागि हुने आप्रवासनलाई बसाई सराईका रुपमा लिइन्छ भने रोजगारीका लागि गरिने आप्रवासनलाई श्रम आप्रवासन भनिन्छ। हालका दिनमा श्रम आप्रवासन संगठित रुपमा (Agency-managed) र असंगठित वा व्यक्तिगत (Unorganised or personally-managed) रुपमा गर्ने गरिएको छ। त्यसैगरी राज्यबाट प्रदान गरिने आप्रवासन सम्बन्धी सेवा-सुविधा सक्षम, व्यवस्थित र सहज नभएको, श्रमिकको माग र आपूर्ति व्यवस्थावीच सामन्जस्य नभएको , श्रम आप्रवासन सहयोगी कानूनी व्यवस्थाको अभाव रहेको आदि कारणले प्रलिखित (Documented) आप्रवासन भन्दा गैरकानूनी तथा अप्रलिखित


**वैदेशिक रोजगारीका लागि जाने नेपाली कामदारहरुको संख्या, रोजगारीको राष्ट्र र उनीहरुको सीपको अवस्थाका बारेमा विश्लेषण गर्ने हो भने झण्डै ७५ प्रतिशत अदक्ष कामदारका रुपमा मलेशिया र सउदी अरेविया जस्ता मुलुकमा गएका देखिन्छन्।**


(Illegal and undocumented) आप्रवासनको मात्रा बढ्दो पाइन्छ। अनियमित आप्रवासनले बेचबिखनलाई सघाउँदछ भने निषेधित आवत जावतले बेचबिखनका विभिन्न तरिका र माध्यम अपनाई ओसार-पसारमा पर्ने व्यक्तिलाई आपराधिक कार्यजालोको चंगुलमा पार्न सक्दछ। नियमित र व्यवस्थित ओसारपसारले व्यक्तिको क्षमता, सीप र ज्ञानको उपयोग गर्ने तथा आर्थिक एवं सामाजिक उपार्जन गर्ने अवसर प्रदान गर्दछ।

कामदार पठाउने मुलुक (Labour sending countries) र कामदार लिने मुलुक (Labour receiving countries) मा मानवअधिकार अनुकूलका व्यवस्थित श्रम आप्रवासनसम्बन्धी नीति र कानूनको अभावका कारण खासगरी एसियाली मुलुकमा आर्थिक क्रियाकलापको सशक्त आधारका रुपमा स्थापित हुँदै गइरहेको श्रम आप्रवासनप्रति सकारात्मक सोच र व्यवहारको विकास हुनसकेको छैन। एसियाका कतिपय विकसित राष्ट्र र पाश्चात्य मुलुकमा आप्रवासी कामदारको उपयोगबाट ती मुलुकले अर्थव्यवस्थामा हासिल गरेका सुधारले श्रम आप्रवासनलाई अर्थव्यवस्थाको मेरुदण्डका रुपमा स्थापित गरेको छ भने नेपाल, भारत, बंगलादेश, थाइल्याण्ड, श्रीलंका र फिलिपिन्सजस्ता मुलुकको अर्थतन्त्रमा मुख्य योगदानका रुपमा आप्रवासी कामदारले प्राप्त गरेको रोजगारी र त्यसबाट हुने मुद्रा विप्रेषण (Remittance) नै रहेको छ।

नेपालबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिको संख्या अघिल्ला बर्षको तुलनामा हालका दिनमा विभिन्न कारणले गर्दा निकै नै बढीरहेको कुरा उपलब्ध तथ्यांकले देखाएको छ। मुलुकमा पर्याप्त रोजगारीको अवसर नहुनु, न्यून रोजगारी र सामाजिक असन्तुष्टीको वाहुल्यता रहनु, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको आर्थिक सम्पन्नताको प्रभाव पर्नु, विदेशमा गई काम गर्ने कुरामा आकर्षित हुनु र सशस्त्र संघर्षबाट हुने बढ्दो विस्थापनका साथै आर्थिक र सामाजिक भूमण्डलीकरण तथा विश्वव्यापी खुला अर्थतन्त्र नै विकासोन्मुख मुलकबाट औद्योगिक र नवऔद्योगिक मुलुकमा प्रवाह हुने बढ्दो श्रम आप्रवासनका कारण हुन्। हालसम्म वैदेशिक रोजगारीका लागि जाने नेपाली कामदारहरुको संख्या, रोजगारीको राष्ट्र र उनीहरुको सीपको अवस्थाका बारेमा विश्लेषण गर्ने हो भने झण्डै ७५ प्रतिशत अदक्ष कामदारका रुपमा मलेशिया र सउदी अरेविया जस्ता मुलुकमा गएका देखिन्छन्। यससम्बन्धी विवरण देहायबमोजिम रहेको छ:

| देश | वर्ष २००२ | २००३ मा जम्मा कामदारको संख्या | प्रतिशत |
|---|---|---|---|
| बहराईन | ६९५ | ३१७१ | १.३ |
| ब्रुनाई | १३२ | १८३ | ०७ |
| हङकङ | ४८३ | १७५३ | .७२ |
| इजरायल | १२२ | २८५ | .१६ |
| कुवेत | ३७८ | २९८३ | १.२२ |
| मकाउ | ५० | ३५३ | ०.१५ |
| मलेशिया | ५२९२ | ६६४६४३ | २६.७१ |
| ओमन | ९६ | ३३६ | ०.१४ |
| कतार | १९८९५ | ५५२२२ | २२.८२ |
| दक्षिण कोरिया | १३१ | ३११९ | १.२९ |
| साउदी अरब | २१०९४ | ८३४५९ | ३४.४९ |
| स्पेन | ३८ | २४६ | ०.१ |
| युएई | ८४११ | २५६७२ | १०.६१ |
| अन्य | २८९ | ४८० | ०.२ |
| जम्मा | १०४७३९ | २४२००५ | १०० |

*Source: Department of Labour and Employment Promotion*

**अव्यवस्थित र विभेदपूर्ण श्रम आप्रवासन: बेचबिखनको कारकतत्व**

**कामदारको भर्ना र छनौटमा बेचविखनको जोखिम (Vulnerability at recruitment stage)**

- आर्थिक विपन्नताका कारणले हुने वित्तीय परनिर्भरता
- महिला कामदारका लागि समाज र परिवारको सहयोग प्राप्त नहुनु
- लैंगिक असमानता र विभेदपूर्ण व्यवहार कायम रहनु
- द्विपक्षीय श्रम सम्झौता हुन नसक्नु
- भरपर्दो सूचना र जानकारीको अभाव
- वैदेशिक रोजगारीमा पठाउने संस्था, एजेन्सीको संस्थागत क्षमता कमजोर हुनु
- आवश्यक भन्दा बढी शुल्क र खर्च व्यहोर्नुपर्ने अवस्था
- गलत प्रमाण र कागजपत्र
- सेवाको प्रकृति र कामको शर्त विपरीत काममा लगाउने प्रवृत्ति
- असुरक्षित प्रस्थान व्यवस्था
- कार्यतत्परताको अभाव र उपयुक्त किसिमको कार्यअभिमुखीकरण तालिम प्राप्त नहुनु

**कार्यस्थलमा हुने बेचविखनको जोखिम (Vulnerability in working and living abroad)**

- द्विपक्षीय श्रम सम्झौता हुन नसक्नु
- कार्यसंग सम्बन्धित सीप र दक्षताको अभाव
- कार्य मनोविमर्श सेवा र कानूनी सहायता उपलब्ध नहुनु
- कामसँग सम्बन्धित करारनामाको उल्लंघन र शर्तमा हुने परिवर्तन
- काम गर्ने वातावरण र बसाईको खराब अवस्था
- सामाजिक सुरक्षाको अभाव
- लैंगिक रुपले विभेदपूर्ण, असहयोगी र असहज अवस्था
- हिंसाजन्य र अनावश्यक झंझट र दु:ख दिने प्रवृत्ति
- स्वास्थ्य र सुरक्षासम्बन्धी खतराजन्य अवस्था
- काम गर्ने मुलुकमा श्रम कानूनको अभाव
- कार्यप्रवेश तालिमको अभाव
- वैदेशिक रोजगारीमा पठाउने संस्था, एजेन्सीको संस्थागत क्षमता कमजोर हुनु
- कामदारको अनुगमन गर्ने संयन्त्रको अभाव

**बेचबिखन र श्रम आप्रवासनसम्बन्धी प्रमुख सरोकारका विषय**

व्यवस्थित श्रम आप्रवासनले महिला र बालबालिकाको बेचबिखनको रोकथाम र नियन्त्रणका लागि महत्वपूर्ण योगदान गर्ने कुरामा विश्वस्त हुन सकिन्छ। मानव बेचबिखनको प्रमुख माध्यमका रुपमा आप्रवासनलाई आपराधिक कार्यसंजालले उपयोग गर्ने गरेको भएतापनि सोका आधारमा श्रम आप्रवासनलाई संकुचित गर्नाले मानवको गतिशीलता अधिकार, रोजगारीमा आत्म निर्णयको अधिकार र व्यवसायिक क्षमता विकास र उपयोगको अधिकारमा आघात पुग्न जाने हुन्छ। तसर्थ श्रम आप्रवासनलाई मानव बेचबिखन रोकथाम र नियन्त्रण, महिला र बालबालिकाको अधिकार संरक्षण, लैंगिक समानता र महिला सशक्तिकरण, उत्पादनशील र गुणत्मक वैदेशिक रोजगारी प्रबर्द्धन, मुलुकको आर्थिक विकास र संस्थागत क्षमता विकासका साथै दिगो र मानव हित सापेक्ष श्रम आप्रवासन व्यवस्था स्थापनाका लागि देहायका पक्षलाई प्रमुख सरोकारका विषयका रुपमा आत्मसात गर्नुपर्ने देखिन्छ :

- आप्रवासी कामदारसम्बन्धी दिगो नीति
- औपचारिक रुपले काममा नगएका महिलाको अधिकार संरक्षण
- श्रम ऐन र वैदेशिक रोजगार ऐन र आप्रवासी महिला कामदारको कार्यसक्षमताको विकास र अधिकारको संरक्षण
- द्विपक्षीय कूटनीतिक सम्झौताका आधारमा उत्पत्ति र रोजगारीका राष्ट्रहरुमा आवतजावत गर्ने आप्रवासी कामदारहरुका लागि आधारभूत सुरक्षाको प्रत्याभूति प्रदान गर्ने र उत्तरदायित्व सुनिश्चित गर्ने
- अनुगमन र मूल्यांकन व्यवस्था
- शाही नेपाली नियोगको जिम्मेवारी र क्षमता
- महिला कामदारको सशक्तिकरण
- सूचना प्रणालीको विकास र संचालन
- कार्यमूलक अध्ययन र अनुसन्धान
- आप्रवासी कामदारको उपयोग गर्ने मुलुकको जवाफदेही र जिम्मेवारी
- आप्रवासी कामदार र तिनका परिवारको अधिकार संरक्षण सम्बन्धी संयुक्त राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रीय श्रम संगठनका महासन्धिको अनुमोदन र

कार्यान्वयन
- आप्रवासी महिला तथा पुरुष कामदारबीचको भेदभाव
- सुरक्षित आप्रवासन तथा फिर्तासम्बन्धी कार्यको व्यवस्थापकीय पक्ष
- सीपयुक्त महिला जनशक्तिको विकास
- पूर्व प्रस्थान अभिमुखीकरण (कार्यगत र मनोबैज्ञानिक) तालिम
- सुरक्षित गमन व्यवस्था
- कार्य अनुगमन
- आपतकालीन सहायता र सहयोग
- कानूनी सहायता
- सुरक्षित रुपमा स्वदेश फिर्ता
- पुन:सामाजिकीकरण

**आप्रवासी कामदारको अधिकारसम्बन्धी विषय**
- काम गर्ने मुलुकको श्रम ऐन र कामदारको अधिकार संरक्षण
- पेशागत सुरक्षा र स्वास्थ्य
- सामाजिक सुरक्षा
- प्रजनन् स्वास्थ्य र सुरक्षा
- आप्रवासी महिला कामदारका बालबालिकाको अधिकारको विषय

**नेपालको श्रम ऐनमा भएका व्यवस्था र आप्रवासी कामदार**

अधिराज्यका विभिन्न क्षेत्रका प्रतिष्ठानमा कार्यरत कामदार तथा कर्मचारीहरुको अधिकार, हित, सुविधा र सुरक्षा सम्बन्धमा समयानुकूल कानूनी व्यवस्था गर्नका लागि वि.सं २०४९ सालदेखि श्रम ऐन, २०४८ लागू भएको हो। यसले विदेशमा रोजगारीका लागि जाने महिला तथा पुरुष श्रमिकहरुका सम्बन्धमा कुनैपनि व्यवस्था गरेको देखिँदैन। तापनि, स्वदेशभित्र शोषणयुक्त श्रम व्यवस्थाका कारण महिला तथा बालबालिकाको बेचविखन हुनसक्ने तथ्यलाई दृष्टिगत गर्दा नेपालको श्रम कानूनका बारेमा विश्लेषण गर्नु आवश्यक हुन्छ। यसै सन्दर्भमा नेपालको श्रम कानूनले महिला र बाल श्रमिकहरुको शोषणको रोकथाम र नियन्त्रणका साथै हक अधिकार र हित संरक्षणका लागि गरेका मुख्य-मुख्य व्यवस्था देहायवमोजिम प्रस्तुत गरिएको छ :

- चौध वर्षभन्दा मुनिका व्यक्ति बालबालिकाका रुपमा र १४ वर्ष र सो भन्दा माथि १६ वर्षभन्दा मुनिका व्यक्तिलाई नाबालकका रुपमा परिभाषित गरिएको छ।
- चौध बर्षभन्दा मुनिका बालबालिकालाई प्रतिष्ठानको कुनैपनि काममा लगाउन नपाइने र नावालकलाई प्रतिष्ठानको जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरिएको छ।
- महिला कामदारको विशेष संरक्षण अन्तर्गत कहिला कामदारलाई सामान्यतया बिहान ६ बजेदेखि बेलुकीको ६ बजेसम्ममात्र काममा लगाउन पाइने, शिशु स्याहार, सामाजिक सुरक्षा र स्वाथ्यसम्बन्धी व्यवस्था गरिएको छ।
- बलपूर्वक कसैलाई कुनैपनि काममा लगाउन नपाइने, कुनैपनि किसिमले शोषण र दुर्व्यवहार गर्न नपाइने व्यवस्था छ।

**नेपालको वैदेशिक रोजगार ऐन र आप्रवासी कामदार**

नेपालमा वैदेशिक श्रम आप्रवासनलाई नियमित र नियन्त्रित गर्नका लागि वि.सं. २०४२ सालमा वैदेशिक रोजगार ऐन र वि.सं. २०५४ सालमा बैदेशिक रोजगार नियमावली लागू गरिएको छ। ऐनको प्रस्तावनामा ऐन ल्याउनुको मुख्य उद्देश्यमा बैदेशिक रोजगारीलाई नियन्त्रण र व्यवस्थापन (Control and manage) भन्ने उल्लेख भएबाट यो कानून नियमनात्मक र नियन्त्रणात्मक कार्यशोच (Regulatory and Control framework) मा आधारित रहेको देखिन्छ। नेपाली आप्रवासी कामदारका सम्बन्धमा यस ऐनले गरेका प्रमुख व्यवस्था देहायबमोजिम रहेका छन् :

- श्री ५ को सरकारबाट इजाजत नलिई कसैले पनि वैदेशिक रोजगारसम्बन्धी संस्था संचालन गर्न नपाइने।
- विदेशमा कामदार पठाउने कार्य संचालन गर्नुअघि श्री ५ को सरकारबाट पूर्वस्वीकृति प्राप्त गर्नुपर्ने।
- बालबालिकालाई बैदेशिक रोजगारीमा पठाउन नपाइने।
- महिला कामदारलाई बैदेशिक रोजगारीमा पठाउनु अघि निजको अभिभावकको स्वीकृति लिनुपर्ने।
- बैदेशिक रोजगारीमा सबैको पहुँचका लागि सार्वजनिक सूचना तथा छनौटसम्बन्धी व्यवस्था।
- वैदेशिक रोजगारीमा पठाउने संस्थाले काममा पठाउनु अघि कामदारलाई कामदार र काममा लगाउने संस्थाबीच गरिने करारनामामा उल्लिखित सेवाको शर्त, तलब, काम गर्नुपर्ने समय, अवधि, सुविधासहित करारनामाको पूर्ण पाठका वारेमा जानकारी दिनुका साथै र त्यसबाट हुने लाभ र परिणामका बारेमा विस्तुत रुपमा जानकारी गराउनुपर्ने।
- बैदेशिक रोजगारीमा पठाउनु अघि संस्थाले काममा जाने मुलुकसम्बन्धी जानकारी कामदारलाई दिनुपर्ने।
- बैदेशिक रोजगारीमा पठाउनु अघि सम्बन्धित संस्थाले अन्तिम स्वीकृति लिनुपर्ने।
- बैदेशिक रोजगारीमा जाने व्यक्तिको अभिलेख र सूचना सम्बन्धित संस्थाले राख्नुपर्ने।
- बैदेशिक रोजगारीसम्बन्धी भएका कार्य , आप्रवासी कामदारको हकहित संरक्षण, गुनासो र उजुरीका विषयमा श्री ५ को सरकारले निरीक्षण र अनुसन्धान गर्ने व्यवस्था।
- काममा जाने मुलुकबाट प्राप्त भएको श्रम अनुमति तथा स्वीकृतिका आधारमा निजि रुपमा समेत बैदेशिक रोजगारीमा जानसक्ने व्यवस्था।
- श्री ५ को सरकार र सम्बद्ध पक्ष सहभागी भएको उच्चस्तरीय बैदेशिक रोजगार सल्लाहकार समितिको व्यवस्था।
- श्री ५ को सरकारले संस्थागतरुपमा नेपाली कामदार पठाउने मुलुक खुल्ला गर्नसक्ने र सोको सार्वजनिक सूचना गर्ने।

बैदेशिक रोजगारीसम्बन्धी कानूनले महिला कामदारमाथि लगाएको बन्देजका कारण नेपाली महिला गैरकानूनी रुपमा व्यक्तिगत जोखिमका साथै विभिन्न आपराधिक समूहको सहयोग लिई गइरहेका छन् र यस विषयलाई नागरिक समाज र अन्तर्राष्ट्रीय विकास समुदायले महत्वका साथ उठाइरहेका छन्।

त्यसैगरी वैदेशिक रोजगारीमा जाने आप्रवासी नेपाली कामदारको सुविधा र हितसँग नेपालको अध्यागमन व्यवस्था तथा राहदानी व्यवस्था महत्वपूर्ण देखिएतापनि नेपालको अध्यागमन ऐन र नियमावली तथा राहदानी ऐनमा वैदेशिक रोजगारी वा श्रम आप्रवासन सहजीकरणका बिषयमा कुनैपनि प्रावधान र व्यवस्था समावेश गरिएको देखिँदैन।

**आप्रवासी कामदार महिलाको बेचबिखन तथा शोषणको रोकथामका लागि गर्नुपर्ने व्यवस्था**

नेपाली महिला कामदारको आवश्यकता र विश्व श्रम बजारमा विकसित मागका आधारमा बैदेशिक रोजगारी र श्रम आप्रवासन व्यवस्थालाई व्यवस्थित, अधिकार सापेक्ष, जवाफदेहीपूर्ण र सहभागितामूलक एवं गुणात्मक तुल्याउनका लागि र श्रम आप्रवासनलाई मानव बेचबिखनको चंगुलबाट मुक्त तुल्याउन देहायबमोजिमका नीतिगत र कानूनी व्यवस्था अपरिहार्य भइसकेको छ :

**नीतिगत व्यवस्था**

सुरक्षित र मानवोचित श्रम आप्रवासन व्यवस्था गरी महिला र बालबालिकाको बेचबिखनको रोकथाम र नियन्त्रण गर्नुका साथै श्रम आप्रवासनलाई महिला अधिकार र लैंगिक समानता प्रबर्द्धनको संयन्त्रका रुपमा स्थापित र मान्य तुल्याउन देहायका पक्ष समेट्ने गरी नीतिगत व्यवस्था अपनाउन जरुरी देखिएको छ :

- आप्रवासन तथा बैदेशिक रोजगारी प्रर्द्धनसम्बन्धी विशेष नीति
- महिला कामदारको सशक्तिकरण नीति
- सामाजिक जागरण र सचेतना
- सूचना र शिक्षा
- सीप विकास
- कार्यगत र मनोबैज्ञानिक अभिमुखीकरण
- विशेष संरक्षणात्मक व्यवस्था
- वित्तीय सहयोग
- अनुगमन
- कानूनी सहायता र परामर्श
- सामाजिक पुन:एकीकरण सेवा
- महिला कामदारको अधिकार संरक्षण र श्रमसम्वन्धी मापदण्ड
- सामुदायिक जागरण र परिचालन
- वित्तीय सहायता तथा व्यवस्थापकीय सहयोग
- अनालेखित कामदारको औपचारिकीकरण

**बैदेशिक रोजगारीसम्बन्धी कानूनले महिला कामदारमाथि लगाएको बन्देजका कारण नेपाली महिला गैरकानूनी रुपमा व्यक्तिगत जोखिमका साथै विभिन्न आपराधिक समूहको सहयोग लिई गइरहेका छन् र यस विषयलाई नागरिक समाज र अन्तर्राष्ट्रिय विकास समुदायले महत्वका साथ उठाइरहेका छन्।**

**त्यसैगरी वैदेशिक रोजगारीमा जाने आप्रवासी नेपाली कामदारको सुविधा र हितसँग नेपालको अध्यागमन व्यवस्था तथा राहदानी व्यवस्था महत्वपूर्ण देखिएतापनि नेपालको अध्यागमन ऐन र नियमावली तथा राहदानी ऐनमा वैदेशिक रोजगारी वा श्रम आप्रवासन सहजीकरणका बिषयमा कुनैपनि प्रावधान र व्यवस्था समावेश गरिएको देखिँदैन।**

- बैदेशिक रोजगारीलाई व्यवस्थित र गुणात्मक तुल्याउने गरी संस्थागत क्षमता विकास
- सरकारी निकाय
- व्यवसायिक संस्था
- कूटनीतिक नियोग
- नागरिक समाज
- कामदार पठाउने र कामदार उपयोग गर्ने मुलुकवीच आप्रवासन श्रमसम्वन्धी आपसी सम्झौताको व्यवस्था
- नागरिक समाजको परिचालन
- अन्तर्राष्ट्रिय सहयोग परिचालन

**कानूनी व्यवस्था**

व्यवस्थित, भरपर्दो र सक्षम श्रम आप्रवासनका लागि कानूनी व्यवस्था गरी महिला र बालबालिकाको बेचविखनको रोकथाम र नियन्त्रण गर्नुका साथै श्रम आप्रवासनलाई महिला अधिकार र अन्तर्राष्ट्रिय कानूनसापेक्ष तुल्याउनुका साथै कानूनको कार्यान्वयन पक्षलाई सक्षम र सुदृढ तुल्याउन देहायका पक्ष समेट्ने गरी कानूनी व्यवस्था गर्न आवश्यक देखिन्छ :

- आप्रवासी महिला कामदारको बेचबिखन र शोषणको रोकथाम तथा नियन्त्रणका लागि एकीकृत कानूनी व्यवस्था
- बैदेशिक रोजगारीमा संलग्न संस्था ÷एजेन्सीहरुको प्रभावकारी नियमन र परिचालन
- सरकार-व्यवस्थित बैदेशिक रोजगार व्यवस्था (Government -managed system)
- एजेन्सी व्यवस्थित (Recruiting agency-managed system)
- व्यक्तिगत प्रयास (Personally -managed system)
- काममा लगाउने संस्थाद्वारा व्यवस्थित (Employer-managed system)
- आप्रवासी कामदारको मानवअधिकार तथा श्रमसम्बन्धी न्यूनतम मापदण्ड
- कामदार पठाउने र कामदार उपयोग गर्ने मुलुकबीच आप्रवासन श्रमसम्बन्धी आपसी सम्झौताको व्यवस्था
- आप्रवासी कामदार र तिनका परिवारको अधिकार संरक्षण, सामाजिक सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा अनुमोदन तथा कार्यान्वयन
- प्रभावकारी अनुगमन तथा मूल्यांकन
- बिमा र क्षतिपूर्तिको व्यवस्था
- सूचना प्रणालीको अनिवार्यता
- शाही नेपाली नियोगमा संस्थागत संयन्त्रको स्थापना र क्षमता विकास
- कार्य तथा मनोबैज्ञानिक अभिमुखीकरण र पेशागत सीप अभिवृद्धिको अनिवार्य व्यवस्था।

# ढाकामा सम्पन्न दक्षिण एसियाली महिला अदालत संक्षिप्त जानकारी




**महिला बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एट्वीन)**

गत साउन २५ देखि २८ गते तदनुसार अगष्ट १० देखि १३ सम्म बंगलादेशको राजधानी ढाकामा महिला बेचबिखन र एच.आई.भी. एड्स विषयमा केन्द्रित दक्षिण एसियाली महिला अदालत सम्पन्न भयो। उक्त कार्यक्रमको सारांश प्रस्तुत गरिएको छ।

१. महिला अदालतको पृष्ठभूमि र विगतका महिला अदालतहरुको जानकारी
२. दक्षिण एसियाली महिला अदालतका लागि राष्ट्रिय तयारी
३. ढाकामा सम्पन्न भएका कार्यक्रमहरुको जानकारी
   - प्रभावितहरुको भनाइ (Testimony) का लागि तयारी
   - विभिन्न विषयहरुमा गोलमेच बैठक (Round table meeting)
   - कालो पहिरनमा महिलाहरु
   - महिला अदालत (प्रभावितहरुको आवाज सुनुवाई, साक्षीको मन्तव्य, जुरीको मन्तव्य र जुरीको तर्फबाट १२ बुँदे निर्णय सहितको वक्तव्य)
   - कार्यक्रमको मूल्यांकन, सुझावहरु संकलन
   - पत्रकार सम्मेलन
४. संयुक्त राष्ट्रसंघका उच्च आयुक्तबाट प्राप्त ऐक्यबद्धता वक्तव्य
५. आगामी दिनका लागि सुझावहरु र कार्ययोजना
६. सञ्चारकर्मीहरुको भूमिका

**१ महिला अदालतको पृष्ठभूमि र विगतका महिला अदालतहरुको जानकारी**

**१.१. महिला जनअदालत के हो ?**

- महिला जनअदालत एक विशेष प्रकारको सार्वजनिक थलो हो।
- प्रभावित समूह-व्यक्ति स्वयंले आफ्ना मुद्दाहरु उजागर गर्ने प्रक्रिया हो।
- प्रभावित स्वयम् संगठित भई सार्वजनिक रुपमा उभिएर आफ्ना समस्या राख्ने, समस्या मार्फत समाजलाई चुनौति दिने र तिनको समाधानका लागि समाजलाई सोच्न र केही गर्नका लागि बाध्य पार्ने महत्वपूर्ण अवसर पनि हो।
- यो विभिन्न हिंसाबाट प्रभावित समूह-व्यक्ति स्वयंले आफ्ना मुद्दाहरु उजागर गर्ने प्रक्रिया हो।
- यहाँ महिला अधिकारवादी र प्रभावित समूह-व्यक्ति र सहयोगी निकाय मिलेर रणनीति तय गरिन्छ।
- महिलाविरुद्ध हुने हिंसाका विरुद्ध तथा महिला अधिकारका सवालमा कार्यरत अभियानकर्ताहरुले आफ्नो अभियानको समीक्षा र यी सवालमा अझ बढी संगठित हुने तरिका पनि हो।
- यसको महत्वपूर्ण पक्ष भनेको समस्या विश्लेषण र रणनीति तय गर्न प्रभावित व्यक्ति-समूहको सक्रिय सहभागिता र नेतृत्वदायी भूमिका रहनु हो।

**१.२. महिला अदालतको पृष्ठभूमि**

एसियाली महिला मानवअधिकार परिषद (एडब्लुएचआरसी) ले सन् १९९१ मा दक्षिण कोरियाको सियोलमा महिलामाथि भइरहेको हिंसा, उत्पीडनलाई अन्त्य गर्न सशक्त र संगठितरुपमा नयाँ ढंगबाट सामुहिक दबाब सृर्जना गरी राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय नीति र सोचहरुमा परिवर्तन गर्नका लागि महिला अदालत (Women's Court) को परिकल्पना गरेको हो। राज्यका नीति नियम, कानून र ऐनहरु नागरिकहरुका लागि वास्तविकरुपमा कामयावी हुन नसक्नु र वास्तविक पीडितहरुले तिनबाट राहत महसुस गर्न नपाउनु, उदारीकरण र नीजिकरणका नाममा नागरिकप्रति राज्यको दायित्व साँघुरिदै जानु तथा नागरिकहरु र खासगरी महिलाहरु झन्-झन् असुरक्षित हुँदै जानुले महिला अदालतको आवश्यकता महसुस गरायो।

त्यसैगरी वर्तमान राज्य संरचना र यसका न्यायिक संयन्त्रहरु पितृसत्तात्मक दृष्टिकोणबाट परिभाषित र महिलाहरुका समस्याप्रति संवेदनशील नरहेको अवस्थामा खासगरी राज्यको न्यायप्रणालीलाई महिलावादी दृष्टिकोणबाट विश्लेषण गर्ने उद्देश्य यो महिला अदालतको एउटा महत्वपूर्ण पक्ष हो। यसरी एकातिर आम महिलाहरुले पितृसत्तात्मक सामाजिक संरचनाका कारण भोग्नुपरेका समस्या र दोस्रो दर्जाको जीवन बिताउनु परेको छ भने महिला बेचबिखनबाट प्रभावितहरुको हकमा त सामाजिक बहिष्कार, आफ्नै राज्यभित्र नागरिकता विहिनताको स्थिति, जीवन निर्वाहका लागि कठिनाई र मानसिक पीडा

जस्ता असमानता, यातना र पीडायुक्त जीवन जीउनुपर्ने बाध्यता छ। यस्तो अवस्थालाई सामुहिकरुपमा दवाब सृर्जना गरी महिला उत्पीडन जस्ता समस्या महिलाका मात्र नभई सामाजिक अपराध हुन् भनी सार्वजनिकीकरण गर्न, सामूहिक दवाब सृर्जना गरी परिवार, समाज र राज्यलाई बढी जिम्मेवार बनाउनु महिला अदालतको लक्ष्य हो।

यहाँ महिला अदालत भन्नाले सांकेतिक रुपमा बुझ्नु जरुरी छ। यो सरकारद्वारा मान्यता प्राप्त कुनै औपचारिक अदालत होइन। बरु यो एउटा वैकल्पिक अदालतको अवधारणा हो, जसले राज्यका कमजोर र असक्षम अदालतहरुलाई चुनौती दिने कार्य गर्दछ। त्यस्तै जुरीको अवधारणा पनि संसारका विभिन्न मुलुकका न्यायप्रणालीमा विद्यमान गम्भीर प्रकृतिका फौजदारी अपराधका अभियुक्तहरु दोषी हुन् कि होइनन् भनी किटान गर्न जनसमुदायबाट छानिएका स्वतन्त्र व्यक्तिहरुको समूहले अदालतमा अभियोगसम्बन्धी सबै कुरा सुनेपछि निर्णय दिने परम्पराबाट अनुकरण गरिएको हो। यसले मुख्य रुपमा सजाय तोक्ने नभई कुनै अभियुक्तको कुनै खास कार्य अपराध हो कि होइन भन्ने घोषणा गर्दछ, जसमा राज्य पनि पर्दछ।




एट्वीन सदस्य संस्था शक्ति समूहले दक्षिण एशियाली महिला अदालतमा **हाम्रो अधिकार** नाटक प्रदर्शन गर्दै

सन् १९९३ देखि हालसम्म एडब्लुएचआरसीले (१७ वटा महिला अदालत) राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा गरिसकेको छ। ती अदालतहरुमा महिला बेचबिखन, धार्मिक उत्पीडन, जातीय विभेद, आदिवासी महिलाका सवाल, शरणार्थी महिलाका समस्या र उदारीकरण र विश्वव्यापीकरणको नकारात्मक प्रभाव आदि विषयलाई समेटिएका छन्। ती हुन् :

| क्र.सं. | मिति | देश | विषय |
|---|---|---|---|
| १. | १९९३ | पाकिस्तान | महिलामाथि हुने हिंसा |
| २. | १९९४ | जापान | युद्ध अपराध तथा महिला बेचबिखन |
| ३. | १९९४ | भारत | दलित महिलाविरुद्ध अपराध |
| ४. | १९९४ | इजिप्ट | महिलासँग सम्बन्धित जनसंख्या नीतिसम्बन्धी अन्तर्राष्ट्रिय सार्वजनिक सुनुवाई |
| ५. | १९९५ | भारत | महिला र विकास सम्बन्धमा एशिया प्रशान्त क्षेत्रीय सार्वजनिक सुनुवाई |
| ६. | १९९५ | नेपाल | बेचबिखन सम्बन्धमा महिला अदालत |
| ७. | १९९५ र १९९८ | ब्युट र लेबनान | महिलाविरुद्ध हिंसा सम्बन्धमा अरबीयन महिला अदालत |
| ८. | १९९५ | चीन | महिलाविरुद्धका अपराध सम्बन्धमा अन्तर्राष्ट्रिय सार्वजनिक सुनुवाई |
| ९. | १९९८ | लेबनान | महिलाविरुद्धका कानूनी हिंसा सम्बन्धमा अरबीयन महिला अदालत |
| १०. | १९९९ | अक्ल्याण्ड, ओटोरिया | आदिवासी महिलाहरुका समस्या सम्बन्धमा प्रशान्त क्षेत्रीय महिला अदालत |
| ११. | १९९९ | केन्या | गरिबी र महिला सम्बन्धमा अफ्रिकाली महिला अदालत |
| १२. | १९९९ | मोरक्को | सशस्त्र द्वन्द्व, सशस्त्रीकरण, युद्धबाट महिलामा परेको हिंसा सम्बन्धमा महिला मञ्च |
| १३. | २००१ | दक्षिण अफ्रिका | युद्धविरुद्ध र शान्तिका लागि विश्व महिला अदालत |
| १४. | २००१ | दक्षिण अफ्रिका | जातीयताविरुद्धको अन्तर्राष्ट्रिय महिला अदालत |
| १५ | २००१ | अष्ट्रेलिया | आदिवासी तथा शरणार्थी महिलासम्बन्धी महिलाको मानवअधिकार अदालत |
| १६. | २००२ | क्युबा | आर्थिक नाकाबन्दी सम्बन्धमा अन्तर्राष्ट्रिय महिला अदालत |
| १७. | २००३ | बंगलादेश | महिला बेचबिखन र एचआइभी एड्स सम्बन्धमा दक्षिण एसियाली महिला अदालत |

### १.३. महिला अदालतको खाका

**१. प्रभावित व्यक्तिहरु**: प्रभावित महिलाहरुले सार्वजनिकरुपमा आफ्ना पीडा र अनुभवहरु व्यक्त गर्दछन्। जसले सवालगत रुपमा उनीहरुले आफ्नो मात्र नभई समाजमा रहेका थुप्रै पीडितहरुको प्रतिनिधित्व गर्दछन्। यसमा महिलालाई दोहोरो प्रश्न गर्ने, उनको अनुमति बेगर फोटो खिच्ने र सरकारी अदालतमा जस्तो आत्मसम्मानमा चोट पुग्ने काम कसैले पनि गर्न पाउँदैन, जसले गर्दा प्रभावित पक्षलाई आफ्ना समस्या राख्ने सहज वातावरण बन्छ।

**२. साक्षी**: सम्बन्धित सवालमा लामो समयसम्म अभियान चलाएका व्यक्तिहरुले प्रभावित व्यक्तिको भनाईप्रति विश्लेषणात्मक ऐक्यबद्धता जनाउछन्। यसले प्रभावित व्यक्तिको भनाइको पुष्टि हुन्छ र बयान दह्रो हुन्छ।

**३. जुरी (Jury)**: राज्यको न्यायिक प्रणाली, सामाजिक विश्लेषण र मानवअधिकारको क्षेत्रमा अनुभव प्राप्त गरेका व्यक्तिहरुको बेञ्च हो। यस बेञ्चले पीडितको बयान र साक्षीको भनाई सुनेर आफ्नो मन्तव्य दिन्छ। यस्ता मन्तव्यहरुको संयोजन गरी, सवालको जटिलतालाई महसुस गरी जुरीका सदस्यहरुले सामुहिक अवधारणा तयार गर्दछन्। यी अवधारणाहरुले आगामी दिनमा गरिने अभियानका लागि रणनीति तय गर्न सहयोग पुऱ्याउदछन्।

### २. दक्षिण एसियाली महिला अदालतका लागि राष्ट्रिय तयारी

दक्षिण एसियास्तरमा बेचबिखन र एच. आइभी एड्स विषयमा केन्द्रित महिला अदालतको तयारीका लागि यस क्षेत्रका देशहरुमा राष्ट्रियस्तरमा पनि तयारी गरिएका थिए। कतिपय देशबाट राष्ट्रिय तहमा महिला अदालतको अभ्यास गरेर तिनै अदालतमा सहभागी भएका मध्ये प्रभावितहरु नै क्षेत्रीय महिला अदालतमा सहभागी भएका थिए भने कतिपय देशहरुमा बेचबिखनका सवालमा अन्तर्क्रिया, गोष्ठी, पत्रकार भेटघाट आदि प्रक्रिया अवलम्बन गरिएका थिए। बेचबिखन र यससँग गाँसिएका हिंसाबाट प्रभावितहरु, जो आफूलाई परेको पीडा त्यहा गएर राख्नका लागि सहमत छन्, उनीहरुलाई उक्त महिला अदालतमा प्रतिनिधित्व गर्न सहजकरण गरिएको थियो। विभिन्न देशबाट बेचबिखनबाट प्रभावितहरुमा पनि कुन खाले हिंसाबाट बढी प्रभावित भएका हुन्, त्यसको वर्गीकरण गरी आयोजकलाई जानकारी गराइएको थियो। सोही वर्गीकरण अनुसारका एक-एक जना प्रभावितहरु उक्त महिला अदालतमा आफ्नो भनाई राख्न उपस्थित भएका थिए। उनीहरुले त्यसखाले हिंसामा परेका थुप्रै अन्य पीडितहरुको प्रतिनिधित्व गरेका थिए।

नेपालबाट बेचबिखनबाट प्रभावित व्यक्तिहरु, बेचबिखनका विरुद्ध कार्यरत संस्थाहरु, सञ्जाल तथा सञ्चारकर्मी गरी जम्मा २५ जनाको समूहले उक्त कार्यक्रममा भाग लिएको थियो। नेपालमा उक्त महिला अदालतको सन्दर्भलाई लिएर राष्ट्रिय तहमा अन्तर्क्रिया र पत्रकार सम्मेलनको आयोजना गरिएको थियो।

### ३. ढाकामा सम्पन्न भएका कार्यक्रमहरुको जानकारी

#### ३.१. प्रभावितहरुको भनाईका लागि तयारी

१० अगष्ट: प्रभावितहरुले आफ्ना भनाईहरु व्यक्त गर्नका लागि पूर्व तयारी गर्ने र उनीहरुलाई कार्यक्रम स्थल र कार्यक्रमको प्रक्रियाबारे जानकारी गराइएको थियो।

#### ३.२. विभिन्न विषयमा गोलमेच बैठक

११ अगष्ट: यस अघिका महिला अदालतबाट सिक्दै, यस महिला अदालतमा बेचबिखनसँग सम्बन्धित निम्न विषयहरुमा अवधारणात्मक स्पष्टता बढाउने खालका गोलमेच बैठकहरु गरिएका थिए। विभिन्न देशका यी सवालमा कार्यरत व्यक्तिहरुले यी विषयहरुमा सहजकरण गरेका थिए।

- बेचबिखनका विभिन्न स्वरुपहरु,
- विश्वव्यापीकरण, गरिबी, बसाइसराइ, र जातीय विभेद
- सैनिकीकरण, युद्ध र सशस्त्र द्वन्द्व
- मानव अधिकार र महिला बेचबिखन
- समाधानतर्फ महिलावादी प्रयासहरु
- सञ्चारको भूमिका

#### ३.३. कालो पहिरनमा महिलाहरु कार्यक्रम प्रदर्शन

बंगलादेशको संसद भवनको अगाडी दक्षिण एसियाका विभिन्न देशहरु र अन्य क्षेत्रका सहित करिब २ हजार महिलाहरुले कालो पहिरनमा एक घण्टा उभिएर बेचबिखन विरुद्धको अभियान प्रदर्शन गरेका थिए। साँझको समयमा आयोजित उक्त कार्यक्रमका सबै सहभागीले दियो बालेर यस अभियानमा सामुहिक रुपमा अघि बढ्ने संकेत गरेका थिए।

#### ३.४. महिला अदालत

१२ अगष्ट : यस कार्यक्रमको मुख्य केन्द्र पनि यसै दिन थियो। बंगलादेशको ढाकामा अवस्थित बंगलादेश-चीन मैत्री भवनमा करिब १५ सय जना श्रोताहरुको माझमा दक्षिण एसियाका नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंकाका ४० जना प्रभावितहरुले आफ्नो भनाइ राखेका थिए। बंगलादेशका मन्त्रीहरु लगायत् राज्यका प्रतिनिधिहरु, विभिन्न अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरु, महिला अधिकारका क्षेत्रमा कार्यरत नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न सामुहिक हितका लागि कार्यरत संघसंस्थाका प्रतिनिधिहरु र बेचबिखनबाट प्रभावितहरुले उक्त हल खचाखच भरिएको थियो। मञ्चको एक छेउमा ६ जना जुरीको बेञ्च थियो। मञ्चको अर्को छेउबाट प्रभावितहरुले आफ्नो भनाइ राख्ने र साक्षीले उक्त भनाईलाई थप पुष्टि गर्ने गरी कार्य




बंगलादेशमा भएको कालो पहिरनमा महिला कार्यक्रममा एट्वीनका तर्फबाट सहभागिताको एक दृश्य

तालिका मिलाइएको थियो। कार्यक्रम अनौपचारिक रुपमा सञ्चालन गरिएको थियो। सातवटा द्वीप प्रज्ज्वलन गरेर कार्यक्रमको आरम्भ गरिएको थियो। कुनै अतिथिको व्यवस्था थिएन। कार्यक्रम सञ्चालकले मञ्चमा नबसकिनै कार्यक्रमको सञ्चालन गरेका थिए। प्रभावितहरुलाई उनीहरुको इच्छा अनुसार खुला रुपमा वा पर्दाभित्र बसेर बोल्न सकिने व्यवस्था गरिएको थियो भने सञ्चारकर्मीहरुलाई पनि प्रभावित व्यक्तिको स्वीकृतिमा मात्र फोटो खिच्न पाउने व्यवस्था गरिएको थियो। कार्यक्रमलाई विषयवस्तुसँग जोड्न र विषयगत थप जानकारी र पुष्टिकालागि बेचबिखनसँग सम्बन्धित घटनाहरुका भिडियो टेष्टिमोनीहरु बिचबिचमा प्रस्तुत गरिएका थिए। यो कार्यक्रम बिहान ९.०० बजेदेखि बेलुका ९.०० बजेसम्म सञ्चालन भएको थियो। यस दिनको शत्रलाई ६ भागमा विभाजन गरिएको थियो।

**पहिलो शत्र: बेचबिखनका विभिन्न स्वरुपहरु,**

- उंट दौडका लागि गरिने बेचबिखन,
- घरेलु कामका लागि बेचबिखन
- दासतापूर्ण व्यवहार-बाल बेचबिखन
- विवाहका नाममा बेचबिखन
- बलजफती धर्मपुत्र-पुत्रीका रुपमा ग्रहण गर्ने
- जबर्जस्ती बेश्यावृत्तिका लागि बेचबिखन

**दोस्रो शत्र: विश्वव्यापीकरण, गरिबी, बसाइसराइ, र जातीय विभेदको बेचबिखनसँग सम्बन्ध**

- प्रवासी कामदार
- गार्मेण्ट कारखाना
- गलैचा उद्योग

**तेस्रो शत्र : सैनिकीकरण, युद्ध र सशस्त्र द्वन्द्व र बेचबिखन**

- शरणार्थी
- सैनिकीकरण, जबर्जस्ती बेश्यावृत्ति

**चौथो शत्र: मानवअधिकार र महिला बेचबिखन**

- पुलिस हिरासतमा बलात्कार
- जबर्जस्ती एचआईभी जांच
- जबर्जस्ती स्वदेश फर्काइनु
- नागरिकताका लागि संघर्ष गर्नुपर्ने
- पुलिसले गर्ने हिंसा
- सामाजिक बहिष्कार, सहयोगी समूहहरुको पनि नकारात्मक भूमिका हुनु

**पाँचौ शत्र: समाधानतर्फ महिलावादी प्रयासहरु**

- आफ्नै तर्फबाट प्रयास (Resisting from within self regularotry boards)
- खाद्य सुरक्षा प्रतिरोधको एक उपाय-नयाँ कृषि आन्दोलन
- यौन व्यवसायमा संलग्न महिलाहरुको संलग्नतामा नागरिक समाजको सञ्जाल
- हिजडाहरुलाई गरिने हिंसा र यसका विरुद्ध प्रतिरोध
- पुन: एकीकरण र सहयोग
- जनजीविकामा पुर्न: सृर्जना
- पर्यटनका लागि सामुदायिक प्रतिरोध
- सञ्जाल र सहकार्य
- "खोइ कहाँ छ हाम्रो अधिकार" नाटक, शक्ति समूहका तर्फबाट

बेचबिखन कति अमानवीय, कठोर, निन्दनीय र संगठित जालो रहेछ, यसले एउटा निर्दोष व्यक्तिको जीवनलाई कुन हदसम्म बर्बाद गर्दछ भन्ने साँचो प्रमाण त्यहा प्रस्तुत भएका स्वयं पीडितहरुको भनाई र उनीहरुको प्रस्तुतिले गरेको थियो।

उक्त महिला अदालतमा नेपालबाट सहभागी भएका प्रभावित व्यक्तिहरुले मुख्य रुपमा उठाएका सवालहरु निम्नलिखित छन्:

- बेचिएकै कारणले गर्दा नागरिकता पाउन नसक्ने, धेरै संघर्ष गर्नु पर्ने जस्ता समस्याहरु प्रभावित व्यक्तिहरुले भोग्नु परेको छ।
- पुनर्स्थापना भित्र विभिन्न किसिमको व्यवहारहरु भोगेका साथीहरुको अनुभवमा होस्टेल वार्डेनले कुट्ने, पिट्ने, कुनै आफन्त केटा मान्छेसँग बोल्न नहुने यदि बोल्यो भने विभिन्न शब्दले गाली गर्ने, कुरा काट्ने आदि थियो तर अहिले केहि कमी भएको होला।
- उद्धार गर्दाको समस्या
- इन्डियाको महाराष्ट्रका प्रहरीहरुले विभिन्न खालको व्यवहार गर्ने, गाली बेईज्ती गर्ने, राम्रा र सानो उमेरका बहिनीहरुलाई पैसा खाएर पुन: कोठीमा पठाउने गरेको पनि साथीहरुको अनुभवमा थियो।
- संचारकर्मीहरुले प्रभावित व्यक्तिहरु हुन भन्ने थाहा पाउनासाथ खेदो गर्ने, यो कुरा नलेखिदिनु भन्यो भने झन् त्यस कुरालाई बढाई चढाई गरी छाप्नेसम्म थियो तर अहिले यसमा धेरै सुधार आएको छ।
- एचआईभी एड्स बेचिएर आएका महिलाहरुले सार्ने गर्छन् भन्ने सोचाई थियो तर हामीले भुलेका रहेछौं कि एचआईभी एड्स बेचिएका महिलाले मात्र होइन कामको लागि भनेर बाहिर जाने केटा मान्छेहरुले सारेर आउने र घरको श्रीमतीलाई समेत सार्ने, साथै लागु पदार्थ सेवन गर्नेहरुबाट पनि हुन्छ।
- बेचिएकै कारणले गर्दा समाजले बहिस्कार गर्ने, समाजले बहिस्कार गरेपछि परिवारले बहिस्कार गर्ने, धार्मिक स्थलमा छुन नहुने तर उसले कमाएको पैसाले किनेको सामान चढाउन हुने इत्यादी कुराहरुले गर्दा प्रभावित व्यक्तिहरु अझै प्रभावित भएका छन्।

**छैठौं शत्र**

यस सत्रमा माथिका पाँचवटा विषयगत शत्रहरुमा सुनिएका भनाईहरुका आधारमा जुरीको बेन्चमा रहेका व्यक्तिहरुले मन्तव्य व्यक्त गरेका थिए। जुरीको भनाईको रुपमा जुरी मध्येकै एक जनाले १२ बुँदे निचोडहरु प्रस्तुत गर्नु भएको थियो। जुन यसप्रकार छ:

१. महिलाहरुको बेचबिखन र महिलाविरुद्ध हुने अन्य प्रकारका हिंसाहरुको एउटा मूल कारणको रुपमा रहेको पितृसत्तात्मक संस्कृतिको पूर्ण उन्मूलनका निमित्त स्थानीय तहमा गुणात्मक शिक्षाका निमित्त निरन्तर ध्यान दिनु आवश्यक छ।

२. बेचबिखनमा परेका महिलाहरु, जो आफैमा पीडित हुन्, उनीहरुलाई कुनै पनि अवस्था र तहमा आपराधीकरण गरिनुहुन्न। बरु, उनीहरुलाई उनीहरुकै सल्लाहअनुसार मानवीयरुपमा पुनर्स्थापित गरिनुपर्दछ। राज्यहरुले पीडितलाई विना शर्त उचित क्षतिपूर्ति दिनुपर्दछ।

३. दोषीलाई कडा कानूनी सजाय हुन पर्दछ तर कडा सजायका नाममा कुनै पनि अवस्थामा मृत्युदण्डको जुरी विरोध गर्दछ।

४. यस क्षेत्रका सरकारहरुले एचआईभी-एड्सका साथ बाँचिरहेका मानिसहरुलाई बाध्यात्मक रुपमा परीक्षण र अपराधीकरण गर्नुहुँदैन। राज्यले तल्लो तहमा एन्टीरेक्टो भाइरल औषधि नि:शुल्क उपलब्ध गराउनुपर्दछ।

५. बेचबिखन र एचआईभी-एड्स गरिबीको

हिंसासँग एकदमै सम्बन्धित छन्। यसलाई मानवअधिकारसम्बन्धी दृष्टिकोणबाट हेरिनुपर्दछ।

६. बेचबिखन र एचआईभी-एड्स बजारमुखी अर्थतन्त्रसँग गाँसिएको मुद्दा हो।

७. बसाइसराइ र बेचबिखनसम्बन्धी ऐन कानूनहरु अन्तर्राष्ट्रिय आवागमन नियन्त्रणका लागि प्रयोग गरिनु हुँदैन। महिलाहरुको घुमफिरको अधिकारमाथि कुनै पनि बहानामा हुने नियन्त्रणप्रति जुरी सहमत छैन।

८. बेचबिखन र एचआईभी-एड्सको नियन्त्रणका नाममा एक राज्यले अर्को राज्यको सार्वभौमसत्तामा हस्तक्षेप गर्न पाइदैन। यस्तो कार्य अन्तर्राष्ट्रिय कानुन र प्रजातान्त्रिक सिद्धान्तहरुको विपरीत हुन्छ।

९. संयुक्त राज्य अमेरिकाका घरेलु कानुनहरुको कुनै अर्न्तराष्ट्रिय वैधता छैन। त्यसैले बेचबिखनबाट पीडितहरुको संरक्षणसम्बन्धी ऐन (The Trafficking Victims Protection Act, 1999) लाई कुनै पनि राज्यको अधिकार तथा संयुक्त, राष्ट्रसंघलाई कमजोर बनाउने गरी अन्तर्राष्ट्रिय रुपमा प्रयोग गरिनुहुन्न।

१०. दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का अभिसन्धिमा बेचबिखनका दोषीहरुको पुर्पक्ष र सजायका लागि अन्तरदेशीय क्षेत्राधिकारलाई समावेश गरिनुपर्दछ। बेचबिखनको परिभाषालाई वेश्यावृत्तिमा मात्र संकुचित गरिनुहुन्न।

११. महिला अदालत र अन्य यस्तै अभ्यासहरुलाई दायित्व स्थापित गर्न तथा विद्यमान न्यायप्रणालीमा सुधार गर्नका लागि राष्ट्रिय तथा स्थानीय तहमा समेत अनुकरण गरिनुपर्दछ।

१२. जुरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको अनुमोदनका लागि अनुरोध गर्दछ तथा दक्षिण एसियाली मानवअधिकार अदालतको स्थापनाका लागि सुझाव पेश गर्दछ।

### ३.५. कार्यक्रमको मूल्यांकन र सुझावहरु

अगष्ट १३: विभिन्न देशबाट आएका सहभागीहरुसहित आयोजकद्वारा उक्त महिला अदालतको मूल्यांकन र सुझावहरु संकलन गरियो। जसमा, मुख्य गरी कार्यक्रम अत्यन्त प्रभावकारी भएको, प्रभावितहरुले आफ्ना भनाइहरु राम्ररी राख्न सकेको सकारात्मक पक्षका रुपमा आएका थिए भने यसलाई अझै प्रभावकारी बनाउनका लागि प्रत्येक देशका सरकारी प्रतिनिधिहरुलाई उपस्थित गराउने र सञ्चारकर्मीहरुसँग अझ बढी सहकार्य गरिनु आवश्यक देखिएको मूल्यांकन गरिएको थियो।

### ३.६. पत्रकार सम्मेलन

अगष्ट १३: दक्षिण एशियाली महिला अदालतका बारेमा सञ्चारकर्मीहरुलाई जानकारी दिने उद्देश्यले पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। अघिल्लो दिनको महिला अदालतबारे यस दिन बंगलादेशका अधिकांश पत्रपत्रिका र सञ्चार माध्यमले प्रचार-प्रसार गरेका थिए। पत्रकार सम्मेलनमा महिला अदालतको बारेमा संक्षिप्त जानकारी दिंदै प्रेस विज्ञप्ति वितरण गरिएको थियो। पत्रकारहरुबाट सोधिएका प्रश्नहरुको उत्तर जुरी सदस्यहरुले दिएका थिए।

## ४. संयुक्त राष्ट्रसंघका आयुक्तद्वारा वक्तव्य जारी

संयुक्त राष्ट्रसंघका कार्यकारी उच्चआयुक्त बर्टेण्ड रामचरणले पनि उक्त महिला अदालतप्रति एक्यवद्धता मन्तव्य व्यक्त गर्नु भएको थियो। उक्त वक्तव्यमा बेचबिखनबाट प्रभावित महिलाहरु र एचआइभी एड्सबाट पीडित महिलाहरुको अधिकार संरक्षण र विकास गर्ने गंभीर जिम्मेवारी राज्य र नागरिक समाजको काँधमा रहेको छ भन्दै विभिन्न महत्वपूर्ण मानवअधिकार संरक्षणका मापदण्डहरु यस क्षेत्रमा बनेका छन् र अन्तर्देशीय संगठित अपराधसम्बन्धी महासन्धि समेत आगामी सेप्टेम्बरबाट कार्यान्वयनमा जादैछ यसको अरिरिक्त उपलेखहरु (बेचबिखन र अवैध कारोवारसम्बन्धी) पनि महिला र बालिकाहरुको बेचबिखनलाई रोकथामका लागि महत्वपूर्ण औजार हुनसक्नेछन् भन्ने उल्लेख गरिएको थियो। साथै, गत सार्क सम्मेलनमा पारित बेचबिखन सम्बन्धी महासन्धिलाई यस समस्याको गहिराइमा पुगेर समाधानमा जानका लागि प्रयोग गर्नुपर्ने आवश्यकता पनि सो वक्तव्यमा दर्शाइएको थियो।

## ५. आगामी दिनका लागि गर्नुपर्ने कामहरु

- क्षेत्रीय स्तरमा बनेको सार्क अभिसन्धिलाई मानवअधिकारमुखी अवधारणाबाट परिमार्जनका लागि राष्ट्रिय तथा क्षेत्रीय तहमा पहल गर्ने,
- दक्षिण एसीयामा जटिल बन्दै गएको बेचबिखनको समस्यालाई क्षेत्रीय स्तरमा हेर्नका लागि क्षेत्रीय अदालतको स्थापनाका लागि लवी गर्ने,
- बेचविखनविरुद्ध स्थानीयदेखि राष्ट्रिय, क्षेत्रीय तथा अर्न्तराष्ट्रिय सञ्जालहरु दरिलो बनाउदै लैजाने,
- बेचविखन विरुद्धको अभियानमा कार्यरत संघसंस्थाहरुबीच समन्वय र सहकार्य सुदृढ बनाउँदै लैजानु पर्ने,
- महिला अदालतमा सहभागी भएका सहभागीहरुको जनजीविकामा कामयावी हुने खालको तालिम वा दीर्घकालीन उपायहरुको खोजी गर्ने,
- बेचबिखनलाई निर्मूल गर्नका लागि सबै पक्षको सहभागिता र प्रतिबद्धताको आवश्यकता छ। यसलाई निर्मूल गर्नका लागि राजनीतिक प्रतिबद्धता र नीति निर्णयकर्ताहरुको दृढ प्रतिबद्धताको खाँचो छ। तसर्थ, यसतर्फ नागरिक समाजले लवी र पैरवी गर्ने।

## ६. सञ्चार क्षेत्रको भूमिका

महिलामाथि हुने हिंसाको क्रुर अमानवीय स्वरुप बेचबिखन हो। यसलाई निर्मूल पार्नका लागि समाजका सबै तप्काको सहभागिताको जरुरी छ भन्ने कुरा निसन्देह छ। यस समस्यालाई सार्वजनिक गर्नका लागि सञ्चारकर्मीहरुको महत्वपूर्ण भूमिका रहन्छ। विगतका एक दशकलाई अध्ययन गर्दा पनि नेपाली सञ्चार जगतले यो समस्यालाई आम जनमानसमा पुऱ्याउन र समस्याप्रति सचेत हुनका लागि महत्वपूर्ण योगदान गरेको छ। यद्यपि, तिनमा विषयगत तोडमोड हुने र बेचबिखनलाई अन्य विषयसंग छ्यासमिस गरी हेर्ने प्रक्रियाले गर्दा समस्याको वास्तविक गहिराइमा पुग्न कठिनाई रह्यो। समग्रमा भन्दा, सञ्चार क्षेत्रले विगतमा पीडितकेन्द्रित समाचार छापेर अपराधलाई कम उजागर गर्ने गर्थ्यो भने विगत केही वर्ष यता अपराधको गंभीरता र अपराधीको भूमिकालाई उजागर गर्न थालेको छनक पाइन्छ। तर, अझ पनि अपराधी र त्यसका संरक्षकलाई समाजमा उभ्याएर पीडितलाई न्याय दिलाउनतिर सञ्चार समूदाय संवेदनशील हुनु जरुरी देखिन्छ। आगामी दिनमा यस निन्दनीय अपराधका विरुद्ध सामुहिक पहलका लागि सञ्चार क्षेत्रबाट के-कस्तो सहयोग र सुझव प्राप्त गर्न सकिएला ? छलफल गरौं कि ? ●

# मानव बेचबिखन, द्वन्द्व र यसले पार्ने प्रभाव

✍ शर्मिला कार्की
अध्यक्ष - जागरण नेपाल
(मानव अधिकार, शान्ति र सुशासनका लागि)

मानव बेचबिखन भन्नासाथ हामीले कुनै पनि मान्छेलाई उसलाई कहाँ, किन र के का लागि, के-कस्ता सुविधाहरु दिएर लगिदैछ भन्नेबारे प्रष्ट नगरी, धेरै किसिमका उसको अवस्था अनुसारको छलकपट, डरत्रास, धम्की देखाई लग्ने पक्षको फाईदाका लागि उसको इच्छाविना र असन्तुष्टिका कामहरु जबरजस्ती लगाउने, त्यस्ता कामहरु गर्न नमानेमा रातदिन भोकै राख्ने, शारीरिक मानसिक यातना दिने लगायत्का थुप्रै अमानवीय व्यवहारहरु गर्ने कार्य भन्ने बुझिन्छ। यसरी थुप्रै कारणले र थुप्रै कामका लागि महिला तथा बालबालिकाहरु बेचबिखनको शिकार बनिरहेको तथ्य विभिन्न श्रोतहरुबाट हामी थाहा पाउँदछौं।

यस्तो मानव बेचबिखन र यसका प्रक्रियाहरु हामीले गहिरिएर हेर्‍यौं भने कस्ता खालका मान्छेहरु बेचबिखनमा परेका छन्, अनि यस्तो व्यवसाय गर्ने कस्ता वर्गका मान्छेहरु छन्, केका लागि उनीहरुले यस्तो अमानवीय व्यवहारहरु गर्दै आइरहेका छन् त भन्दा जो शक्तिवान छ, जसको हातमा पुँजी छ, बल छ अर्थात् जो समाजमा पुँजी, शक्ति, बल र ओहदा वा वर्गका कारणले माथी छ, शक्तिवान छ, उसले नै यस्तो बेचबिखनको कार्य गर्दछ। हामीले माथि भनेको मानव बेचबिखनको परिभाषा अनुसार कुनैपनि व्यक्तिलाई डर, त्रास देखाउन, ललाउन, फकाउन, धम्की दिन वा बँधुवा बनाउन हरतरहले शक्ति सम्पन्नव्यक्तिले मात्र सक्दछ। यसरी आज संसारमा नै मानव वेचबिखन मात्र नभई सबै व्यवहार र प्रकृयामा शक्तिविहीनहरुलाई आफ्नो मुट्ठीमा लिने र आफ्नो फाइदाका लागि प्रयोग गर्ने गरिरहेका छन्। यसरी ठगिने, बेचिने वर्गहरुमा भने संसार भरिनै शक्ति विहीन वर्गहरु पर्दछन्, जोसँग बल, पूँजी र शक्ति छैन। फलस्वरुप, हामीले पाएका छौं द्वन्द्व, चाहे त्यो घरभित्रको बलियो सदस्यले निर्धोलाई हेप्दा होस या शक्तिशाली राष्ट्रले शक्तिविहीन राष्ट्रमाथि गरिने व्यवहारहरुबाट होस।

**मानव बेचबिखनको परिभाषा अनुसार कुनैपनि व्यक्तिलाई डर, त्रास देखाउन, ललाउन, फकाउन, धम्की दिन वा बँधुवा बनाउन हरतरहले शक्ति सम्पन्न व्यक्तिले मात्र सक्दछ। यसरी आज संसारमा नै मानव बेचबिखन मात्र नभई सबै व्यवहार र प्रकृयामा शक्तिविहीनहरुलाई आफ्नो मुट्ठीमा लिने र आफ्नो फाइदाका लागि प्रयोग गर्ने गरिरहेका छन्। यसरी ठगिने, बेचिने वर्गहरुमा भने संसार भरिनै 'शक्तिविहीन वर्गहरु पर्दछन्।**

कुनै पनि व्यक्ति समाज र राष्ट्र आ-आफ्नै स्वपन र सार्वभौम भएर बस्न र बाँच्न चहान्छ। आफूमाथिको अनावश्यक हस्तक्षेप र अतिक्रमण एउटा दुधे बालकले पनि चाहँदैन र राम्ररी खेलिरहेको बेलामा उसको गालामा कसैले चलाउने प्रयास गर्दछ भने रोएर उसले यसको प्रतिकार गर्दछ। उ सँग त्यति नै शक्ति छ तर पनि उसले आफू माथि भएको अन्याय भनौं वा उसलाई त्यो व्यवहार मन नपरेको संकेत भने पक्कै गर्दछ। त्यसैले आज समाज वा राष्ट्रमा भएको द्वन्द्व पनि एक वर्गले अर्को वर्गसँग विभिन्न कारणले भएको असन्तुष्टि व्यक्त गर्दै आफ्नो हक र अधिकारका लागि लड्ने र संघर्ष गर्ने एउटा प्रकृया हो। द्वन्द्व आफैंमा राम्रो या नराम्रो कुरा होइन। द्वन्द्व त जब कुनै व्यक्ति बीच, समाज बीच, राष्ट्र बीच कुनै निश्चित मुद्दाहरुमा असहमत भए पश्चात उनीहरु बीच हुने संघर्ष हो। त्यो बैचारिक, सैद्धान्तिक तथा अन्य हुनसक्दछ। हामीले हेर्नुपर्ने यसबाट आएका परिणमहरु हुन जुन, सकारात्मक वा नकारात्मक दुवै हुन सक्दछन्।

द्वन्द्व हुनमा अर्थात् द्वन्द्वलाई निम्त्याउनमा शक्ति संरचनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। संसारमै भएका द्वन्द्वका प्रकृयाहरुलाई हेर्दा जब-जब शक्तिविहीनहरुले आफूमाथि भएको अन्यायमाथि प्रतिकार गर्दछन् आवाज उठाँउद्छन चाहे संगठित भएर होस् या एक्लै तब-तब सम्पन्न वर्गहरु, जो शक्तिका भरमा नै अरुमाथि राज गरिरहेका हुन्छन्, उनीहरु आफूले आफ्ना लगायत् शक्तिका

भरमा अरुका पनि अधिकारहरु हड्पेका छन् र ती अधिकार सहज र सजिलै दिएमा आफू पनि शक्तिविहीन हुन पुग्ने हुनाले आफूले भोगिरहेका अधिकारहरूलाई जोगाइ राख्न सबै खाले उपायहरु अपनाउन थाल्दछन्। जसमा थुप्रै अमानवीय व्यवहारहरु पनि पर्दछन्, यस्ता बखतमा द्वन्द्वको जन्म हुन्छ र यो चर्कंदै जान्छ।

द्वन्द्वले सकारात्मक र नकारात्मक दुवै असरहरु पार्दछन्। संसारमा अन्यायबाट मुक्ति दिलाउनका लागि थुप्रै द्वन्द्वहरु भएका छन् र त्यसको फलस्वरुप थुप्रै न्यायिक प्रतिफलहरु प्राप्त भएको पनि देख्न सक्दछौं। जब द्वन्द्वले हिंसाको रुप लिन्छ तब यसका असरहरु पनि बढि भन्दा बढि नकारात्मक हुँदै जान थाल्दछन्। हाम्रो देशले पनि द्वन्द्वको पीडा खप्नु परेको झण्डै आठ वर्ष भइसकेको छ। हाम्रो जस्तो गरिब मुलुक अर्थात् विशेष अवस्थाले पछाडि परेको मुलुकले यस्तो द्वन्द्व लामो समयसम्म भोग्ने हो भने देश छिट्टै धेरै पछाडि पर्ने सम्भावना रहन्छ। विकास निर्माणका कामहरु करिब ठप्प छन्। मानिसहरु शारीरिक, मानसिक रुपमा त्रसित् र आतंकित बातावरणमा बाँच्न बाध्य छन्। द्वन्द्वबाट बढि प्रभावित क्षेत्रहरुमा द्वन्द्वरत दुवै पक्षको चपेटामा परि मानवअधिकारका आधारभूत अधिकारहरु आम नागरिकले भोग्न र महसुस गर्न पाइरहेको छैन। मानवअधिकारका राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्धि अभिसन्धिहरु उल्लंघन भइरहेका छन्। जेनेभा अभिसन्धि उल्लंघनका थुप्रै घटनाहरु हामीले देखिरहेका छौं। यसरी आम नागरिकहरु द्वन्द्वको पीडामा परिरहेका छन्।

यसरी बढि पिडा, चपेटामा पर्नेहरुमा पनि को छन् त भने फेरि पनि शक्तिविहीन वर्गहरु नै। जसमा, महिला बालबालिकाहरु पर्दछन्। संसारभरिकै द्वन्द्व होस् या दैवी प्रकोपमा महिला र बालबालिकाहरु नै बढि पीडित भएको पाउँदछौं। जब मानिसहरु बढि पीडित हुन्छन् स्वत: उनीहरु झनझनै शक्तिविहीन बन्न पुग्दछन्। युद्धको चपेटा खप्न नसकी जीउको सुरक्षाका लागि ठाउँ छोडेर पनि हिंड्न बाध्य हुनु पर्दछ। युद्धका समयमा

**द्वन्द्व प्रभावित क्षेत्रहरुमा बाबु आमाले जवान छोरी बलात्कार हुने वा युद्धमा जानु पर्ने जस्ता डरहरूका कारणले छिट्टै विवाह गरिदिने प्रकृयाको शुरुवात हुन थालिसकेको छ। त्यति मात्र नभई शहर बजारमा थुप्रै बालबालिकाहरू घरेलु कामदारका रुपमा आउने प्रक्रिया बढेको छ। कलकारखाना, गार्मेन्ट, गलैंचा जतासुकै आफ्ना छोराछोरीलाई हिजो बाबुआमाले गरिबीको कारणले मात्र ल्याँउथे भने आज द्वन्द्वको प्रत्यक्ष प्रभावका कारण ल्याउने गरेका छन्। यी सबैखाले कामहरु फेरि पनि सजिलै गरी मानव बेचबिखनमा पर्न सक्ने सम्भावना र जोखिम बढिरहेका क्षेत्रहरु हुन्।**

घरका पुरुष वर्गहरु प्राय: घर छोडेर हिंड्ने हुनाले महिला तथा बालबालिकाहरु एक्लै घर र भएको सम्पत्तिको संरक्षणमा बसेका हुन्छन्। तर, अत्यन्तै नाजुक र विपन्न अवस्थामा मानव बेचविखनको परिभाषाको आधारमा हामी भन्न सक्छौं, द्वन्द्वका प्रभावले जक्डिई शक्तिविहीन भएका यी वर्गहरु सजिलै मानव बेचविखनको प्रक्रियामा पर्न सक्छन्। थुप्रै कलिला बालबालिकाहरु कामको खोजीमा द्वन्द्व प्रभावित ठाउँहरुबाट शहरतिर आई विस्तारै-विस्तारै इच्छा विपरीतका कामहरु गर्न बाध्य भएका घटनाहरु हामी पत्रपत्रिका लगायत Field observation बाट पाइरहेका छौं। जसमा मानिसहरु Forc migration मा बढि पर्ने सम्भावना रहन्छ। यसरी हुने migration पनि बेचविखनमा पर्ने अत्यन्तै जोखिम अवस्था हो। आफु बसेको ठाउँ छोडेर दोश्रो ठाउँमा थुप्रै अधिकारहरु गुमाएर मनोबल गिराएर बस्नुपर्ने अवस्थाले नै मानव बेचबिखनमा थप बल पुर्‍याउने सम्भावना प्रशस्तै रहन्छ। मानव बेचविखनमा लागेका विभिन्न पक्षहरुका लागी द्वन्द्वको अवस्था मौकाको रुपमा सावित हुन सक्दछ। महिला र बालबालिका दुवै पक्षको चपेटामा पर्ने डर र त्रासका कारण थुप्रै विदेशी रोजगारीमा चाहिने भन्दा धेरै पैसा खर्च गरेर दिनानुदिन काम नपाउने, एउटा कामका लागि भनेर अर्कै काम दिने, भने जति पैसा नदिने खालका स्पष्ट रुपमा मानव बेचबिखनमा परि रहेका थुप्रै घटना हामीले बारम्बार देख्ने, सुन्ने र भोग्ने पनि गरेका छौं।

द्वन्द्व प्रभावित क्षेत्रहरुमा बाबु आमाले जवान छोरी बलात्कार हुने वा युद्धमा जानु पर्ने जस्ता डरहरुका कारणले छिट्टै विवाह गरिदिने प्रकृयाको शुरुवात हुन थालिसकेको छ। त्यति मात्र नभई शहर बजारमा थुप्रै बालबालिकाहरु घरेलु कामदारका रुपमा आउने प्रक्रिया बढेको छ। कलकारखाना, गार्मेन्ट, गलैंचा जतासुकै आफ्ना छोराछोरीलाई हिजो बाबुआमाले गरिबीको कारणले मात्र ल्याँउथे भने आज द्वन्द्वको प्रत्यक्ष प्रभावका कारण ल्याउने गरेका छन्। यी सबैखाले कामहरु फेरि पनि सजिलै गरी मानव बेचबिखनमा पर्न सक्ने सम्भावना र जोखिम बढिरहेका क्षेत्रहरु हुन्।

यसरी समग्रमा हेर्दा, द्वन्द्वले केहि सकारात्मक प्रभावहरु पनि पारेको छ, जस्तै धेरै महिलाहरु आफ्नो जीवन एक्लै धान्न सक्ने भएका छन्, अवस्था अनुसार लड्न सक्ने, बोल्न सक्ने, आफ्नो निर्णय लिन सक्ने मात्र नभई राज्य व्यवस्थामा नै नभएको सैन्य बलमा पनि व्यवहारिक रुपमा नै लडेर देखाइसकेको छन्। जुन समय र परिस्थितिसँग सिक्दै पनि आएका छन् भने धेरै नकारात्मक असर पनि परेको छ। जसमा, मानव बेचविखनमा पनि प्रत्यक्ष वा परोक्षरुपमा प्रशस्तै प्रभाव परेको हामीले विश्लेषण गरेर हेरेका छौं।

# महिला बेचबिखन र बसाइसराइ

– सुजिता शाक्य

**भूमिका**

विश्वका पुंजीपति वर्गले विश्वव्यापीकरणको नाममा नवउपनिवेशवादी खुल्ला आर्थिक नीति लिएकोले विश्वका मानव समुदायहरूका बीच धनी-गरिबको खाडल दिनप्रतिदिन बढिरहेको छ। बिशेष गरी दक्षिण एसियामा आतंकवादको अन्त्य गर्ने नाममा हत्या, अशान्ति, राजनीतिक अस्थिरता र कलह बढेको छ। अहिले हाम्रो देश पनि त्यही चपेटामा परेको छ। बहुसंख्यक जनता परम्परागत कृषि पेशाको अलावा ज्यादै न्यून प्रतिशत मात्रै सेवा, उद्योग, व्यापारमा लागेका छन्। एकातिर परम्परागत पेशाहरूबाट प्राप्त आयबाट पारिवारिक गुजारा हुन सक्दैन भने अर्कोतिर सरकारद्वारा विकास निर्माणका क्षेत्रहरू विस्तार गर्दै रोजगारीको क्षेत्र वृद्धि गर्ने पर्याप्त र व्यवस्थित योजना पनि छैन, भएका योजनालाई पनि उपयुक्त ढंगले कार्यान्वयन गर्ने सामर्थ्य र प्रतिबद्धता छैन। फलस्वरूप, रोजगारीका अवसर खुम्चिन पुगेको छ जसका कारण आज हाम्रो देशका बहुसंख्यक युवायुवतीहरू वैदेशिक रोजगारप्रति अत्यधिक मात्रामा आकर्षित हुन थालेका छन्। अहिले त स्थिति यहाँसम्म पुगेको छ कि गाउँघरमा मर्दा मलामी जाने युवा समेत पाईन छोडेको छ। गाउँघर अहिले बच्चा, बुढापाका र महिलाहरूको मात्र बस्ती बन्न पुगेको छ। पुरूषहरू त अलि अगाडिदेखि नै जान्थे भने अहिले आएर महिलाहरूको संख्या पनि बढ्दो छ। यस्तो परिवेशमा अन्तर्राष्ट्रिय श्रम बजारमा महिला कामदारहरूको माग बढ्नुको कारण के हो ? तिनीहरूले कस्ता जोखिमहरूको सामना गर्नु परिरहेको छ ? त्यसबाट सुरक्षा र संरक्षण गर्न कस्तो कदम चाल्नु पर्छ ? भन्ने सवालहरूमा संक्षिप्त चर्चा गर्न खोजिएको छ।

**सामाजिक र आर्थिकरूपमा महिलाहरू आर्थिक अधिकारविहीन छन्। सम्पत्ति भोगचलनमा महिलाहरूको स्वामित्व नहुनु, महिलाहरूको अत्यधिक श्रम ज्याला आर्जन नहुने घरेलु काममा प्रयोग हुनु वा घरेलु कामको आर्थिक मूल्यांकन नहुनु, सामन्ती पारिवारिक सम्बन्ध रहनु यी सबै कारणहरूले गर्दा महिलाहरूको अवस्था कमजोर रहेको छ। विगतको तुलनामा महिलाहरू चेतनशील र शिक्षित पनि बन्दै आएका छन्। त्यसकारण पनि नयाँ अवसरको खोजीमा उनीहरूको गतिशिलता बढेको छ र बसाइसराइ बढिरहेको छ।**

**बसाइसराइ प्रक्रिया र श्रम बजारमा महिला**

वैदेशिक रोजगारमा महिलाहरूको संलग्नता राणाकालदेखि नै भएको पाइन्छ। राणा शासकहरूले भारतीय राजपूतहरूसँगको वैवाहिक सम्बन्धका कारण सुसारेको रूपमा कार्यरत महिलाहरूलाई उपहार स्वरूप दिइने चलन थियो। त्यस्तै, इष्ट इण्डिया कम्पनीका ब्रिटिश शासकहरूलाई खुशी पार्न पनि उपहारको रूपमा महिलाहरु पठाउने गर्दथ्यो। नेपालमा बसाइसराइको पृष्ठभूमि लामो भए तापनि महिलाहरू एक ठाउँबाट अर्को ठाउँमा जाने प्रक्रिया मुख्यतया २ वटा छन् -

- विवाह
- रोजगारी

सामान्यतया महिलाहरू देशभित्रको बसाइसराइमा एक ठाउँबाट विवाह भएर अर्को ठाउँमा जानाले हुन्छ। तर, यही प्रक्रियामा कतिपय महिलाहरू बेचबिखनमा पर्ने घटनाहरू पनि हाम्रो समाजमा थुप्रै छन्। २०४६ साल भन्दा अघि विदेशमा जान सजिलै अनुमति पाइदैनथ्यो। पछि सरकारले धेरै देशहरूमा नेपालीहरू जान पाउने अनुमति प्रदान गऱ्यो। यसै क्रममा महिलाहरू विदेशमा गएर काम गर्ने क्रम बढेको छ। अन्तर्राष्ट्रिय श्रम बजारमा महिला कामदारको संख्या बढ्नुको पहिलो कारण वर्तमान विश्वव्यापीकरण हो भने दोश्रो देशको सामाजिक-आर्थिक सम्बन्ध हो। देशको पितृसत्तात्मक सामाजिक-आर्थिक संरचनाका कारणले बैदेशिक रोजगारमा महिलाहरूको आकर्षण बढेको हो।

हाम्रो देशमा प्रत्यक्ष उत्पादनशील कार्यमा १५-४९ वर्ष उमेर समूहमा महिलाहरूको सहभागिता ७७ % रहेको छ। जसमध्ये, ९० % कृषिक्षेत्रमा संलग्न छन्। गैर कृषि, औपचारिक क्षेत्रको काममा संलग्न महिलाहरू पनि कम उत्पादकत्व र सस्तो मजदुरीमा सीमित छन्। तथ्याङ्कमा महिला बेरोजगारीको दर पुरूषको तुलनामा कम रहेको छ, तर अर्ध बेरोजगारीको संख्या भने पुरूषको तुलनामा अत्यधिक बढी छ।

सामाजिक र आर्थिकरूपमा महिलाहरू आर्थिक अधिकारविहीन छन्। सम्पत्ति भोगचलनमा महिलाहरुको स्वामित्व नहुनु, महिलाहरूको अत्यधिक श्रम ज्याला आर्जन नहुने घरेलु काममा प्रयोग हुनु वा घरेलु कामको आर्थिक मूल्यांकन नहुनु, सामन्ती पारिवारिक सम्बन्ध रहनु यी सबै कारणहरूले गर्दा महिलाहरूको अवस्था कमजोर रहेको छ। विगतको तुलनामा महिलाहरू चेतनशील र शिक्षित पनि बन्दै आएका छन्। त्यसकारण पनि नयाँ अवसरको खोजीमा उनीहरूको गतिशिलता बढेको छ र बसाइसराइ बढिरहेको छ।

बसाइसराइको क्रममा नै महिलाहरू शोषित हुने र बेचबिखनमा पर्ने सम्भावना बढिरहेको छ।

**वैदेशिक रोजगारीमा जानुका कारणहरू**

हाम्रो देशका नागरिकहरू लाखौंको संख्यामा सामान्य किसानदेखि उच्चस्तरका प्राविधिक र बौद्धिक व्यक्तित्वहरूसम्म विदेशमा गएर काम गर्ने गरेको देखिन्छ। अहिलेसम्मको प्रवृत्ति हेर्दा नेपालीहरू तीनवटा स्थितिमा वैदेशिक रोजगारमा गएको पाइन्छ।

(क) देशमा रोजगारीको कुनै अवसर नपाएर घर परिवार चलाउन नसकेर रोजीरोटीको लागि जाने, जसमा कहिल्यै पनि जागिर नखाएका सिधै खेती किसानीमा संलग्न रहेका बहुसंख्यक निम्न वर्गका नेपालीहरू पर्दछन्। यसरी जानेहरू "थ्री डी-डेन्जरस, डिफिकल्ट र डर्टी जब" (खतरनाक, कठीन र फोहर काम) जस्ता काम गर्न बाध्य हुन्छन्। यहाँबाट सामान्य श्रमिक (जेनरल लेवर) को नाममा लगे पछि जस्तोसुकै निम्नस्तरको काम पनि गर्न बाध्य पारिन्छ।

(ख) रोजगारीबाट विस्थापित सरकारी वा उद्योग धन्दामा कार्यरत श्रमिकहरू र मध्यम बर्गका समुदाय पर्दछन्। जसले छोराछोरीलाई उचित शिक्षा दिन, परिवारको आर्थिक अवस्थालाई थप सुधार गर्ने उद्देश्य राखेका हुन्छन्। यसमा केही अर्धदक्ष वा दक्ष कामदारहरू भएकोले गर्दा पनि केही राम्रा र सजिलो काम पाउने पनि हुनसक्छ तर पाउँछ नै भन्ने ग्यारेन्टी भने हुँदैन।

(ग) देशको बुद्धिजीवी, दक्ष र उच्च दक्ष नागरिकहरू, जो यहाँको तुलनामा विदेशमा गएर कैयौं गुणा बढी कमाउने उद्देश्यले गएका हुन्छन्। यसमा समाजका प्रतिष्ठित समुदायहरू पर्दछन्।

वैदेशिक रोजगारीको लागि आकर्षण बढ्नुको पछाडि देशको बिग्रँदो राजनीतिक अवस्थाका कारण असुरक्षित भएको महसुस गर्न श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न नसक्नु र कामको आधारमा मान्छेको सम्मान र प्रतिष्ठा कायम नहुनु, नयाँ ठाउँ हेर्ने चाहना बढ्नु आदि कारण रहेका छन्।

वैदेशिक रोजगारका लागि विदेशमा जानेहरूको पहिलो प्राथमिकता अमेरिका, हङकङ, ब्रिटेन, अष्ट्रेलिया, जापान र क्यानडा, दोश्रो प्राथमिकता जर्मनी, बेल्जियम, स्वीट्जरल्याण्ड र यूरोप पर्दछन्, तेश्रोमा दक्षिण कोरिया, ताईवान, माल्दिभ्स र सिंगापुर पर्दछन्, चौथोमा गल्फ मुलुक र मलेसिया, पाँचौंमा भारत पर्दछ।

**अन्तर्राष्ट्रिय श्रम बजारमा महिला श्रमिकहरूको माग बढ्नुका कारणहरू**

अहिले विश्वमा श्रमको अनौपचारिकीकरण अत्यधिक मात्रामा बढिरहेको छ। औपचारिक श्रम भन्नाले उद्योग कलकारखाना, सार्वजनिक सरकारी सेवाहरू पर्दछन्। यस्ता काममा प्रविधिको बढ्दो प्रयोगले मजदुरहरू कम भए पनि पुग्ने र त्यस्तो ठाउँहरूमा मजदुरहरूले ट्रेड यूनियनको माध्यमबाट आफ्नो हक अधिकार प्राप्तिको लागि सामुहिक सौदावाजीद्वारा समस्या समाधान गर्न सक्दछन्। यसले गर्दा रोजगारदाता र व्यवस्थापकहरूलाई दबाब बढ्छ। त्यसैले विश्वका पुँजीपतिहरू धेरै नाफा कमाउन उद्योग कलकारखानाहरूमा मानवीय श्रम लगाउनुको साटो मेशिन प्रयोग गर्ने र सकेसम्म श्रमिकहरूको कटौती गर्ने गर्दछन्। यसमा पनि उद्योग कलकारखानाको कामलाई पनि ठेकेदारी र सह ठेकेदारी-कन्ट्रयाक्ट र सब कन्ट्रयाक्ट), पिस रेट आदिमा दिएर औपचारिक कामलाई अनौपचारिक बनाउँछन्। यस्तै गरेर घरेलु कामधन्दा, जुन ज्यादै नै झन्झटिलो वा पट्यार लाग्दो हुन्छ, जस्तै: भात भान्सा, केटाकेटी र बुढाबुढीहरूको स्याहार-सुसार आदि जस्ता कामहरूमा महिलाहरूलाई लगाउन चाहन्छन्। सामान्यतया यस्ता कार्यहरूमा पुरुषको तुलनामा महिलाहरू दक्ष मानिन्छन्। यस्तै कामहरूको लागि अहिले अन्तर्राष्ट्रिय श्रम बजारमा महिला कामदारहरूको माग बढ्ने गरेको छ, जसलाई "डोमेस्टिक हेल्पर" को संज्ञा दिइएको छ। त्यस बाहेक अन्य कारणहरू,

- सस्तो श्रम
- कामको अनौपचारिकीकरण
- चेतनाको कमी/असंगठित
- अशिक्षित
- सहनशील
- उदार
- लचिलो
- बाह्य संसारको जानकारी कम

**राज्यले पनि आफ्नो देशको बढ्दो बेरोजगारीलाई ध्यानमा राखेर रोजगारी सृजनाका योजनाहरू बनाउनु पर्छ। वैदेशिक रोजगारीमा पठाउनै पर्ने सम्बन्धमा व्यवस्थित योजना र स्पष्ट दृष्टिकोण बनाउनु पर्छ। कति संख्यामा पठाउने ? कुन, कुन स्तरको पठाउने, कुन-कुन देशमा पठाउने, कस्तो सीप र तालिम दिएर पठाउने, जोखिमबाट कसरी बचाउने, त्यहाँबाट आएको रेमिटेन्सलाई कस्तो काममा लगाउने ? जस्ता कुराहरूको पूर्ण योजना अनुसार मात्र पठाउनु पर्दछ। वैदेशिक रोजगार हाम्रो देशमा बेरोजगारी समस्या समाधान गर्ने एउटा माध्यमको रूपमा आएको छ।**

**वैदेशिक रोजगारीका प्रमुख चुनौती तथा समस्याहरू**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा उल्लेखित प्रवासी मजदुरहरूका अधिकारबारे जानकारी नपाउनु,
- सीप र तालिमको अभाव,
- भाषाको समस्या,
- बेचबिखन, यौन शोषण तथा दुरूत्साहनमा पर्न सक्ने सम्भावना
- जाने प्रक्रियाका बीच स्वदेशमा र गन्तव्य देशमा पुगिसकेपछि मध्यस्थकर्ताहरूबाट ठगीमा पर्न सक्ने
- आवश्यक सूचना प्रणाली र ज्ञानको अभाव

- सामाजिक सुरक्षाको अभाव
- समयमा तलब तथा/अन्य सुविधाहरू नपाउने
- मातृत्व सुरक्षा
- पेशागत स्वास्थ्य र सुरक्षाको अभाव

**चुनौती तथा समस्या समाधानका उपायहरू**

समस्याहरूलाई निराकरण गर्नका लागि माथि उल्लिखित समस्याहरूमा केन्द्रित भएर समस्या समाधानको खोजी गर्नुपर्ने हुन्छ। निम्न कुराहरूलाई प्याकेज रूपमा तालिम तथा प्रशिक्षण दिनु आवश्यक देखिन्छ:

- वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई कानुनहरूको बारेमा प्रशिक्षण दिने,
- राज्यले कुन देशमा कस्ता-कस्ता प्रकृतिका कामहरूको माग हुन्छ त्यसको आधारमा सीप र तालिम दिएर मात्र पठाउने बन्दोबस्त मिलाउनु पर्ने,
- सम्बन्धित देशको आधारभूत शब्दावलीहरू (भाषा) सिकाएर मात्र पठाउनु पर्ने,
- बेचबिखन, यौन शोषण तथा दुरूत्साहन जस्ता जोखिमबाट बचाउनको लागि सचेत र सशक्त बनाउनु पर्ने,
- राज्यले आफ्नो देशको नागरिकको सुरक्षाको लागि तत्काल द्वि-पक्षीय सम्झौता गर्नुपर्ने साथै आईएलओ को प्रवासी मजदुर सम्बन्धी अभिसन्धी नं. ११८ पास गराउनु पर्ने,
- प्रवासी मजदुरका परिवारको हक-हित संरक्षणको लागि सचेतना कार्यक्रमहरू संचालन गर्ने,
- सम्बन्धित देशमा गएर कार्यक्षेत्रको कार्यावस्थाबारे जानकारी लिन र आवश्यक सहयोग पुऱ्याउन लेबर अटैचीको व्यवस्था गर्नुपर्ने तथा नियमित अनुगमन गर्नुपर्ने,
- पेशागत स्वास्थ्य र सुरक्षा, सम्बन्धित क्षेत्रमा काम गर्दा हुने दुर्घटनाबारे जानकारी दिने, आवश्यकता अनुसार पुर्नस्थापनाको व्यवस्था गर्ने।

**निष्कर्ष**

वैदेशिक रोजगारी हालको विश्वव्यापीकरणसँगै आएको एउटा जल्दोबल्दो मुद्दा हो। प्रवासी मजदुरहरूको हक हितलाई संरक्षण गर्ने सवालमा विश्वका मानवअधिकारवादी संघ-संस्था तथा व्यक्तित्वहरू पनि संगठितरूपले लागिपरेका छन्। यस क्षेत्रमा सरोकार राख्ने संवेदनशील जनसमुदायको अवधारणाअनुसार जसरी विश्वमा पुँजी कुनै पनि बाधा-अड्चन विना एक स्थानबाट अर्को स्थानमा लगानी गर्न/हटाउन वा चलखेल गर्न पाउँछन्, त्यस्तै गरी कुनै पनि देशका नागरिकहरूले आफ्नो श्रम कुनै पनि देशमा बिक्री गर्न पाउनुपर्छ। यसमा कुनै पनि बाधा अड्चन राख्नु हुँदैन भन्ने कुराहरू उठाउँदै आएका छन्।

त्यस्तै अर्को सवाल भनेको आफ्नो देशको र विदेशबाट आएका श्रमिकहरूलाई विभेद गरिनु हुँदैन। कुनै पनि देशले वैदेशिक रोजगारीको लागि श्रमिकको आवश्यकता परेर मात्र आयात गर्दछन्। तसर्थ, श्रमिकहरूको कामलाई समान मान्यता प्रदान गर्नु पर्छ, भेदभाव गर्न पाइदैन भन्ने कुरा पनि जोडदार रूपमा उठ्दै आएको सवाल हो। तर, यति हुँदाहुँदै पनि तेश्रो विश्वका देशहरू वैदेशिक रोजगारीमा आफ्नो देशका नागरिकलाई विदेशमा पठाएर राजस्वको ठूलो हिस्सा प्राप्त गर्न लालायित छन् तर तिनीहरूको संरक्षण गर्ने सवालमा भने बेवास्ता गरिरहेका छन् वा पर्याप्त ध्यान दिन सकिरहेका छैनन्। तसर्थ, असुरक्षित तरिकाले अझै धेरै अवैधानिक तरिकाले पनि जाने क्रम बढिरहेको छ। यस्तो स्थितिमा हाम्रा नागरिकहरूको सुरक्षा र संरक्षण कसरी गर्न सकिन्छ, जोखिमबाट कसरी बचाउन सकिन्छ भन्ने कुरा गंभीर भएर सोच्ने बेला आइसकेको छ। विदेश जान पाएपछि सबै समस्या समाधान भैहाल्छ भन्ने हाम्रो मानसिकतामा परिवर्तन ल्याउनु जरूरी छ।

**तेश्रो विश्वका देशहरू वैदेशिक रोजगारीमा आफ्नो देशका नागरिकलाई विदेशमा पठाएर राजस्वको ठूलो हिस्सा प्राप्त गर्न लालायित छन् तर तिनीहरूको संरक्षण गर्ने सवालमा भने बेवास्ता गरिरहेका छन् वा पर्याप्त ध्यान दिन सकिरहेका छैनन्। तसर्थ, असुरक्षित तरिकाले अझै धेरै अवैधानिक तरिकाले पनि जाने क्रम बढिरहेको छ। यस्तो स्थितिमा हाम्रा नागरिकहरूको सुरक्षा र संरक्षण कसरी गर्न सकिन्छ, जोखिमबाट कसरी बचाउन सकिन्छ भन्ने कुरा गंभीर भएर सोच्ने बेला आइसकेको छ।**

वैदेशिक रोजगारी नै बेरोजगारीको समस्या समाधानको अन्तिम लक्ष्य हुनुहुँदैन। राज्यले पनि आफ्नो देशको बढ्दो बेरोजगारीलाई ध्यानमा राखेर रोजगारी सृजनाका योजनाहरू बनाउनु पर्छ। वैदेशिक रोजगारीमा पठाउनै पर्ने सम्बन्धमा व्यवस्थित योजना र स्पष्ट दृष्टिकोण बनाउनु पर्छ। कति संख्यामा पठाउने ? कुन, कुन स्तरको पठाउने, कुन-कुन देशमा पठाउने, कस्तो सीप र तालिम दिएर पठाउने, जोखिमबाट कसरी बचाउने, त्यहाँबाट आएको रेमिटेन्सलाई कस्तो काममा लगाउने ? जस्ता कुराहरूको पूर्ण योजना अनुसार मात्र पठाउनु पर्दछ। वैदेशिक रोजगार हाम्रो देशमा बेरोजगारी समस्या समाधान गर्ने एउटा माध्यमको रूपमा आएको छ। तर, सँगसँगै अनगिन्ती चुनौति र समस्या पनि आएका छन्। यसलाई न्यून गर्न तथा समस्यालाई समाधान गर्न वैदेशिक रोजगारीप्रति संवेदनशील समुदाय, ट्रेड यूनियनहरू र अन्य संघसंस्थाहरूको संजाल बनाई काम गर्नुपर्ने परिस्थितिको माग रहेको छ।

# महिला तथा बालबालिका बेचबिखनविरुद्ध नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता

– इन्दिरा फुयाल
संयोजक, एट्वीन

**पृष्ठभूमि**

महिला तथा बालबालिकाको बेचबिखन घोर निन्दनीय संगठित अपराध हो, यो मानव अधिकारको ठाडो उल्लंघन हो। नेपाल लगायतका विश्वका विकासोन्मुख देशहरुबाट बर्सेनी कैयौं महिलाहरु र कलिला बालबालिकाहरु समेत भारत, हङकङ, बैंकक, कोरिया, अरबीयन देशहरु लगायतका देशहरुमा ओसारपसार भइरहेका छन्। देश भित्र पनि गाउँबाट शहरमा, साना-साना शहरहरुबाट राजधानीमा महिला तथा बालबालिकाहरुको ओसारप्रसार र बेचबिखन भइरहेको छ। कहिले यौन शोषणका लागि त कहिले जोखिमपूर्ण घरेलु श्रमका लागि, जडी भर्ने कारखानामा काममा लगाउन, मानव अंग झिकेर अरुलाई प्रत्यारोपण गर्नका लागि, उंट दौडमा प्रयोग गर्न समेत महिला र बालबालिकाहरुको बेचबिखन हुने गरेका तथ्यहरु प्रकाशमा आइरहेका छन्। विभिन्न क्षेत्रमा बेचबिखन हुने गरेको भएतापनि महिलाको बेचबिखन केवल देह व्यापारका लागि मात्र हुन्छ भन्ने साँघुरो चिन्तन अझै पनि विद्यमान छ। यसका कारण बेचिएका महिला र बालिकाहरुको उद्धार, पुनर्स्थापना र सामाजिकीकरणमा नै गंभीर असर पारेको छ बेचबिखन विरुद्धको अभियानमा संलग्न संघसंस्थाहरुमा समेत उक्त साँघुरो चिन्तन रहनाले यस गम्भीर प्रकारको संगठित अपराधको विरुद्ध एकताबद्ध आवाज बुलन्द हुन सकिरहेको छैन। तर आशा लाग्दो कुरा के छ भने, हाल आएर यस अपराधलाई पहिचान गर्ने र मानवअधिकारको दृष्टिकोणबाट फराकिलो दायरामा हेर्ने सोचमा सबैको सहमति बन्दै गएको छ। महिला तथा बालबालिकाको बेचबिखनलाई नैतिकताको बन्धनबाट होइन, मानवअधिकारको घोर उल्लंघनका रुपमा हेरिनु पर्छ भन्ने मान्यता विश्वव्यापी रुपमा सर्वस्वीकृत हुँदै आएको छ।

**अन्तर्राष्ट्रिय क्षेत्रमा बेचबिखनविरुद्ध अभियानको सुरुवात**

महिला तथा बालबालिकाहरुको बेचबिखन विश्वमा धेरै अगाडिदेखि नै चल्दै आएको अपराध हो। शताब्दिऔंदेखि यो अपराध सञ्चालन भई आएतापनि यसलाई समस्याका रुपमा लिने र यसका विरुद्ध ठोस रुपमा कदम चाल्नेतिर भने अन्तर्राष्ट्रिय जगतको ध्यान पनि निकै कम मात्र गएको देखिन्छ। सन् १९०४ मा मात्र पहिलो पटक बेचबिखन (Trafficing) शब्दको प्रयोग भएको देखिन्छ। गोरा दास व्यापार (White Slave Trade) लाई निषेध गर्नका लागि एउटा संझौता भएको देखिन्छ जसलाई International Agreement for the Suppression of White Slave Traffic भनिन्छ। यसलाई तत्कालीन लिग अफ नेसन्सका सदस्यहरुले हस्ताक्षर गरेका थिए। यसैलाई पछि १९१० मा Convention को रुप दिइएको थियो। यिनको साझा लक्ष्य महिलाहरुको बेचबिखन रोक्नु थियो। त्यतिबेला बेलायतको साम्राज्य विश्वका धेरै मुलुकमा रहेकाले आफ्नो साम्राज्य रहेका मुलुकमा गोरा जातिकै महिलाहरु लगेर यौन शोषण र घरेलु श्रमका लागि उपयोग गर्ने गरिएकाले त्यस प्रकारको निन्दनीय कार्यलाई रोक्नका लागि युरोपीयन महिलाहरु र त्यहाँका मध्यम वर्गीय पुरुषहरुले आवाज उठाएका थिए र लिग अफ नेसन्समा यस किसिमको अपराध रोक्न उक्त संझौतापत्रमा हस्ताक्षर गरिएको थियो।

यस पछिका अवधिमा छिटफूट रुपमा बेचबिखन विरुद्ध अन्तर्राष्ट्रिय तहमा काम भएतापनि ठोस पहलकदमी भएको देखिदैन। सन् १९४५ मा संयुक्त राष्ट्रसंघको स्थापना पछि मानव अधिकारका क्षेत्रमा यसले आफ्ना पहलकदमीलाई अगाडि बढाएतापनि बेचबिखनलाई मानवअधिकार उल्लंघनका रुपमा गंभीर समस्याको रुपमा लिन र समाधानका लागि ठोस नीति निर्माण गर्न सक्रिय भएको देखिंदैन। मानवअधिकारको क्षेत्रमा कोशेढुंगा सावित भएको मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि लगायतका थुप्रै महासन्धिहरु पारित गर्‍यो। यी महासन्धिहरु महिलाको मानवअधिकारसँग परोक्षरुपमा सम्बन्धित भएतापनि यिनले मात्र पनि महिलाहरुको व्यवहारिक जीवनमा सहयोगीसिद्ध भएको नदेखिएकाले सन् १९७९ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (Convention on the Elimination of All forms of Discrimination Against Women) पारित भयो, जसलाई हामी CEDAW का नामले पनि चिन्दछौं। यसले महिलाहरुको सार्वजनिक जीवन मात्र नभई घरभित्र हुने हिंसाहरुलाई समेटेर तिनको निराकरणका लागि राज्य जिम्मेवार हुनुपर्दछ र यस महासन्धिका पक्षराष्ट्रहरुले यसको मर्मलाई आफ्नो देशको कानूनमा प्रतिबिम्बित गर्नुपर्दछ भनेर किटान गरेको छ।

## नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय महासन्धिहरू

(महिला र बालबालिकाको बेचबिखनसँग सम्बन्धित मात्र) र कार्यान्वयनको स्थिति

| धारा | अन्तर्राष्ट्रिय घोषणा पत्र र महासन्धिहरु | नेपालले प्रतिबद्धता जनाएको मिति | निर्दिष्ट गरिएका अधिकारहरु | कार्यान्वयनको अवस्था | प्रतिबद्धता र कार्यान्वयन बीचको भिन्नता |
|---|---|---|---|---|---|
| प्रस्तावना | मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ | १९५५ मा नेपाल संयुक्त राष्ट्र संघको सदस्य भए पछि स्वत: यसप्रति प्रतिबद्ध हुनु पर्दछ। | जाति, धर्म, वर्ण र लिंगका आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव गरिनु हुँदैन। | नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ मा समानताको हकका रुपमा व्यवस्था गरिएको छ। | सो अनुसारका कानूनहरु परिमार्जन भएका छैनन्। |
| ६ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ | १९९१ | राज्य पक्षले महिलाहरुको सबै प्रकारका बेचबिखन र महिलाहरुको वेश्यावृत्ति (Prostitution) मा गरिने शोषणलाई अन्त्य गर्न कानूनी लगायत् सबै उपयुक्त सोपहरु अवलम्बन गर्नुपर्दछ। | सार्क सन्धिले यौन शोषणका लागि हुने बेचबिखनलाई मात्र समेटेको छ।<br>जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ कार्यान्वयनमा रहेको छ।<br>यौन शोषणका लागि हुने बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना बनेको छ। | सार्क सन्धिले सबै प्रकारका बेचबिखनलाई समेट्न सकेको छैन।<br>नेपालले उक्त महासन्धिका आधारमा कानून परिमार्जन गरेको छैन।<br>राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको छैन। |
| ३५ | बाल अधिकार महासन्धि १९८९ | १९९१ | राज्य पक्षहरुले कुनै पनि रुपमा बालबालिकाको अपहरण, बेचबिखनमा पूर्ण रोक लगाउन उचित सबै राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय सोपहरु अपनाउने छन्। | बालबालिका ऐन २०४८ बनेको छ। यसको दफा १६ मा बालबालिकालाई यौन शोषण, क्रूर तथा यातनापूर्ण व्यवहार गर्न, अनैतिक पेशामा संलग्न गराउन प्रतिबन्ध लगाइने छ भन्ने उल्लेख गरिएको छ। | |
| १ | दासता उन्मुलन सम्बन्धी महासन्धि १९२६ | १९६३ | बंधुवा र दास, बलजफ्ती गरिने विवाह र श्रम शोषणका लागि बालबालिकाको बेचबिखन ओसारपसार लगायत्का दासतापूर्ण व्यवहारहरुको उन्मूलन गरिनु पर्दछ। | नेपाल अधिराज्यको संविधान २०४७ को धारा २० को उपधारा २ मा मानिसलाई बेचबिखन गर्न, दास बनाउन, बांधा बनाउन वा कुनै पनि किसिमले निजको इच्छाविरुद्धको काममा लगाउन निषेध गरिएको छ। कमैया निषेध ऐन २०५७ बनेको छ। उक्त ऐन पनि कार्यान्वयनमा प्रभावकारी रुपमा आएको छैन। | उक्त महासन्धिको मर्म अनुसार संविधानमा उल्लेख भए पनि अन्य कानूनहरु परिमार्जन भएका छैनन्। |

## नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय महासन्धिहरु
(महिला र बालबालिकाको बेचबिखनसँग सम्बन्धित मात्र) र कार्यान्वयनको स्थिति

| धारा | अन्तर्राष्ट्रिय घोषणा पत्र र महासन्धिहरु | नेपालले प्रतिबद्धता जनाएको मिति | निर्दिष्ट गरिएका अधिकारहरु | कार्यान्वयनको अवस्था | प्रतिबद्धता र कार्यान्वयन बीचको भिन्नता |
|---|---|---|---|---|---|
| प्रस्तावना | मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ | १९५५ मा नेपाल संयुक्त राष्ट्र संघको सदस्य भए पछि स्वत: यसप्रति प्रतिबद्ध हुनु पर्दछ। | जाति, धर्म, वर्ण र लिंगका आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव गरिनु हुँदैन। | नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ मा समानताको हकका रुपमा व्यवस्था गरिएको छ। | सो अनुसारका कानूनहरु परिमार्जन भएका छैनन्। |
| ६ | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ | १९९१ | राज्य पक्षले महिलाहरुको सबै प्रकारका बेचबिखन र महिलाहरुको बेश्यावृत्ति (Prostitution) मा गरिने शोषणलाई अन्त्य गर्न कानूनी लगायत् सबै उपयुक्त सोचहरु अवलम्बन गर्नुपर्दछ। | सार्क सन्धिले यौन शोषणका लागि हुने बेचबिखनलाई मात्र समेटेको छ। जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ कार्यान्वयनमा रहेको छ। यौन शोषणका लागि हुने बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना बनेको छ। | सार्क सन्धिले सबै प्रकारका बेचबिखनलाई समेट्न सकेको छैन। नेपालले उक्त महासन्धिका आधारमा कानून परिमार्जन गरेको छैन। राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको छैन। |
| ३५ | बाल अधिकार महासन्धि १९८९ | १९९१ | राज्य पक्षहरुले कुनै पनि रुपमा बालबालिकाको अपहरण, बेचबिखनमा पूर्व रोक लगाउन उचित सबै राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय सोचहरु अपनाउने छन्। | बालबालिका ऐन २०४८ बनेको छ। यसको दफा १६ मा बालबालिकालाई यौन शोषण, क्रूर तथा यातनापूर्ण व्यवहार गर्न, अनैतिक पेशामा संलग्न गराउन प्रतिबन्ध लगाइने छ भन्ने उल्लेख गरिएको छ। | |
| १ | दासता उन्मुलन सम्बन्धी महासन्धि १९२६ | १९६३ | बंधुवा र दास, बलजफ्ती गरिने विवाह र श्रम शोषणका लागि बालबालिकाको बेचबिखन ओसारपसार लगायत्का दासतापूर्ण व्यवहारहरुको उन्मूलन गरिनु पर्दछ। | नेपाल अधिराज्यको संविधान २०४७ को धारा २० को उपधारा २ मा मानिसलाई बेचबिखन गर्न, दास बनाउन, बाँधा बनाउन वा कुनै पनि किसिमले निजको इच्छाविरुद्धको काममा लगाउन निषेध गरिएको छ। कमैया निषेध ऐन २०५७ बनेको छ। उक्त ऐन पनि कार्यान्वयनमा प्रभावकारी रुपमा आएको छैन। | उक्त महासन्धिको मर्म अनुसार संविधानमा उल्लेख भए पनि अन्य कानूनहरु परिमार्जन भएका छैनन्। |

| धारा | अन्तर्राष्ट्रिय घोषणा पत्र र महासन्धिहरु | नेपालले प्रतिबद्धता जनाएको मिति | निर्दिष्ट गरिएका अधिकारहरु | कार्यान्वयनको अवस्था | प्रतिबद्धता र कार्यान्वयन बिचको भिन्नता |
|---|---|---|---|---|---|
| १ र १७ | जीउ मास्नेबेच्ने तथा अरुको बेश्यावृत्तिको शोषणको नियन्त्रणको लागि बनेको महासन्धि १९४९ | १९९५ | धारा १: बिना मञ्जुरी वा मञ्जुरी भए पनि महिलालाई बेश्यावृत्तिमा लगाउने कार्य दण्डनीय अपराध हो। धारा १७: बेश्यावृत्तिको प्रयोजनका लागि महिलाहरुको खरिदबिक्री कार्यमा रोक लगाउन राज्यले अध्यागमन स्थलमा आवश्यक जाँच तथा सुरक्षाको व्यवस्था गर्नुपर्नेछ। | जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ कार्यान्वयनमा आएको छ। | उक्त महासन्धि अनुसार राष्ट्रिय कार्यनीति बनिसकेको भएतापनि कानून परिमार्जन भइसकेको छैन। |
| | देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसारपसार निषेध गर्न तथा यस विरुद्ध लड्नका लागि सार्क महासन्धि | सन् २००२ जनवरी २ देखि ६ मा काठमाडौंमा सम्पन्न ११ औं सार्क सम्मेलनबाट पारित | मानव अधिकार र महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु, घोषणापत्रहरुलाई आत्मसात गर्ने उल्लेख गरिएको छ। | जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन कार्यान्वयनमा रहेको छ। | परिमार्जित कानून बनेको छैन। |
| | देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसारपसार निषेध गर्न तथा यस विरुद्ध लड्नका लागि सार्क महासन्धि | सन् २००२ जनवरी २ देखि ६ मा काठमाडौंमा सम्पन्न ११ औं सार्क सम्मेलनबाट पारित | सार्क स्तरमा बेचबिखनलाई उल्लेख गरेर पहिलो क्षेत्रीय कानून निर्माण भएको छ। | सार्क सम्मेलनमा उक्त सन्धिमा नेपालले हस्ताक्षर गरेको छ तर अनुमोदन गरिसकेको छैन। | अनुमोदन गरी कार्यान्वयनमा आएको छैन |
| बुदा नं ४ | चौथो विश्व महिला (बेइजिङ) सम्मेलनमा पारित घोषणापत्र १९९५ | १९९५ | महिलाविरुद्ध हुने हिंसामध्ये प्रमुख एक महिला बेचबिखनलाई निर्मूल गर्ने तथा बेश्यावृत्ति र बेचबिखनबाट हुने पीडित महिलालाई सहयोग गर्ने | बेचबिखनविरुद्ध राष्ट्रिय कार्यदल निर्माण भएको छ। बेचबिखनविरुद्ध राष्ट्रिय कार्ययोजना तयार भएको छ। | प्रभावकारी कानून निर्माण भएको छैन। |
| राष्ट्रिय स्तरमा चालिनु पर्ने कदमहरु बुँदा नं. २२ | संयुक्त राष्ट्रसंघीय महासभाको २३ औं विशेष अधिवेशन (बेइजिङ + ५) २००० जून ५ देखि ९, न्यूयोर्क | २००० जून ५ देखि ९मा उक्त अधिवेशनमा नै उपस्थित भई प्रतिबद्धता जनाएको। | महिला र बालबालिकालाई बेश्यावृत्तिको लागि बेचबिखन गर्ने, जबर्जस्ती विवाह गराइदिने तथा जबर्जस्ती काममा लगाउने जस्ता कार्यहरु रोक्न तिनीहरुको मूल कारण पत्ता लगाई कानूनको तर्जुमा वा संशोधन र अन्य उपायहरुबाट प्रभावकारी कदम चाल्ने। | व्यवहारिक कार्यान्वयनमा आउन सकेको छैन। | |

| नेपालले अनुमोदन नगरेका तर बेचबिखनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरु | | |
|---|---|---|
| क्र.सं | महासन्धि | भएको व्यवस्था |
| १ | प्रवासी श्रमिकहरु र तिनका परिवारहरुको अधिकार रक्षासम्बन्धी महासन्धि १९९० | असामान्य अवस्थामा प्रवासी श्रमिकहरुका विरुद्ध हिंसा गर्ने, डर त्रास देखाउने वा धम्की दिने व्यक्तिहरु, समूहहरु वा अन्यका विरुद्ध प्रभावकारी कार्य गर्ने व्यवस्था छ। धारा ६८<br><br>प्रवासी श्रमिकहरुको अधिकार, सुरक्षाका सवालहरु यस अभिसन्धिले उठाएको छ। धारा १०,२५,३०,४० |
| २ | बालबालिकाहरुको बेचबिखन, बाल यौन व्यापार र बाल अश्लिल चित्रहरुका विषयमा बालबालिकाहरुको अधिकारहरुसम्बन्धी महासन्धि, ऐच्छिक उपलेख(प्रोटोकल) २००० | यस महासन्धिले बालबालिकाको बेचबिखन, आर्थिक लाभका अभिप्रायले बालबालिकाको ओसारप्रसारलाई बन्देज गरेको छ। साथै यसले यौन शोषण, नाफाका लागि अंग प्रत्यारोपण वा बलपूर्वक गराइने श्रमका निमित्त बालबालिकाको दान दिने, ओसारपसार गर्ने वा ग्रहण गर्ने जस्ता बालबालिका बेचबिखनविरुद्ध अपराधिक दण्ड दिने कानून निर्माण गर्न राज्यहरुलाई निर्देशन गरेको छ। |
| ३ | मानव, विशेषगरी महिला तथा बालबालिकाहरुको बेचबिखनलाई रोकथाम र नियन्त्रण गर्ने, अन्तरदेशीय रुपमा हुने सांगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको परिपूरक उपलेख (प्रोटोकल) २००० | यो प्रोटोकल बेचबिखनलाई लक्षित गर्ने सबैभन्दा पछिल्लो अन्तर्राष्ट्रिय दस्तावेज हो। अपराधसम्बन्धी महासन्धिको २ पूरक प्रोटोकल मध्ये एक हो। यो बेचबिखनको क्षेत्रको पहिलो स्पष्ट र फराकिलो परिभाषा समेटेको प्रोटोकल हो। यसले मानव, विशेषगरी महिला तथा बालबालिकाको बेचबिखनलाई मानवअधिकारको घोर उल्लंघनका रुपमा परिभाषित गरेको छ। यसलाई हालसम्म ४१ राष्ट्रहरुले हस्ताक्षर गरेका छन्। उक्त प्रोटोकलले गरेको परिभाषा यसप्रकार छ: "मानिसहरुको ओसारपसार भन्नाले शोषण गर्ने उद्देश्यले मानिसहरुलाई धम्की, बल प्रयोग गरेर वा अन्य तरिकाले जबजस्तीपूर्वक बन्धक बनाएर, जालसाझी गरेर, ढाँटेर, शक्ति वा ओहदाको दुरुपयोग गरी, लोभ देखाएर, पैसा तिरेर वा अन्य कुनै फाइदाको आशा देखाएर भर्ति गर्ने, सहमति गराई अर्को व्यक्तिमाथि नियन्त्रण कायम गरी एक ठाउँबाट अर्को ठाउमा लैजाने, एक ठाउबाट अर्को ठाउँमा लगेर राख्ने, आश्रयमा लिने कार्यलाई जनाउँछ। शोषण भन्नाले न्यूनतम मूल्यमा अरुलाई यौनव्यापारमा लगाई शोषण गर्ने, वा अन्य प्रकारको यौन शोषण, जबरजस्ती श्रम वा सेवा दासता वा त्यस्तै प्रकृतिको काम, नोकर/दास बनाउने, अंगहरु निकाल्ने कार्यलाई समेट्दछ।" सार्क राष्ट्रबाट यसमा हालसम्म हस्ताक्षर भएको छैन। नेपालले यसलाई अनुमोदन गर्नु उपयुक्त देखिन्छ। |

**हाम्रो सरोकार र सुझावहरु**

- CEDAW, बेइजिङ घोषणा लगायत्का अन्तर्राष्ट्रिय कानुनहरु र विभिन्न सम्मेलनमा नेपालका तर्फबाट जनाइएका प्रतिबद्धताहरुलाई अविलम्ब, व्यवहारिक कार्यान्वयन गरिनु पर्दछ।
- नेपालले सहमति जनाएका अन्तर्राष्ट्रिय मानवअधिकार कानुनसंग नबाझिने गरी राष्ट्रिय कानुनमा परिमार्जन गरिनु पर्दछ।
- सार्क महासन्धिले बेचबिखन वा ओसारपसार, महिला तथा बालबालकाहरुको मात्र हुने र जस्को उद्देश्य केवल यौन व्यवसाय नै हो भन्ने सन्धिको शीर्षक तथा प्रस्तावनामा उल्लेखित कुराहरुले विभिन्न उद्देश्यको लागि हुने मानव बेचबिखनको हालको परिवेशलाई नसमेट्ने हुँदा मानव ओसारपसार, विशेषगरी महिला तथा बालबालिकाहरुको विभिन्न प्रयोजनका लागि हुने बेचबिखनलाई समेत समेट्ने गरी महासन्धिको शीर्षक तथा प्रस्तावनामा परिवर्तन गरिनु पर्दछ।
- बेचबिखनलाई मानवअधिकारविरुद्धको अपराधको रुपमा लिएर सोहीअनुरुप सन्धिका प्रावधानहरु राखिनु पर्दछ।
- सार्क सन्धिमा सार्क क्षेत्र भन्दा बाहिरबाट यस क्षेत्रका नागरिकहरुको ओसारपसारमा संलग्न हुने तथा यस क्षेत्रभित्र अपराध घटाएर अन्यत्र गई लुक्ने अपराधीहरुलाई कारवाही गर्न सक्नेगरी आफ्नो क्षेत्राधिकार तोक्न सकेको छैन। तसर्थ, सन्धिको क्षेत्राधिकार सार्कभित्र मात्र नभएर बाहिर समेत तोकिनु पर्दछ।
- सार्क सन्धिमा व्यवस्था गरिएका अपराध कार्यहरुका सम्बन्धमा आपसी कानुनी सहायता माग गर्ने अनुरोधकर्ता राष्ट्रलाई माग गरिएको राष्ट्रले सहयोग पठाउन नचाहेमा कुनै कारण दिएर नपठाउन वा तामेलीमा राख्न सक्ने व्यवस्थाले अभियुक्तलाई सजायबाट छुटकारा मिल्न सजिलो हुने हुँदा त्यस्तो सहयोग माग भएमा सहयोग दिनुपर्ने अन्यथा, राष्ट्रिय कानुन अनुसार कारवाही गर्नु पर्ने अनिवार्य व्यवस्था गरिनु पर्छ।
- सार्क सन्धिअर्न्तगतका अभियुक्तहरुको सुपुर्दगीको आधार राष्ट्रिय कानुन नभई यो सन्धि नै मुख्य आधार हुने व्यवस्था गर्दा सुपुर्दगीसम्बन्धी व्यवस्था बढी

प्रभावकारी हुन सक्दछ।

- पीडितहरुको उद्धार, पुनर्स्थापना लगायत् उनीहरुप्रतिको दायित्व उद्‌गम राष्ट्र (Country of Origin) को मात्र नभएर उत्तिकै जिम्मेवारी रहेको गन्तव्य र आवागमनको राष्ट्र (Country of Destination and Transit) को पनि उत्तिकै दायित्व तोकिनु पर्दछ।
- बेचबिखनमा परेकाहरुको आधारभूत मानवअधिकारको सम्मान सहित उद्धार, पुनर्स्थापना, पुनर्मिलन, क्षतिपूर्ति, सामाजिकीकरण तथा सशक्तिकरणको लागि तथा बेचबिखन नियन्त्रणको निमित्त नीतिगतरुपमा राज्यहरुको मूलभूत दायित्व (State Responsibility) सम्बन्धी व्यवस्थालाई समेटिनु पर्छ।
- उपचार तथा अन्य कुनै पनि काम कारवाही वा प्रक्रिया अपनाउँदा पीडितहरुको गोपनियताको हक (Right to privacy) पूर्ण सुनिश्चित गरी पूर्ण न्याय प्रदान गरिने प्रत्याभूती गरेको खण्डमा मात्र पीडितले आफूले पूर्ण न्याय पाएको अनुभूति गर्नेछन्।
- न्यायिक उपचारका अन्य उपाय तथा निकायहरुको उपयोगपश्चात् पनि पीडितले न्याय पाउन नसकेको खण्डमा अन्तिम तहको सुनुवाईको लागि क्षेत्रीय न्यायालय (Regional Court) को स्थापना भएमा सन्धि कार्यान्वयनको उच्चस्तरको उपायका रुपमा रहन सक्छ।

ग्लोबल एलाएन्स अगेन्स्ट ट्राफिकिङ्ग ईन वीमन (GAATW) द्वारा तयार पारिएको बेचबिखनमा परेका व्यक्तिहरुसंग व्यवहार गर्दा अपनाउनु पर्ने न्यूनतम मानवअधिकारका मापदण्ड महिला मन्त्रालयले स्वीकार पनि गरि सकेको अवस्थामा जीउ मास्ने बेच्ने कसुर सम्बन्धी ऐन २०४३ लाई नागरिक समाजको तर्फबाट मानवअधिकारवादी दृष्टिकोणबाट राखिएका सुझावहरु समेत समेटी, अबिलम्ब संशोधन गरी पारित गरिनु पर्दछ।

लघुकथा

# हरिको चाला

यता झगडा, उता झगडा, एम्बुसमा परिने हो कि बम विस्फोटमा, केही निधो नभएपछि हरि मुगलान पस्यो। चार वर्ष मुगलानमा बिताएर घर फर्कंदा उसले धेरै परिवर्तन देख्यो। सँगसँगै बाख्रा चराउन जाने माइली हलक्कै बढेकी थिई। ऊ माइलीको जोवनसंग मनमनै लोभिएको थियो। माइली पनि दौंतरीको लाहुरे चालासंग आकर्षित भएकी थिई।

एकदिन माइलीलाई बाख्रा चराउन एक्लै गएको मौका पारेर हरिले आफ्नो स्वार्थपूर्ती गर्न मायाको बल्छि फ्यांक्यो। हरिको कुरा सुनेर माइली दंग परी। हरिले पनि उसलाई सपना बाँड्न थाल्यो। शहरमा यस्तो हुन्छ, उस्तो हुन्छ भनेर रवाफ दिन थाल्यो। शहरको तामझाम र सुखी जीवनको बयानमा माइली लोभिई। नलोभियोस् पनि किन? बिस्तारै आफ्नै ठाउं बिरानो हुँदैथ्यो। जता हेर्‍यो, उतै रगतका टाटा मात्र देखिन्थे। माइलीले यस्तो जीवनबाट उम्कने उचित मौका देखी। दु:ख नगरी राम्रै खान पाउने, राम्रै लाउन पाउने भएपछि कसले दु:खको टन्टो बेहोर्‍योस्। अनि उसले पनि मौकामा चौका हानी।

हरिले उसलाई बिहे गरेर शहर लाने सपना देखाएको थियो। त्यसैको आश र उसको लाहुरे चालामा समर्पित हुँदै माइली हरिप्रति समर्पित भई। हरि र उसको जोडा एकदमै मिलेको थियो। त्यसमाथि उनीहरुको मायाको बयान गरी साध्य थिएन। बिस्तारै एक कान दुई कान हुँदै गाउँभरि हल्ला फैलियो। माइलीका बाउले यो कुरा पचाउन सकेनन्। उनलाई यो सम्बन्ध मन परेको थिएन। उनले सम्झाए, केही जोर चलेन। बाउको विरोध माइलीलाई असहय भयो। त्यही झोंकमा ऊ हरिसंग सुटुक्क मुगलान पसी।

उता गएपछि माइली बेचिई। ऊ नर्कजस्तो कालकोठरीमा दुर्दान्त दिनहरु बिताउन बाध्य भई। थुप्रै समयपछि कुनै संस्थाको सहयोगमा ऊ गाउँ फर्कन सफल भई। फर्कदा ऊ असाध्य रोगले ग्रस्त थिई। आफूमाथि अन्याय परेकोले फर्केपछि फर्काउनेहरुकै सहयोगमा न्याय पाउन उसले जाहेरी दिई। यता हरि भने थुप्रै माइलीहरुको जोवन बेचेको पैसाले धेरै शक्तिशाली भइसकेको थियो। उसको आफ्नै गिरोह थियो, जसले थुप्रैलाई कहाली लाग्दो जीवन बिताउन बाध्य पारेको थियो। उसको पैसा र पहुँचको अगाडि माइलीको केही जोड चलेन। उसले न्यायको लागि चहार्दा-चहार्दै थुप्रै वर्ष बिताई। न्याय नमिल्दै उसको जीवन असाध्य रोगले सिध्यायो। हरि भने आफ्नो धन्दामा मस्त थियो। उसले न कुनै अदालतसामू उभिनुपर्‍यो न त कुनै प्रहरी कार्यालयमा बयान नै दिनुपर्‍यो।

*– केपी थपलिया*

कविता

## दलालबाट बचौं

● शुभकामना पौडेल, रौतहट

चेलीबेटी बेचबिखन, अझ बढ्दै गइराछ।
समाजका चेलिबेटी, हराउने काम भइराछ।।

विवाह गर्ने भनी ललाइ-फकाइ, सीमा पार गर्ने।
कोठीमा पुर्‍याएपछि, दलालले खल्ती भर्ने।।

दिनदिनै कुटपिट गर्छे, कोठी मालिकनीले।
आफ्नो जीउ बेचे पनि, कमाइ खान्छ अर्काले।।

लोभ-लालच देखाएर, फकाउने गर्छन् कोही।
सीमामा पुगेपछि पुलिससँग भन्छन्-म उनको पोइ।।

एड्सजस्तो रोग पनि त्यही कोठीमा सर्छ।
यो रोग लागे निको नभई अकालमै रोगी मर्छ।।

भाइ, बन्धु, इष्टमित्र अनि हुन्छन् पति, पुत्र, प्यास।
सोच-विचार पुर्‍याउ है चेली, दलाल हुन सक्छन् त्यहीं त।।

अन्याय र अत्याचारको, विरोध गर्न हामी सब उठौं।
अरु कुरा सब छाडी अब चेलीहरु दलालबाट बचाऔं।।

निधारमा लेख्या हुन्न, यो हो दलाल भनी।
दलाल चिन्ने तरिका हो, सोच-विचार पनि।।

चिनेकै भए पनि विश्वास गरी हाल्नु हुन्न।
दलालले रच्न सक्छ, उपाय भिन्न-भिन्न।

*(यो कविता हिमराइटसद्वारा प्रकाशित **अधिकार** वर्ष २ अंक ७, ०६० बाट साभार गरिएको हो- सम्पादक)*

कथा

# आमाको सम्झना

**– विपना थापा**, शक्ति समूह

खै कहाँबाट शुरु गरुँ मेरो जीवन कथा ? मेरो कहालीलाग्दो जिन्दगीलाई आज बाँच्ने प्रयासमा डोऱ्याएर हिंडिरहेकी छु।

मेरो जन्म वि.सं. २०४१ सालमा नेपालको अति सुन्दर ठाउँ काठमाण्डौमा भएको थियो। दुर्भाग्य भनौं या भाग्यको खेल, आमाको न्यानो काख के हो, आमाको माया के हो भन्ने आभाष नहुदै मेरी आमा मलाई एक्लै छाडेर यो संसारबाट विदा लिन पुगिन्। आर्थिक रुपले ज्यादै कमजोर मेरो परिवार। सुत्केरी हुने व्यथाको अवस्थामा पनि अस्पतालको ढोका समेत हेर्न नपाई आमा मरिन्। आमाले साँझ बिहानको छाक टार्नको लागि आफ्नो शरीरलाई जोखिममा समेत पार्न पछि नपर्ने गर्थिन्। मेरो बाजे बजै साहुको घरमा काम गर्नुहुन्थ्यो। मेरी आमा पनि त्यही काम गर्ने गनुहुन्थ्यो। बिहान ३ बजे देखि राती १२ बजेसम्म मेरी आमा काममा जोतिरहने गर्थिन। तर, उनको त्यो परिश्रमको कुनै मूल्य थिएन। जति काम गरेपनि मीठो, चोखो खाना कहिल्यै पाइनन्। हजुर बुवाको पालामा साहुसँग लिएको २ हजार रुपियाँ मेरी आमाको पालोसम्म पनि तिरिएको थिएन। ब्याज साँवा गराएर साहुले सधै जोताइरहेको हुन्थ्यो।

एक दिनको कुरो हो बजै खेतमा काम गर्दै हुनुहुन्थ्यो। बाजे भैंसी चराउन जंगल लैंजानु भएछ। भैसी डुबेर मरेछ। यो खबर सुन्नासाथ साहु रिसले चुर हुँदै बाजेलाई खोज्न गएछ। बाजे डराउँदै एउटा चौतारीमा घोप्टो मुन्टो लगाएर बसिरहेका थिए। पछाडिबाट खुकुरीले गर्दनमा हानी मारिदिए। नमारी दिनोस्, बरु हामी बाहिर काम गरेर तपाईको भैंसी जस्तो अर्को भैंसी किनिदिन्छु भन्दै बजैले गरेको विन्तिभाउँ काम लागेन। ती अबोला महिलाको आवाज कस्ले नै सुन्थ्यो र। गरीब दुःखी रुदाँ खुशीयाली मनाउन साहु अटाहास शब्दले चौतारो थर्कने गरी हाँस्यो। बजै धेरै रोइन कराईन्। तिनको रुवाई कस्ले सुन्ने त्यहाँ साहुले जे चाहयो त्यही हुन्थ्यो। त्यहाँ गरिबको कुनै अस्तित्व नै थिएन। बजै बाजेको मृत्युपछि निकै बिरामी परिन। मेरी आमाले बजैलाई अस्पताल लैजानको लागि साहुसँग बिन्ति भाउ गरीन्। तर साहुँले एक कानले सुनेर अर्को कानले उडायो। आमाले बजैको लागि सारा दुनियासँग सहयोग मागिन तर यो स्वार्थी दुनियामा ती अबलाको आवाजलाई बाहिर हावामा उडाई दियो। एकदिनको कुरा हो रातको समयमा बज्यैलाई ब्यथाले साह्रै नै च्यापायो। साहुँले केही पैसा देला कि भन्ने अभिलाषा बोकेर मेरी आमा साहुँको ढोका ढकढकाउन गईन। पहिला त साहुँले हुन्छ म सहयोग गरिहाल्छुनि बरु भन कति चाहिन्छ भनी भित्र बोलायो। साहुँको यस्तो वचनले मेरो आमाको मनमा खुसीको सीमै रहेन। हे भगवान धन्य छौं तिमी अब म मेरी आमालाई औषधी उपचार गर्न सक्छु भनी निकै खुसी भइन तर त्यो खुसी धेरै समयसम्म टिक्न सकेन। उनी ढोकाबाट भित्रमात्र के पसेकी थिइन साहुँले हातमा तानेर मेरो आमाको मुख बन्द गरीदियो। लतारदै विस्तारामा राखी बलात्कार गऱ्यो। त्यो समयमा मेरी आमा वल्ल तेह्र वसन्त पार गरेर चौधमा मात्र पाइला टेकेकी थिईन रे। आमालाई साहुले बलात्कार गर्दा उता मेरी बजै छोरी छोरी भन्दै कराउदै थिईन। केहिछिन अगाडिको मेरी आमाको खुसीले जीन्दगीमा कहिल्यै भुल्न नसक्ने गरी दाग लगाई दियो। आमा साह्रै रोईन। चारैतिर गुहार मागिन तर उनको दुःख सुनिदिने कोही भएन। समयले निकै कोल्टो फेरी सकेको थियो। मेरी आमाको जवानी माथि साहुँको गिद्धे आँखा परिसकेको थियो। मेरी आमाले आफ्नो इज्जत बचाउन सकिनन्। साहुँ भनाउदो ब्यासोले गिद्धले झै चुसे पछि विचरा मेरी आमाले के नै गर्न सक्थिन र ? आफ्नो अस्मिता बचाउन कति रोइन कति गुहार मागिन। तर यो समाजले मुर्कुटा जस्तै दिउसै निदाएको नाटक गरीदिएपछि कस्को के लाग्छ र ! त्यसपछि मेरी आमा रुदै बजै भएको ठाँउमा पुगिन। बजै भने यो संसारलाई सदा सदाको लागि छाडेर गइसकेकी थिइन। भगवान् पनि कत्ति निष्ठुरी र स्वार्थी हुँदारहेछन। भाग्यले यसरी किन पटक पटक ठक्कर दिन्छ भनेर वजैलाई अंगालो मारेर भक्कानो फुटाएर रुन थालिन आमा आज तिमीलाई बचाउला अस्पताल लगि औषधी उपचार गरौला भन्ने आशा बोकेर गएकी थिए। त्यसको बदलामा मेरो यो हालत भयो। म लुटिए पनि। यो समाजमा कसरी मुख देखाएर बस्ने ? आमा म तिमीलाई बिन्ती गर्छु। मलाई पनि तिमीसँगै लैजाउ। अव म कस्को मुख हेरेर वाचु ? मेरो जिउदो लासलाई नछोड आमा। नितान्त एक्लो पारेर किन गयौ आमा

एकदिन अब यहाँ नवस्ने कुनै ठाँउमा गएर काम गर्छु भन्ने अभिलाषा लिएर आमा काम गर्दै थिइन। त्यत्तिकमा साहु आएर आमालाई वेसमारी पिट्न थाल्यो। त्यसपछि आमाको हातखुट्टा बाँधेर पिट्थ्यो। पिटिसकेपछि वलात्कार गरेर आफ्नो तृष्णा पूरा गर्ने गर्थ्यो। रातदिन यस्तो ब्यवहारले आमाले त्यहावाट भाग्न बाध्य वनायो। त्यही गाउँकी एकजना दिदीको साथमा रातको समयमा आमा काठमाण्डौ शहर आइन। आमाको साथमा लगाएको एकसरो जामा वाहेक केही थिएन। शहरमा आउनलाई पैसा समेत थिएन। शहरमा आएर के काम गर्ने भन्ने केहि थाहा थिएन। केवल यो पापीको वन्धनवाट मुक्त हुनु नै मेरी आमाको उद्धेश्य थियो। त्यहाँवाट ३ घण्टा पैदल हिडेर वसमा चढी आमा शहरमा आइपुगिन। शहरमा आएर गाउँकी दिदिले आमालाई गलैंचा कारखानामा काममा लगाइ दिइन्। ठेक्कामा काम गरेकीहुनाले ठेकेदारले केही महिनासम्म खाना मात्र दियो। गाउँवाट आएको ३ महिनापछि आमालाई थाहा भएछ- उनको पेटमा पापीको पापले बास लिएको रहेछ। आमा दिन प्रतिदिन कमजोर हुदैं गइन। आमाको यस्तो अवस्था देखि ठेकेदारले कामवाट निकालिदियो। आमाको विन्तिलाई पैसा मुखि ठेकेदारले सुनेन। त्यहाँवाट निस्केर गीटी कुट्नको लागि चोभार गइछन्। त्यहाँ उनले केहि समय काम गरिन। तर बच्चा जन्मीने अवस्थामा भएको भिटामिनको कमीले बेलामा तातो एकगास खानाखान नपाई उनले १४बर्ष पुरै कटाई सकेकी थिईन। खानपिन बिना एक्लै त्यो जगलमा ढुगासँग तछाड मछाड गर्दै जुधदै जीवनलाई मृत्युको मुखमा धकेली मलाई जन्म दिइन्। तर आफू चाहि त्यो दुःखै दुःखको दलदलवाट कहिल्यै पनि नआउने गरी मुक्त भईन। मेरी आमाको जीवन गाथा मलाई पाल्ने आमाकी साथीले मलाई सुनाएकी थिइन्।

•

# वेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिका बेचबिखन/ओसारपसार विरुद्धको सार्क अभिसन्धि हस्ताक्षरको दुई वर्ष

डा. रेणु राजभण्डारी

**पृष्ठभूमि**

महिला तथा बालबालिका बेचबिखन/ओसारपसारलाई समस्या हो भनी राष्ट्र प्रमुखहरुलाई आत्मसात गराउनका लागि नै दक्षिण एसियाली मुलुकका महिला तथा बालअधिकारवादी संघ-संस्थाहरुलाई लामो कसरत गर्नु परेको यथार्थ हामी सबैका सामू छ। लामो प्रयास र अनवरत संघर्षका कारण नवौं सार्क सम्मेलन (सन् १९९७) मा यस क्षेत्रका राष्ट्र प्रमुखहरुले उक्त समस्यालाई आत्मसात गरे। संघर्षरत संस्थाहरुले महिला तथा बालअधिकारको क्षेत्रमा केही सकारात्मक परिवर्तन होला भनी सन्तोषको सास फेरे तर संघर्ष भने यतिमै टुङ्गिएन र टुङ्गिने कुरा पनि भएन। सन् १९९७ मा राष्ट्र प्रमुखहरुले बेचिबिखनको समस्यालाई समाधान गर्नका लागि एउटा क्षेत्रीय संयन्त्रको विकास गर्ने निर्णय गरेतापनि विकासका लागि भने खासै तत्परता देखाइएन। राष्ट्रप्रमुखहरुको यस प्रकारको उदासिनतालाई मध्यनजर गरी नागरिक समाजका तर्फबाट यस प्रकारको क्षेत्रीय संयन्त्रको प्रारुप कस्तो हुनुपर्ने हो भन्ने विषयमा आफूहरुभित्र छलफल र बहसहरु चलाउन थालियो। त्यसबाट सरकारहरुमाथि दबाब सृर्जना भयो। फलस्वरुप, सरकारी पक्षबाट क्षेत्रीय अभिसन्धिको ढाँचा तयार गरियो। सरकारहरुबाट तयार गरिएको उक्त प्रारम्भिक दस्तावेजमाथि नागरिक समाजभित्र फेरि बहस चल्यो। उक्त दस्तावेज अपूर्ण रहेको एवं मानवअधिकारमुखी नभएको ठहर सबै पक्षबाट गरियो। आ-आपना देशभित्र विभिन्न मानवअधिकारवादी, महिलाअधिकारवादी एवं विकाससँग सम्बन्धित संघ-संस्थाहरुभित्र त्यसमा गर्नुपर्ने परिवर्तन एवं समावेश नगरी नहुने विषयवस्तुहरुमाथि छलफल एवं बहस शुरु गरियो। सुझावसहित आ-आपनो देशभित्र आ-आपना सरकारी प्रतिनिधिहरुसँग पनि छलफल गरियो। विभिनन नेटवर्क संस्थाहरुले विस्तृत सुझाव सहितको अभिसन्धिको खाका तयार गरे। त्यसैगरी दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) भित्रका राष्ट्रप्रमुखहरुले तयार गरेको उक्त अभिसन्धिमाथि मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तद्वारा पनि विशेष पहल गरी छलफल अगाडि बढाइयो।

क्षेत्रीयरुपमा बेचबिखन-ओसारपसार विरुद्धको परिकल्पना एवं त्यसका लागि विशिष्ट संयन्त्रको विकासका निम्ति यस क्षेत्रका राष्ट्रहरुले व्यक्त गरेको प्रतिबद्धता आफैमा एउटा अनुकरणीय उदाहरण थियो। मानवअधिकारको दृष्टिकोणबाट पूर्ण एवं सक्षम दस्तावेज बन्न सकेमा विश्वको सामू उक्त संयन्त्र नमुना बन्न सक्ने सम्भावना बलियो थियो। दक्षिण एसियाली मुलुकहरुका राष्ट्र प्रमुखहरुद्वारा तयार गरिएको यो दस्तावेजमा संयुक्त राष्ट्रसंघको मानवअधिकारसम्बन्धी तात्कालीन उच्च आयुक्त मेरी रोबिन्सन्ले आफ्नो कार्यालय एवं व्यक्तिगत तवरबाट पनि यसमा पूर्ण सरोकार जनाएकी थिइन्। त्यसैगरी संयुक्त राष्ट्रसंघीय महिला हिंसाविरुद्धको तात्कालीन विशेष प्रतिवेदक राधिका कुमारास्वामीले यसमा विशेष पहल गरेकी थिइन्। यसै सन्दर्भमा उनले आफ्नो नेपाल भ्रमणका क्रममा सार्क सचिवालयमा भेटघाट एवं गैरसरकारी संघ-संस्थाका प्रतितिधिहरुसँग पनि छलफल गरेकी थिइन्। आफ्नो देश श्रीलंकाभित्र विभिन्न प्रकारले एवं विभिन्न औपचारिक अवसरहरुमा उनले यस बारेमा आफ्नो धारणाहरु प्रस्तुत गरेकी थिइन्। श्रीलंकाका महिला अधिकारवादीहरुको अगुवाइमा यो अभिसन्धिमा के छ, के छैन भन्नेबारेमा क्षेत्रीय सम्मेलन गरिएको थियो। त्यसमा सबै दक्षिण एसियाली मुलुकका प्रमुख महिला अधिकारवादीहरुको संलग्नता थियो। त्यसमा उनको महत्वपूर्ण भूमिका एवं सुझावहरु रहेको थियो।

सार्क अभिसन्धिको बारेमा छलफल एवं चर्चा गर्न बंगलादेशी महिला अधिकारवादीहरु पनि अग्रपंक्तिमा रहे। उनीहरुले आफ्नो देशभित्र छलफल चलाउनुका साथै दक्षिण एसियाली सार्क क्षेत्रीय सम्मेलन मार्फत् बारम्बार यस विषयमा चर्चा चलाए र अर्को दस्तावेज तयार गरे। यसरी अग्रणी भूमिका निर्वाह गर्ने नेटवर्क समूहमा बंगलादेशमा सचिवालय रहेको रेजिष्टेन्स नेटवर्कले महत्वपूर्ण भूमिका खेलेको थियो। त्यस नेटवर्कमा महिला पुनर्स्थापना केन्द्र र महिला तथा बालबालिका बेचबिखन विरुद्धको सहकर्मी समूहको महत्वपूर्ण भूमिका रहेको थियो। दक्षिण एसियाली मुलुकको सबभन्दा ठूलो राष्ट्र भारतभित्र पनि यस बारेमा यथेष्ट रुपमा छलफल गरियो। भारतीय परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरुलाई भेट्ने र आफ्नो ज्ञापन पत्र बुझाउने जस्ता कार्यहरु हुनुका साथै भारतका प्रसिद्ध मानवअधिकार कानुनवेत्ता शिला भार्सेको अगुवाईमा यस प्रकारको क्षेत्रीय अभिसन्धि कस्तो हुनु पर्ने हो, त्यसमा के-के समावेश गर्नु पर्ने हो तथा सरकारले तयार गरेको अभिसन्धिमा के-के परिवर्तन गरेमा यो मानवअधिकारलाई सम्मान गर्ने खालको दस्तावेज बन्न सक्दछ भन्ने बारेमा व्यापक छलफल र विश्लेषण गरी नयाँ दस्तावेजसमेत तयार गरियो। त्यसमा नेपाल र बंगलादेशका मानवअधिकारवादी कार्यकर्ताहरुको महत्वपूर्ण भूमिका थियो। उक्त दस्तावेजलाई भारतीय सरकारले राम्ररी मनन गर्ने प्रतिबद्धता सहितको पत्र निर गौरभ फाउण्डेसनलाई दिएको छ र त्यो अझै सुरक्षित छ (स्रोत: निर गौरभ फाउण्डेसन)। यस्ता खाले विभिन्न स्तरबाट 'महिला तथा बालबालिका बेचबिखन-ओसारपसार विरुद्ध' को अभिसन्धि तयार गर्ने सिलसिलामा प्रयासहरु भए। क्षेत्रीय स्तरबाट समस्यालाई आत्मसात गराउने समयदेखि सार्क अभिसन्धिमा हस्ताक्षर हुन्जेलसम्म गरिएका, भएका केही महत्वपूर्ण प्रयासहरु निम्न छन् :

- सन् १९९६ को डिसेम्बर महिनामा सार्क मुलुकका परराष्ट्र मन्त्रिस्तरीय बैठकमा विभिन्न संघसंस्थाहरुले सार्कका परराष्ट्र मन्त्रीहरुलाई भेटी यस क्षेत्रमा भइरहेको चेलिबेटी बेचबिखनको समस्याको बारेमा अवगत गराएका थिए। बंगलादेश, भारत, पाकिस्तान, श्रीलंका र नेपालका मानवअधिकार तथा महिलाअधिकारवादी संघसंस्थाहरुले सार्कका सदस्य राष्ट्रका सरकार प्रमुखसँग चेलिबेटी बेचबिखनलाई मुख्य मुद्दाको रुपमा लिन एवं १९९७ मा हुन लागेको सम्मेलनमा समावेश गर्न अनुरोध गरे।
- सन् १९९७ को अप्रिल महिनाको अन्तर्राष्ट्रिय नेटवर्कहरु जस्तै रेजिस्टेन्स र एशियाली महिला मानवअधिकार समितिसँग मिलेर सामुहिक पोजिसन पेपर, नवौं सार्क शिखर सम्मेलनभन्दा अगाडि तयार भएको थियो। यसरी गैरसरकारीसंस्थाहरुको अनुरोध एवं गतिशीलताका कारण मालेमा भएको नवौं सार्क शिखर सम्मेलनमा सरकार प्रमुखद्वारा यो समस्यामा चिन्ता व्यक्त गरिनुका साथै क्षेत्रीय अभिसन्धि तयार गर्न सम्भाव्यता अध्ययनको निम्ति निर्देशन दिइयो।
- सार्कका राष्ट्रप्रमुखद्वारा एकै स्वरमा यसप्रकारको जघन्य अपराधको रोकथामका लागि सबै किसिमका उपायहरु अपनाइने प्रतिबद्धता जाहेर गरियो।
- नवौं शिखर सम्मेलनपछि परराष्ट्र मन्त्रालयका सचिवहरुद्वारा यस समस्यामा काम गरिरहेका संघसंस्थाहरुसँग भेटघाट गरी के-कस्ता कार्यहरु गर्ने भनी छलफल प्रारम्भ भयो। महिला तथा समाजकल्याण मन्त्रालयले सार्क अभिसन्धिको ड्राफ्ट तयार गर्ने जिम्मेवारी ग्रहण गरी सो तयार गरेपछि काठमाण्डौमा १९९७ सेप्टेम्बर २१-२२ मा प्राविधिक समितिको बैठकमा पेश गर्‍यो।
- यसैबीच नेपालमा विभिन्न मानवअधिकारवादी र महिलाअधिकारवादी संघसंस्था मिली गठन भएको महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसार विरुद्ध सहकर्मी समूह नेपाल (एटविन) द्वारा अभिसन्धि छिटै तयार गरियोस्, क्षेत्रीय अदालतको व्यवस्था होस् एवं पुनर्मिलनको लागि क्षेत्रीय कोषको व्यवस्था होस भन्ने माग राख्दै सार्क राष्ट्रप्रमुखहरुको नाममा पत्र अभियान सञ्चालन।
- अभिसन्धिको ड्राफ्टमाथि छलफल गर्न १९९८ जुन १८-१९ तारिखमा दिल्लीमा सार्क प्राविधिक समितिको बैठक। अरु देशमा तयार भई आएको ड्राफ्टलाई आधार मानी भारतद्वारा अर्को ड्राफ्ट तयार। विशेषज्ञ समितिको बैठकमा बंगलादेशमा दुई वटा गैरसरकारी संस्थाहरु UBINIG एवं Ain Oshalist Kendra को संलग्नता रहेको थियो।
- १३ औं प्राविधिक समिति (महिला तथा बालबालिका अभिसन्धि) मा पनि ड्राफ्टमाथि छलफल तथा १० औं सार्क शिखर सम्मेलनमा प्रस्तुतिको निम्ति तयारी।
- १९९८ जुलाईमा दशौं सार्क शिखर सम्मेलनमा रेजिष्टेन्स नेटवर्क तथा अरु संघसंस्थाहरुद्वारा प्रस्तुत गरिएको ड्राफ्टमा संशोधन गर्ने अनुरोधका साथै प्रेस वक्तव्य। शिखर सम्मेलनद्वारा केही संशोधनसहित एघारौं शिखर सम्मेलनमा पेश गर्ने निर्देशन।
- ड्राफ्टलाई स्तरीय बनाउने मतशायले सार्क राष्ट्रहरुका विभिन्न संघसंस्थाहरुद्वारा आपसमा छलफल प्रारम्भ।
- यसका अतिरिक्त मुम्बईमा निर गौरभ फाउण्डेसनको सक्रियतामा भएको छलफल र दिल्लीमा जागोरीद्वारा गरिएको छलफलले महत्वपूर्ण स्थान ओगटेका छन्।

यसरी राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय मञ्चमा यो अभिसन्धि चर्चित रह्यो, बहस चल्यो र अन्त्यमा सन् २००२ को जनवरी ४ देखि ६ सम्म काठमाण्डौमा भएको ११ औं सार्क शिखर सम्मेलनमा सार्क राष्ट्रप्रमुखहरुबाट यो अभिसन्धि पत्रमा हस्ताक्षर भयो।

**हस्ताक्षर पछिको अवस्था**

नागरिक समाजको तर्फबाट विशेष पहल, व्यापक दबाब एवं अनुरोध पश्चात् तयार पारी हस्ताक्षर गरिएको यो अभिसन्धि मानवअधिकारमुखी नभएको तथा अत्यन्तै फितलो भएको ठहर मानवअधिकारवादी कार्यकर्ताबाट गरिएको थियो। काठमाण्डौको वीरेन्द्र अन्तर्राष्ट्रिय सभागृहमा राष्ट्रप्रमुखहरुबाट गरिएको हस्ताक्षरसँगसँगै ब्लुस्टार होटलमा मानवअधिकारवादी समूहले प्रेस सम्मेलन गरी व्यक्त गरेका धारणाहरु पत्रपत्रिकाको माध्यमबाट बाहिर आएका थिए, र अझै पनि पत्रिकाहरुका ती कटिङहरु विभिन्न संघ संस्थाहरुसँग सुरक्षित छन्। यो अभिसन्धि यस्तो फितलो रुपमा आउनुको मुख्य कारण हो सरकारको हठ धार्मिता, सरकारले नागरिक समाजका विभिन्न विशेषज्ञहरुबाट ठूलो मेहनतका साथ तयार गरिएको दस्तावेजमा दिइएका सुझावहरुलाई सरकारी दस्तावेजमा समावेश नगर्नु।

यहाँनेर हामीले याद गर्नुपर्ने कुरा के छ भने यस अभिसन्धिको प्रारुप तयार गरी छलफलमा आएको बेलादेखि विभिन्न मानवअधिकारवादी संघसंस्थाहरुद्वारा यसलाई मानवअधिकारमुखी बनाउन अनुरोध गर्नुका साथै के-कस्तो कुरा थपिएमा यो मानवअधिकारमुखी हुन्छ भन्ने नमूना अभिसन्धि समेत बनाई राष्ट्रप्रमुखलाई सुझाव दिइएको थियो। संयुक्त राष्ट्रसंघीय मानवअधिकार सम्बन्धी उच्च आयुक्त मेरी रोबिन्सन् एवं महिला हिंसाविरुद्धका विशेष प्रतिवेदक राधिका कुमारास्वामी दुवैबाट विभिन्न सुझावहरु सार्क क्षेत्रका विभिन्न राष्ट्रलाई प्रदान गरिएको भए पनि सार्क राष्ट्रप्रमुखहरुले त्यसलाई खासै महत्व दिएनन्।

**क्षेत्रीयरुपमा बेचबिखन-ओसारपसार विरुद्धको परिकल्पना एवं त्यसका लागि विशिष्ट संयन्त्रको विकासका निम्ति यस क्षेत्रका राष्ट्रहरुले व्यक्त गरेको प्रतिबद्धता आफैमा एउटा अनुकरणीय उदाहरण थियो।**

## यो अभिसन्धिमा सुधार गर्न संघसंस्थाबाट दिइएका सुझावहरु

**अवधारणागत अस्पष्टता हटाउनु पर्ने**

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध यौन–व्यापारमा लगाउन वा यौन-शोषण गर्न, सराउनमा मात्र सीमित नभई बँधुवा मजदुर बनाउन, अंग प्रत्यारोपण गर्न तथा जोखिमपूर्ण काममा लगाउने लगायत् अन्य विभिन्न प्रयोजनको लागि हुने गरेको छ। यस पृष्ठभूमिमा अभिसन्धिले समग्र मानव बेचबिखनको अपराधलाई समेट्नु पर्दछ। यसका साथै बसाइसराइ तथा ओसारपसार र यौन व्यापार तथा बेचबिखनमा रहेको फरक सम्बन्धलाई अभिसन्धिले स्पष्ट पार्नु आवश्यक छ।

**अभिसन्धिको नाममा संशोधन**

अभिसन्धिको नाम 'मानव विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको सार्क अभिसन्धि २००२' रहने गरी परिवर्तन गरिनु पर्दछ।

**अभिसन्धिको प्रस्तावनामा सुधार**

बेचबिखनको दायरालाई फराकिलो पार्दै अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ र संयुक्त राष्ट्रसंघीय मानव बेचबिखनविरुद्धको आलेख २००० प्रतिसमेत एक्यबद्धता, सम्मान प्रकट गर्ने गरी प्रस्तावनालाई सच्याउनु आवश्यक छ।

**परिभाषामा सुधार**

अभिसन्धिको परिभाषा खण्डमा उल्लेखित 'बेचबिखन तथा बेचबिखनकर्ता' जस्ता शब्दहरुको परिभाषालाई सबै प्रयोजनको लागि गरिने बेचबिखनजन्य कार्यहरुलाई समेट्ने गरी फराकिलो बनाउनु पर्दछ। अभिसन्धिअन्तर्गत बेचबिखनको परिभाषा गर्दा कुनै ठाउँमा लैजाने, बिक्री गर्ने, खरिद गर्ने, थुनामा राख्ने, अपराध गर्ने आदेश, निर्देशन दिने, अपराधीलाई बचाउन सहयोग गर्ने, जानाजानी सवारी साधन प्रयोग गर्न दिने, शोषणको उद्देश्यले अश्लील सामग्री निर्माणका लागि प्रयोग गर्ने, अपराधसँग सम्बन्धित साक्षी प्रमाण नष्ट गर्ने, पीडित व्यक्तिलाई धम्क्याउने, झुठ्ठा प्रमाण सिर्जना गर्ने जस्ता कार्यहरु समेत समावेश गर्नु पर्दछ।

**अपराधको गाम्भीर्यता बढाउने परिस्थितिमा थप सजाय**

अपराधको गाम्भीर्यता बढाउने परिस्थितिहरु जस्तै नाबालक विरुद्धमा गरिने अपराध, पटके अपराध, सार्वजनिक पदमा भएको व्यक्तिबाट भएको अपराध, संगठित आपराधिक गिरोहबाट भएको अपराधहरुमा थप सजायको कानुनी व्यवस्था गर्नु पर्दछ।

**न्यायिक कार्यविधिमा विशिष्टता**

मानव बेचबिखन एक विशेष प्रकारको अपराध भएकोले पीडितको परिचय तथा रेकर्डको गोपनियता सुरक्षित गर्न अभिसन्धि अन्तर्गतका अपराधहरुमा बन्द इजलासबाट कारवाही गर्ने व्यवस्था गर्नु पर्दछ। पीडित व्यक्ति तथा निजका परिवारको सुरक्षा, साक्षीको गोपनियता, सुरक्षा एवं आर्थिक सहयोग तथा छिटो सुलभ एवं निष्पक्ष न्यायको प्रत्याभूति विना अभिसन्धिको कार्यान्वयन प्रभावकारी हुन सक्दैन।

**पीडितको मानवअधिकारको प्रत्याभूति**

राष्ट्रहरुले पीडित व्यक्तिलाई निजको लिंग वा निजको अवस्थाका आधारमा वा निजको यौन व्यवसायमा काम गरेको आधारमा कुनै पेशा, व्यवसाय गर्न वा अन्य सामाजिक हैसियतमा भेदभाव नहुने तथा निजको गोपनियता कायम राख्ने र राष्ट्रमा स्वास्थ्य, न्याय, बसोबास जस्ता सेवाहरुमा भेदभाव नहुने कुराको प्रत्याभूति राज्यले गर्नुपर्दछ। राज्यले वयस्क महिलाको कुनै पेशा वा रोजगारीको लागि स्वतन्त्रता तथा सोका लागि स्वतन्त्र रुपमा विदेश जान पाउने हकलाई सम्मान गर्नु पर्दछ भनी अभिसन्धिमा ग्यारेन्टी गरिनु आवश्यक छ। अभिसन्धिले बेचबिखनबाट पीडित व्यक्तिहरुका बसाइलाई राज्यले भेदभाव नगर्ने कुराको ग्यारेन्टी गर्नु पर्दछ। बेचबिखनबाट पीडित व्यक्तिहरुलाई सो अपराध गर्ने सिलसिलामा कुनै देशमा प्रवेश गरेको वा बसेको आधारमा मुद्दा नचलाउने कुराको ग्यारेन्टी गर्ने दायित्व अभिसन्धिमा समावेश गर्नु पर्दछ।

**राष्ट्रहरुको दायित्व स्पष्ट हुनुपर्ने**

पीडित व्यक्तिको मातृभूमि, बाटोमा पर्ने देश र गन्तव्य देशको दायित्व अभिसन्धिले स्पष्ट गर्नुपर्दछ। विशेषगरी गन्तव्य वा प्राप्त गर्ने देशको उत्तरदायित्व स्पष्ट हुनुपर्दछ। बेचबिखनको समस्यालाई निषेध गर्नका लागि सीमा नियन्त्रण गर्ने व्यवस्था अभिसन्धिमा समावेश गर्नु पर्दछ।

**सुपुर्दगी सम्बन्धी व्यवस्थामा सुधार**

कुनै पक्ष राष्ट्रमा भएको सुपुर्दगी गर्न नमिल्ने कानुनलाई सदस्य राष्ट्रहरुले खास समयभित्र खारेज वा संशोधन गरी सुपुर्दगीलाई व्यवहारिक र प्रभावकारी बनाउने दायित्व अभिसन्धिमा गरिनु पर्दछ।

**अन्तर्राष्ट्रिय पहलकदमीको आवश्यकता**

मानव बेचबिखनको अपराध पनि मानवताविरुद्धको अपराध भएकाले यस अपराधलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकार क्षेत्रभित्र समावेश गराउने कुरामा सार्कले सामूहिक पहल गर्ने दायित्व अभिसन्धिमा उल्लेख गरिनु पर्दछ।

**पीडित व्यक्तिलाई क्षतिपूर्ति**

अभिसन्धिले पीडित व्यक्तिलाई क्षतिपूर्तिको उचित व्यवस्था गर्ने दायित्व प्राप्त गर्ने राष्ट्रहरुलाई तोक्नु पर्दछ। सार्क अभिसन्धिले पीडितहरुको सहयोगको लागि क्षेत्रीयस्तरमा छुट्टै कल्याणकारी कोषको स्थापना गर्ने व्यवस्था गर्नु पर्दछ।

**समाज तथा परिवारमा पुनर्एकीकरण**

अभिसन्धिमा संरक्षण गृह तथा आवास गृहमा भएका पीडितहरुलाई क्रमिकरुपमा परिवार तथा समाजमा पुन:एकीकरण गर्ने कार्यक्रम हुनुपर्ने व्यवस्था गर्नु पर्दछ। पीडितहरु परिवार तथा समाजमा पुन:एकीकरण हुन नसकेमा उनीहरुलाई स्थायीरुपमा नैसंरक्षण गृह तथा आवास गृहमा बस्ने व्यवस्था गर्नुपर्दछ।

**पीडितको सहमतिमा मात्र मातृभूमिमा फिर्ता**

पीडित व्यक्तिलाई स्वदेश फर्काउने बाध्यात्मक व्यवस्थाको सट्टामा पीडित व्यक्तिको सहमति अनिवार्य रुपमा हुनुपर्ने व्यवस्था गर्नुपर्दछ। स्वदेश फिर्ता पठाउने सम्बन्धमा आवश्यक व्यवस्था नभएसम्म पीडित व्यक्तिहरुको सुरक्षाकोलागि आवश्यक व्यवस्था गर्ने प्रावधान अभिसन्धिमा भएकोमा यसलाई अझ विस्तृत गर्दै यस्तो सेवा प्राप्त गर्ने देशमा जन्मेका पीडितका सन्तान समेतलाई प्रदान गर्नु पर्दछ। यस्ता बालबालिकालाई नागरिकता, बसोबास तथा सुरक्षित तवरले घर फर्कने व्यवस्था गर्ने दायित्व अभिसन्धिले प्राप्त गर्ने राष्ट्रलाई तोक्नु पर्दछ। पीडित व्यक्तिहरुलाई गोप्य स्वास्थ्य सेवा, कानुनी सेवा तथा परामर्श दिने व्यवस्था समेटिनु पर्दछ।

**अभिसन्धिको व्याख्या सम्बन्धी व्यवस्था**

अभिसन्धिमा राष्ट्रहरुबीच अभिसन्धिको व्याख्या तथा कार्यान्वयनमा उठ्न सक्ने विवाद समाधान गर्ने प्रक्रियालाई समावेश गरिनु पर्दछ।

**अभिसन्धि अनुगमन समिति**

क्षेत्रीय कार्यदलको ठाउँमा अभिसन्धि अन्तर्गतका प्रावधानहरुको कार्यान्वयनको तथा समग्र अभिसन्धिको पुनरावलोकन गर्न प्रत्येक सदस्य राष्ट्रका प्रतिनिधिहरु भएको ७ सदस्यीय अभिसन्धि अनुगमन समितिको व्यवस्था गरिनु पर्दछ। अभिसन्धि अन्तर्गत भएका प्रगतिहरुको आवधिक प्रतिवेदन समितिसमक्ष पेश गर्ने तथा सो समितिले उपयुक्त निर्देशन सम्बन्धित राष्ट्रलाई दिन सक्ने व्यवस्था अभिसन्धिमा गरिनु पर्दछ। समितिले क्षेत्रीय विशेष प्रतिवेदक नियुक्ति गर्न सक्ने व्यवस्था हुनुपर्दछ।

*(स्रोत : वेश्यावृत्तिको लागि महिला र बालबालिकाको बेचबिखन विरुद्धको सार्क अभिसन्धि सम्बन्धी वकालत पत्र, प्रकाशन नम्बर ५३, २०५९ असार)*

यो अभिसन्धि अत्यन्तै संकुचित, बेचबिखन, ओसारपसारको विभिन्न पक्ष, अपराध एवं उद्धारपछिको अधिकारका क्षेत्रहरुलाई समेट्न नसक्ने स्थितिको रुपमा बाहिर आयो। माथि उल्लेख गरेझैं हस्ताक्षर गरेकै दिनदेखि यसको विरोध पनि भयो तर विरोधका साथसाथै अहिले यो अभिसन्धिले प्रदान गरेका अधिकारहरुलाई नै प्रयोग गर्दै यसमा आवश्यक परिमार्जन गरी सुधारका लागि नागरिक समाजाबट सुझाव एवं उक्त सुझावका आधारमा राज्यहरुद्वारा कार्यान्वयनको निम्ति प्रतिबद्धता जाहेर गरी सम्झौता गरियो। तत्कालीन सार्क सचिवालयका सचिवले यो अभिसन्धि हस्ताक्षरको लगत्तै गर्नु भएको प्रेस सम्मेलनमा यो अभिसन्धि अपूर्ण भएको हुँदा यसमा आवश्यक परिमार्जन एवं सुधार गरिनेछ भन्ने प्रतिबद्धता सार्वजनिक गर्नुभएको थियो। युनिफेमद्वारा यो अभिसन्धि कार्यान्वयनका लागि विशेष पहल एवं कार्यका लागि सार्क सचिवालयसँग सम्झौता गरियो।

**हाल व्यवहारमा के छ त ?**

सार्कको संरचना एवं हालसम्म यसले गरेका कार्यहरुलाई विश्लेषण गर्ने हो भने यो सार्कको अवधारणा नै हात्तीको देखाउने दाँतको रुपमा रहेको छ। यसका शिखर सम्मेलनहरुले पारित गरेका कुराहरु व्यवहारमा कमै मात्रै लागू भएका छन्।

पितृसत्तात्मक मूल्य र मान्यताको बाहुल्यता रहेको दक्षिण एसियाली क्षेत्रमा शक्ति, विवाद एवं पूँजी प्रधानताको नै बाहुल्यता रहेको छ। यस क्षेत्रको सबभन्दा शक्तिशाली राष्ट्रद्वारा छिमेकी मुलुकहरुमा आफ्नो प्रभुत्व कसरी रहिरहन्छ भन्नेबारेमा सबभन्दा बढी चासो एवं महत्व दिइएको देखिन्छ। यस प्रकारको प्रवृत्तिले गर्दा यस क्षेत्रका राष्ट्रप्रमुखहरुको निमित्त मानवअधिकारका कुराहरु गौण हुन जान्छन्।

यसप्रकार विभिन्न प्रयासपश्चात् सार्क राष्ट्रप्रमुखहरुद्वारा हस्ताक्षरित यो अभिसन्धिले महिला तथा बालबालिकाको अधिकारका लागि विशेष महत्व राख्दछ। यो अभिसन्धिको कार्यान्वयनका लागि कुनै पनि पहल नहुनु, संयन्त्र नबन्नु जस्ता कुराहरुले के साँच्चै सार्क राष्ट्रप्रमुखहरुले यो समस्यालाई राम्ररी आत्मसात गरेर नै प्रतिबद्धता जाहेर गरेका हुन् त ? भन्ने कुरामा प्रश्न उठ्नु स्वभाविक नै ठहर्छ। खासगरी भारत र पाकिस्तानबीचको राजनीतिक द्वन्द्वले जहिले पनि सार्क क्षेत्रलाई तनावग्रस्त, विवादास्पद एवं सार्क अवधारणालाई नै निष्कृय तुल्याएको छ। यसको ज्वलन्त उदाहरणको रुपमा एक दशकभन्दा बढी समयदेखि सुल्झिन नसकेको भुटानी शरणार्थी समस्या, नेपाल र बंगलादेशले भोग्नु परिरहेको जल उत्पन्न प्रकोपहरुको समस्या जस्ता विषयहरुलाई लिन सकिन्छ। यो परिवेशबाट महिला तथा बालबालिकाको अधिकार पनि अछुतो रहेको छैन। सार्क क्षेत्रमा धेरै पटक महिला तथा बालअधिकारका कुराहरु उठाइए। उदाहरणस्वरुप सार्क बालिका वर्ष, रावलपिण्डी घोषणा जस्ता विभिन्न घोषणाहरु भए तर व्यवहारमा परिवर्तन आउन सकेको छैन। त्यसैले हस्ताक्षरपछि कार्यान्वयन नगर्ने घोषणाहरुको क्रममा 'वेश्यावृत्तिको लागि गरिने महिला तथा बालबालिकाको बेचबिखन, ओसारपसार विरुद्धको अभिसन्धि' अग्रपंक्तिमा रहेको छ। यो अभिसन्धिपछि राज्यस्तरबाट देखाइएको असम्वेदनशीलता अझ भनौं चिसो व्यवहारले यस अभिसन्धिमा हस्ताक्षर गर्ने स्थितिसम्म पुऱ्याउन मेहनत गर्ने समूहहरुका लागि 'हात्ती आयो हात्ती आयो फुस्सा' को रुपमा चरितार्थ हुन पुगेको छ।

---

**पितृसत्तात्मक मूल्य र मान्यताको बाहुल्यता रहेको दक्षिण एसियाली क्षेत्रमा शक्ति, विवाद एवं पूँजी प्रधानताको नै बाहुल्यता रहेको छ। यस क्षेत्रको सबभन्दा शक्तिशाली राष्ट्रद्वारा छिमेकी मुलुकहरूमा आफ्नो प्रभुत्व कसरी रहिरहन्छ भन्नेबारेमा सबभन्दा बढी चासो एवं महत्व दिइएको देखिन्छ। यस प्रकारको प्रवृत्तिले गर्दा यस क्षेत्रका राष्ट्रप्रमुखहरूको निमित्त मानवअधिकारका कुराहरू गौण हुन जान्छन्।**

---

**यस्तो किन भयो त ?**

वास्तवमा सन् २००२ को जनवरी महिनाको २-४ तारिखमा काठमाण्डौमा भएको एघारौं सार्क शिखर सम्मेलनले दुईवटा क्षेत्रीय अभिसन्धिहरु अनुमोदन गरेको थियो।

१. वेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिका बेचबिखन, ओसारपसार विरुद्धको अभिसन्धि र

२. दक्षिण एसिया बाल कल्याण प्रबर्द्धनका लागि क्षेत्रीय संयन्त्र।

यी दुवै प्रस्तावनामा मुख्यत: क्रमश: अरुको वेश्यावृत्तिको लागि गरिने बेचबिखन, ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय अभिसन्धि (१९४९), महिलामाथि गरिने सबै किसिमका भेदभाव उन्मूलन अभिसन्धि (१९७९), राजनैतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संविदा (१९६६), बालअधिकार सम्बन्धी अभिसन्धि (१९८९) का साथै मानवअधिकारको विश्वव्यापी घोषणा पत्रद्वारा प्रतिपादित सिद्धान्तहरुका साथै बालबालिकाका लागि गरिएको विश्व सम्मेलन एवं महिलाका लागि चौथो विश्व सम्मेलन (१९९५) द्वारा पारित कार्ययोजनाहरुलाई मध्यनजर गर्दै तयार गरिएको छ भनी यो अभिसन्धिको प्रस्तावनामा लेखिएको छ। तर अभिसन्धिभित्र रहेका मान्यताहरु एवम् तिनले व्यक्त गरेका अवधारणाहरुलाई केलाएर हेर्ने हो भने यी दुवै अभिसन्धिहरु यसभन्दा पहिले सार्क मुलुकका प्राय:जसो सबै राष्टट्रहरुले अनुमोदन गरिसकेका अभिसन्धिहरुभन्दा फितलो र कमजोर छन्। उदाहरणका लागि, हामी यी दुवै अभिसन्धिहरुमा व्यक्त गरिएका अवधारणाहरुलाई महिलामाथि गरिने सबै किसिमका भेदभाव उन्मूलन अभिसन्धि (CEDAW) एवं बालअधिकार अभिसन्धि (CRC) मा व्यक्त भएका अवधारणाहरु र त्यसमा परेका अधिकारहरुसँग दाँजेर हेर्न सक्दछौं। यी दुवै अभिसन्धिहरु CEDAW एवं CRC ले दिएको अधिकार एवं किटान गरेको दायराभन्दा धेरै संकुचित छन्। यो हुनु हुँदैनथ्यो। किनभने, अन्तर्राष्ट्रिय अभिसन्धि, अभिसन्धिहरुको नियमानुसार राष्ट्रले पहिले प्रतिवद्धता जनाइसकेको अभिसन्धिअनुसार पछाडि वनाउने अभिसन्धिहरु हुनुपर्छ। खासमा पछिल्ला अभिसन्धिहरु पहिला भन्दा अझ बढी प्रगतिशील हुनु पर्दछ। तर, हाम्रो क्षेत्रमा त्यो

भएन। त्यसको मुख्य कारणको रुपमा माथि उल्लेख गरेझैं यस क्षेत्रका राष्ट्रप्रमुख एवं राजनीतिक नेतृत्वमा पितृसत्तात्मक सोच एवं द्वैध चरित्र हावी हुनु हो। यस प्रकारको द्वैध चरित्रका कारण यस क्षेत्रमा राष्ट्र प्रमुखहरुद्वारा अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो एक प्रकारको छवि र आन्तरिकरुपमा एक प्रकारको व्यवहार गर्ने गरेका उदाहरणहरु प्रशस्तै छन्। त्यसैले यो अभिसन्धि यसप्रकारको भएको हो। अन्तर्राष्ट्रियरुपमा आफ्नो छविलाई राम्रो राख्न सार्क राष्ट्रप्रमुखहरुले CEDAW र CRC मा हस्ताक्षर त गरे तर त्यसअनुरुपको व्यवहार क्षेत्रभित्र लागू गर्न तयार भएनन्, महिला र बालबालिकाका अधिकारका सम्वन्धमा उदार हुन सकेनन्। फलस्वरुप, आफूहरुले तयार गरेको अभिसन्धिमा यिनीहरु आफ्नो क्षेत्रभित्र जडा गाडेर रहेको पितृसत्तात्मक मूल्य र मान्यता एवं व्यवहारबाट वाहिर निस्कन सकेनन्। अरुलाई देखाउनका लागि केही कुरा अगाडि सारे पनि यो सार्क अभिसन्धि पनि कार्यान्वयन गर्ने संयन्त्र नबनाइनु, कार्यान्वयन भए कहाँ जाने भन्ने बारेमा केही नबोल्ने जस्ता कुराहरुले त्यही संकीर्ण सोचसमेत व्यवहारमा उतार्न यस क्षेत्रका राष्ट्रप्रमुखलाई गाह्रो परेको यथार्थलाई छर्लङ्ग्याउन पर्याप्त हुन्छ।

अर्को कारणको रुपमा, यस क्षेत्रको सबभन्दा ठूलो एवं शक्तिशाली देश महिला तथा बालबालिकाका बेचबिखन, ओसरपसार गरिएर पुग्ने गन्तव्य स्थलको रुपमारहेको छ। आर्थिकरुपले विश्लेषण गरी हेर्दा आर्थिक क्रियाकलापमा बढी मुनाफा तीन किसिमले गरिन्छः (१) उत्पादनमा लाग्ने लगानी कम गरेर (२) उत्पादनमा संलग्न श्रमिकहरुको ज्यालामा कम गरी वा (३) अत्यन्तै बढी उत्पादन गरेर। पछिल्ला दुई कुराहरु उत्पादनमा लगानी कम गर्ने उद्देश्य भित्र पर्दछन्। अब यसलाई महिला तथा बालबालिका बेचबिखन ओसारपसारको सन्दर्भ झन् त्यसमाथि पनि यौन व्यापारका लागि गरिने बेचबिखन, ओसारपसारको सन्दर्भमा हेरौं। यस क्षेत्रमा रहेको सबभन्दा शक्तिशाली मुलुक बेचबिखन, ओसारपसार गरी महिला तथा बालबालिकालाई पुऱ्याउने गन्तव्य मुलुकको रुपमा रहेको छ। त्यस देशमा यौन व्यापार गैरकानुनी छ तर देशका हरेक ठूला शहरहरुमा यौन व्यापार

**सरकारले यो कुरा कहिल्यै बिर्सनु हुँदैन। मलाई लाग्दछ, हाम्रा चेली र बालबालिकाको शारीरिक एवं श्रम शोषणबाट आर्थिक मुनाफा कमाइरहेको राष्ट्रले कहिल्यै पनि उनीहरुको अधिकारको सम्मान गर्न अघि सर्दैन।**

एउटा व्यवसायको रुपमा स्थापित छ। हरेक रात करोडौं रुपैयाँको कारोबार हुन्छ देशभरिमा। भनिन्छ, देका हरेक ठूला शहरका पुलिसहरु यस व्यवसायबाट प्रदान गरिने भत्ता खान्छन्। राजनीतिज्ञहरु आफ्नो राजनीति गर्दछन्। यो व्यवसाय अत्यन्तै कम लगानीमा मानव शरीर त्यसमाथि पनि शक्ति विहीन गरी संचालन गरिने व्यवसाय हो। यो व्यवसायलाई जतिसक्दो गैरकानुनी रुप दिइराख्न सकेमा एवं यसमा काम गर्ने कामदारहरुलाई अधिकारविहीन बनाइराख्न सकेमा उनीहरुको शोषण बढी गर्न सकिन्छ र मुनाफा बढी आउँछ। यस प्रकारको स्थितिमा मुनाफा प्राप्त गर्ने राष्ट्रले बेचबिखन, ओसारपसार गरिएका व्यक्तिहरुको अधिकारको कुरा गर्ने आशा समेत गर्नु हाम्रो कमजोरी हुन्छ। यस स्थितिमा नागरिक समाजहरुले खासगरी महिला तथा बालबालिका बेचबिखन हुने गरेका देशका नागरिक समाजले दबाब सृर्जना गर्नु पर्दछ एवं त्यस्ता राष्ट्रहरु संगठित भई आवाज उठाउनु आवश्यक हुन्छ। तर, दातृ संस्थाहरुको निर्देशनमा काम गर्ने हाम्रो नागरिक समाज एवं ठूलो राष्ट्रले प्रतिपादित गरेको 'टुक्र्याउ र शासन गर' को नीति आत्मसात गर्ने हाम्रो राजनीतिक व्यवस्थाभित्र यी दुवै कुरा हुन सकेको छैन।

**अब के गर्ने ?**

अनवरत संघर्ष एवं प्रयासका बाबजुद हस्ताक्षरित यो सार्क अभिसन्धि कार्यान्वयन गर्नु राज्यको जिम्मेवारी हो भने राज्यलाई उक्त प्रकारको वातावरण तयार गर्न लगाउनु नागरिक समाजको कर्तव्य हो। यसमा अबिलम्व मानवअधिकारमुखी परिवर्तन हुनुपर्दछ। त्यसमा कुनै विवाद छैन। यसका लागि सबै पक्षबाट दवाव सृर्जना गरिनु पर्दछ। सार्कको नियमानुसार एकपटक हस्ताक्षरित अभिसन्धि कार्यान्वयनमा नआई परिवर्तन गर्न नमिल्ने प्रावधानलाई पनि हामीले बिर्सनु हुँदैन। तसर्थ, हालको स्थितिमा हाम्रो पहिलो प्रयास भनेको यो अभिसन्धिलाई कार्यान्वयनमा लग्नका लागि राज्यहरुलाई कार्यान्वयनको संयन्त्र तयार गर्न लगाउनु हो। कार्यान्वयनको संयन्त्र तयार भई यो अभिसन्धि एक पटक मात्रै पनि कार्यान्वयन गरिएको खण्डमा यसमा परिवर्तन गर्न नियमानुसार आधार मिल्छ।

सार्क क्षेत्रभित्र बंगलादेशले आफ्नो मुलुक र भारतबीच यो अभिसन्धि कार्यान्वयन गर्न सजिलो होस् भन्ने उद्देश्यले दुईपक्षीय सम्झौताको खाका तयार गरी छलफलको लागि अगाडि सारेको छ। त्यसलाई उदाहरणको रुपमा लिंदै नेपालले पनि दुई पक्षीय सम्झौताको खाका तयार गरी कार्यान्वयनको लागि आफ्नो पक्षबाट जोडदार पहल गर्नु आवश्यक छ। 'तिर्खा लागेको मान्छेले खोला धाउनु पर्छ' भन्ने उखान हाम्रो राज्यका जिम्मेवार निकायमा बसेका व्यक्तिहरुले बिर्सनु हुँदैन। किनभने, हाम्रो देशका चेलीहरु र बालकहरु विभिन्न प्रयोजनका लागि भारतमा बिक्री भइरहेका छन् र शोषित हुन वाध्य छन्। उनीहरुको अधिकारको सम्मान गर्नु हाम्रो सरकारको जिम्मेवारी हो। साथै, भारतभित्र उनीहरुको अधिकारको सम्मा होस्, उनीहरुलाई कसैले शोषण नगरोस् भनी खै गर्दै भारतलाई जिम्मेवार बनाउने जिम्मेवारीसमेत हाम्रो सरकारको हो।

सरकारले यो कुरा कहिल्यै बिर्सनु हुँदैन। मलाई लाग्दछ, हाम्रा चेली र बालबालिकाको शारीरिक एवं श्रम शोषणबाट आर्थिक मुनाफा कमाइरहेको राष्ट्रले कहिल्यै पनि उनीहरुको अधिकारको सम्मान गर्न अघि सर्दैन। त्यसलाई अगाडि ल्याउन र राष्ट्रिय र अन्तर्राष्ट्रिय अभिसन्धि वा प्रतिबद्धताहरुको आवश्यकता पर्नुका साथै समस्याको गहनतालाई तर्कसंगत ढंगले विश्लेषण गरी आफ्नो कुरालाई जिम्मेवार एवं गहकिलो तवरले राख्नसक्ने प्रतिबद्ध व्यक्तिको समेत उत्तिकै आवश्यकता पर्दछ। यो यथार्थतालाई बुझी सार्क अभिसन्धि कार्यान्वयन गराउने जिम्मेवारी प्राप्त निकायहरुले आफ्नो वैचारिक र सांगठनिक धार तिखो पार्नु आवश्यक छ।

*(यो लेख महिला पुनर्स्थापना केन्द्रद्वारा प्रकाशित चेलीको व्यथा वर्ष ७, अंक २, श्रावण-असोज ०६० बाट साभार गरिएको छ- सम्पादक।*

# एट्वीनको ५ बर्ष

# समीक्षा र भावी योजनाहरू

**एट्वीन सचिवालय**

### १. प्रारम्भ

सन् १९९७ जुन महिनामा स्थापना भएको महिला तथा बालबालिका बेचबिखन विरुद्धको सहकर्मी समूह नेपाल (एट्वीन) सन् २००२ जुनदेखि पाँच वर्ष पूरा गरेर छैटौं वर्षमा प्रबेश गरिसकेको छ। यसरी एट्वीनले पाँच वर्ष पूरा गरिसकेको सन्दर्भमा जनवरी १३ र १४, २००३, तदनुसार २०५९ साल पुस २९ र ३० गते एट्वीनको ५ बर्षको मूल्यांकन र सचिवालय हस्तान्तरण कार्यक्रम सम्पन्न भएको थियो। संजाल पाँच वर्ष पुगेको उपलक्ष्यमा एट्वीनको स्थापनामा संलग्न सम्पूर्ण महानुभावहरू र संघसंस्थालाई यस कार्यक्रममा आमन्त्रण गरिएको थियो। यस लेखमा सोही मूल्यांकन कार्यक्रममा आधारित रही एट्वीनको विगतलाई हेर्ने प्रयत्न गरिएको छ।

### २. एट्वीनको विगत पाँच वर्षका महत्वपूर्ण घटनाक्रम र उपलब्धीहरु

एट्वीनको मूल्यांकनका क्रममा विगत पाँचवर्षका महत्वपूर्ण घटनाक्रम र उपलब्धीहरुलाई यस प्रकार औंल्याइयो।

**१९९७ अघि**

चेलिबेटी बेचबिखनविरुद्धका सवालमा संस्थाहरुले आ-आफ्नो तरिकाले मात्र काम गर्नुभन्दा सामुहिक काम गरिनु पर्ने व्यवहारिक निचोडका आधारमा केही मानवअधिकार क्षेत्रमा काम गर्ने संस्थाहरूद्वारा एट्वीनको परिकल्पना भयो।

यस परिकल्पनाभित्र अधिकारमुखी सोचका संस्था वा व्यक्ति मात्र सदस्य हुन सक्ने प्रावधानसहित एट्वीनका काममा मानवअधिकारका दृष्टिकोणले काम गर्ने, समग्रमा मानव बेचबिखनका अवधारणामा स्पष्टताका लागि काम गर्ने, वेचबिखन र वेश्यावृत्तिको फरकमा स्पष्टता ल्याउन प्रयत्न गर्ने जस्ता कुराहरु परेका थिए।

> ***एट्वीनका काममा मानव अधिकारका दृष्टिकोणले काम गर्ने, समग्रमा मानव बेचबिखनका अवधारणामा स्पष्टताका लागि काम गर्ने, बेचबिखन र वेश्यावृत्तिको फरकमा स्पष्टता ल्याउन प्रयत्न गर्ने जस्ता कुराहरु परेका थिए।***

**सन् १९९७**

- एट्वीनको विधिवत स्थापना ६ जुन, १९९७ मा भयो।
- एट्वीनको प्रथम संयोजक महिला पुनर्स्थापना केन्द्र (ओरेक) छनौट भयो।
- प्रथम सचिवालय महिला पुनर्स्थापना केन्द्र (ओरेक) मा स्थापना भयो।
- प्रत्येक वर्ष सचिवालय सदस्य संस्थाहरू मध्येमा परिवर्तन हुने निर्णय गरियो।
- यसका गतिविधिहरुबाट एट्वीनको परिचय स्थापित हुँदै गयो।
- कालो पहिरनमा महिला अभियानको सुरुवात गरियो।
- वेचबिखनको तत्कालीन एउटा घटनालाई आधार वनाएर पत्रकार सम्मेलन सम्पन्न भयो।

**सन् १९९८**

- सचिवालय ओरेकमा नै रहेको।
- वेचबिखनविरुद्ध अवधारणागत स्पष्टताका लागि उच्चतहमा राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा विशेषत: सार्क राष्ट्रध्यक्षहरूलाई पत्राचार गरियो।
- कालो पहिरनमा महिला अभियानले निरन्तरता पाइरह्यो र यसलाई विभिन्न जिल्लाहरूमा विस्तार गरियो।
- कालो पहिरनमा टुँडिखेल घेराउ कार्यक्रम सम्पन्न भयो।
- समीक्षा बैठक सम्पन्न गरियो।
- एट्वीन र शक्ति समूहको संयुक्त पहलमा पोष्टर प्रकाशन भयो।
- सार्क सन्धिका लागि लवी गरियो।

**सन् १९९९**

- एट्वीनको संयोजकमा सिविन छनौट र सचिवालय सिविनमा सारिएको।।
- कालो पहिरनमा पुरुषहरूको सहभागिता र यसलाई कालो पहिरनमा नागरिक भन्ने नामाकरण गरियो।
- कालो पहिरनवाट जनमानसमा परेको प्रभाव अध्ययन गर्न प्रश्नावली वितरण गरी सर्वेक्षण गरियो।
- विभिन्नस्तरमा धारणागत स्पष्टताका लागि गोष्ठिहरू सम्पन्न भए।
- बेचविखन सम्बन्धी सार्क महासन्धि सम्वन्धमा राष्ट्रिय कार्यशाला सम्पन्न। यसवाट प्राप्त सुझाव सार्क सचिवालय र सम्बन्धित मन्त्रालयमा पेश गरिएको।
- डिसेम्वर २५ (Violence Against Women Day) का उपलक्ष्यमा "पारिवारिक हिंसा र पीडितपक्षहरू" विषयक अन्तर्क्रिया सम्पन्न।
- समीक्षा वैठक सम्पन्न।

**सन् २०००**

- सचिवालय सिविनमा यथावत।

***एट्वीनले बेचविखनको मुद्दालाई अधिकारवादी दृष्टिकोणको अवधारणामा स्थापित गराउन र सँगसँगै आफूलाई स्थापित गराउने काममा गत पाँच वर्षको अवधिमा सम्बन्धित मंत्रालयहरु र प्रहरी विशेषगरी महिला प्रहरी सेलहरूसँगका सहकार्यले राष्ट्रिय रुपमा नीतिगत तहमा प्रभाव पार्न महत्वपूर्ण उपलब्धी हासिल भएका छन् भने स्थानीय तहका संघसंस्थाहरुसँगका अन्तरक्रिया, गोष्ठी, कार्यशालाहरुले धारणागत स्पष्टताका लागि निकै नै सघाउ पुर्‍याई आएको छ।***

- हरेक बर्ष सचिवालय परिवर्तन गर्ने निर्णयमा परिवर्तन भएर दुई वर्षसम्म एउटै संस्थामा सचिवालय रहने व्यवस्था गरियो।
- सदस्यता शुल्क प्रति महिनामा रु. १००।- को ठाउँमा वार्षिक रु. ६००।- गरियो।
- नयाँ सदस्यता प्रवेश शुल्क रु. ५००।- तोकियो।
- कालो पहिरनमा नागरिक प्रत्येक महिनाको सट्टा प्रत्येक २ महिनामा गर्ने निर्णय गरियो।
- एट्वीनको स्थापना कालमा कुनै पनि प्रस्तावमार्फत छुट्टै आर्थिक अनुदान नलिने भन्ने सोच थियो तर सन् २००० देखि आर्थिक अनुदान सम्बन्धमा सोच परिवर्तन गरी धारणा मिल्ने संस्थासँग अभियान र सचिवालयका लागि मात्र अनुदान लिने निर्णय भयो।
- एट्वीनको प्रकाशन ओसारपसार अर्ध वार्षिक प्रकाशन आरम्भ गरियो।
- एट्वीनको अवधारणालाई UN Rappoter मार्फत् लवि गरियो।
- एट्वीनको संयोजकत्वमा काठमाण्डौमा दोश्रो सार्क पिपुल्स फोरम सम्पन्न भयो।

**सन् २००१**

- क्षेत्रीय सार्क सम्मेलनमा चेलिबेटी बेचबिखन सम्बन्धी र विधेयकबारे छलफल गरी सम्बन्धित निकायमा बुझाएको।
- एट्वीनको संयोजकमा महिला आत्म निर्भरता केन्द्र छनौट र सचिवालय पनि 'मान्क' मा नै सरेको।
- धारणागत स्पष्टताको लागि आन्तरिक र बाह्य प्रयासहरू सम्पन्न भए जसमुताबिक
- मध्यपश्चिमाञ्चलमा ३ दिने गोष्ठी
- अन्य संघसंस्थाले आयोजना गरेका कार्यक्रमा एट्वीनवाट श्रोत व्यक्तिका रुपमा गएर अवधारणालाई प्रचारप्रसार गर्ने र एट्वीनको पक्षमा जनमत संकलन गर्ने कार्य भयो।
- चेलिबेटी बेचबिखन विरुद्ध विधेयकमा मानवअधिकारवादी धारणालाई समावेश गर्न लवी/वकालत गरेको।
- नेटवर्क (सार्क स्तरमा) गरिएको सार्क पिपुल्स फोरम फलोअप बैठक सम्पन्न।
- सन् २००२ मा सम्पन्न भएको सार्क सन्धिमा समावेश गर्न लागिएको चेलिबेटी बेचबिखनविरुद्धको सवाललाई मानव अधिकारवादी दृष्टिकोणवाट परिमार्जन गरी हस्ताक्षर गर्न लबी/वकालत गरिएको।
- पत्रकार सम्मेलन लगायत , सार्क राष्ट्रका सरकार प्रमुखहरूलाई पत्राचार गरिएको /सञ्चार अभियान संचालन गरिएको।

**सन् २००२**

- धारणागत स्पटता गोष्ठीहरु पूर्वाञ्चल र सदश्य संस्थाहरुवीच सम्पन्न।
    - रणनीति तर्जुमा बैठक
    - जीउ मास्ने बेच्ने ऐन सम्बन्धमा लवी तथा सूचना संकलन गरिएका।
- सांसदहरूसँग लवी।
- आमसञ्चार माध्यममार्फत् लवी।

**अन्य उपलब्धीहरु**

यसरी माथि बुँदागतरुपमा दिइएका घटनाक्रमलाई हेर्दा एट्वीनले बेचविखनको मुद्दालाई अधिकारवादी दृष्टिकोणको अवधारणामा स्थापित गराउन र सँगसँगै आफूलाई स्थापित गराउने काममा गत पाँच वर्षको अवधिमा निकै महत्वपूर्ण उपलब्धीहरु हासिल गरेको प्रष्ट हुन्छ। सम्बन्धित मन्त्रालयहरु र प्रहरी विशेषगरी महिला प्रहरी सेलहरूसँगका सहकार्यले राष्ट्रिय रुपमा नीतिगत तहमा प्रभाव पार्न महत्वपूर्ण उपलब्धी हासिल भएका छन् भने स्थानीय तहका संघसंस्थाहरुसँगका अन्तरक्रिया, गोष्ठी, कार्यशालाहरुले धारणागत स्पष्टताका लागि निकै नै सघाउ पुर्‍याई आएको छ। दोस्रो सार्क पिपुल्स फोरमको आयोजक एट्वीन हुन पाउनु सार्क क्षेत्रमा एट्वीनको बढ्दो लोकप्रियताका रुपमा लिइनु पर्दछ। यसबीचमा सार्क क्षेत्रका राष्ट्राध्यक्षहरू र सार्क सचिवालय लगायत् राष्ट्रिय मानवअधिकार आयोग, श्री ५ को सरकारका विभिन्न उच्च निकायहरुलाई राष्ट्रिय तथा क्षेत्रीय कानुनमा सुधारका लागि दवाब सृजना लगायत विभिन्न गम्भीर मुद्दामा ध्यान आकृष्ट गराउने कार्यहरु भएका छन्।

सो समीक्षा कार्यक्रममा हाल आएर धेरै जसो संस्थाहरू र आइएनजिओहरूले अधिकारवादी सोचबाट कार्य गर्न थालेको विषयलाई पनि एट्वीनको महत्वपूर्ण उपलब्धीका रुपमा लिइएको थियो।

विद्यालयस्तरको सामाजिक शिक्षामा चेलिबेटी बेचबिखनबारे पाठ्यसामाग्री रहनु र कक्षा १० को सामाजिक शिक्षामा एट्वीनको परिचय समावेश गराइनुलाई ज्यादै महत्वपूर्ण उपलब्धीका रुपमा लिइएको थियो।

हाल २६ जिल्लामा गठित मानव बेचबिखनविरुद्धको जिल्ला कार्यदल (Task Force) गठनमा एट्वीनको सक्रिय सहभागिता रहेको छ। यस पाँचवर्षको अवधिमा अधिकारवादी सोचबाट धारणागत स्पष्टताका लागि दक्ष जनशक्ति उत्पादनमा एट्वीनको महत्वपूर्ण संलग्नता रहँदै आएको छ।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बेचबिखनमा परेकाहरुलाई गरिने व्यवहार सम्बन्धी पुस्तिका प्रकाशनको क्रममा पनि एट्वीनले महत्वपूर्ण सुझाव राखेको थियो। बेचबिखनविरुद्ध प्रभावकारी कानुन ल्याउन पहल गरियो भने सार्क कानुन ल्याउनमा पनि एट्वीनको प्रभावकारी पहल रहयो। संस्थागत विकासको सन्दर्भमा एट्वीनको आफ्नै सचिवालय पनि स्थापित भएको पक्षलाई पाँच वर्षको उपलब्धीका रुपमा नै लिइएको थियो।

३. चुनौतिहरु

एट्वीनको ५ वर्ष उपलब्धीका मात्रै हैन चुनौतिका वर्ष पनि उत्तिकै रहे। जनमानसमा ज्यादै प्रभाव पार्न सफल कालो पहिरनमा महिलाजस्ता कार्यक्रमहरु देशको बिग्रँदो परिस्थितिले स्थगित गरिएका छन्। अझ धेरै समन्वय र संजाल स्थापनाको खाँचो त्यत्तिकै टड्कारो छ। चेलिबेटी बेचबिखनबारे धारणागत स्पष्टता अझ पनि आम समुदाय र विभिन्न निकायहरुमा आइनसक्नु एट्वीनका लागि गम्भीर चुनौतिका रुपमा रहेको छ। गरिएका कामहरुको फलोअपको पक्ष र संजाल सदस्य संस्थाहरुलाई परिचालन गर्ने पक्ष पनि चुनौतिकै रुपमा रहिरहेको छ।

४. एटवीनको विभिन्न संघसंस्थासँग संलग्नता

गत पाँच वर्षको अवधिमा एट्वीन निम्नानुसारका अन्तरराष्ट्रिय संघसंस्थाहरुसँग सम्बन्ध स्थापित गर्न सफल भएकोछ।

- क्षेत्रीय स्तरको नेटवर्क Resistence मा संलग्नता
- GAATW मा संलग्नता
- AWHRC मा सदस्यता

५. आगामी ५ बर्षको लागी सुझावहरू र कार्ययोजना

उक्त समीक्षा कार्यक्रमले एट्वीनको आगामी पाँच वर्षका लागि निम्नानुसार सुझाव दिएको छ।

संस्थागत विकास

- संजालको नाम महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूहलाई मानव बेचबिखनविरुद्ध सहकर्मी समूह भएमा अझ राम्रो हुने।
- कार्यक्रम संचालनका लागि कानुनी मान्यता चाहिने भएकोले एट्वीनलाई दर्ता गर्नुपर्ने।
- सचिवालय अलग्गै स्थापना गर्ने हो भने कर्मचारीको न्यूनतम आवश्यकता परिपूर्ति गर्नुपर्ने।
- कर्मचारी र सदस्य संस्थाहरूको कार्यदक्षता बढाउनुपर्ने।
- एट्वीनको सदस्य संस्थाहरूलाई अझ सक्रिय बनाउने पहल हुनुपर्ने।

बेचबिखन विरुद्ध राष्ट्रिय तथा अन्तराष्ट्रिय अभियान-

- बेचबिखन सम्बन्धी प्रकाशनमा नआएका घटनाहरूलाई सार्वजनिक गराउने
- घटनास्थलहरूमा भ्रमण गर्ने र सत्य तथ्यलाई प्रचारमा ल्याउने।
- राष्ट्रिय कानुन निर्माणमा पहलका साथै मानवअधिकारवादी दृष्टिकोणले वनाउन पहल गर्नुपर्ने।
- सबै सम्बन्धित सरोकारवालाहरूमा अवधारणागत स्पष्टताकालागि पहल गर्ने
- सदस्य संस्थाहरूमा पनि स्पष्टता भएको/नभएको निक्यौल गर्ने र ती संस्थाहरूमा बेचविखनको सवाललाई अर्न्तमुखीकरण गर्ने
- बेचविखन सम्बन्धी राष्ट्रिय मानव स्रोत्र विकासमा योगदान गर्ने
- राष्ट्रिय/क्षेत्रीय तथा अन्तराष्ट्रिय नीति कानुनहरूलाई अधिकारवादी बनाउन पहल लवी/प्रेसराइज गर्ने, राष्ट्रिय कानूनलाई प्रगतिशील बनाउन अभियान चलाउने कार्यक्रमलाई निरन्तरता दिन
- सार्क क्षेत्रीय सन्धिलाई परिमार्जन गर्न क्षेत्रीय लवी र अभियानमा सक्रिय सहभागी हुने, निरन्तरता दिने
- नेपालले अनुमोदन गरिसकेको UN CRC OPTIONAL PROTOCOL लाई व्यवहारमा उतार्न जनदबाब सृजना गर्ने

स्रोत तथा सूचना

- एट्वीन स्रोत केन्द्रको विकास गर्ने
- बेचबिखन सम्बन्धी सूचना र स्रोतहरुको व्यवस्थित संकलन र सदस्य संस्थाहरूलाई जानकारी गराउने।
- बेचबिखनमा केन्द्रित भएर काम गर्ने राष्ट्रिय/अन्तराष्ट्रिय संस्थाहरू लगायत सदस्य संस्थाहरूको Directory निर्माण गर्ने
- एट्वीन तथा सदस्य संस्थाहरूले बेचविखन सम्बन्धी संचालन गरेका उदाहरणीय कार्यहरूको Documentation गर्ने र प्रचार गर्ने
- ओसारपसार प्रकाशन वितरणलाई ब्यापक बनाउने
- नेपालमा बेचबिखनको Current trend लाई समालोचनात्मक अध्ययन गरी प्रकाशन गर्ने (नेपाली/अग्रेजी दुबैमा)
- एटवीनको ५ बर्षको उपलब्धिको विवेचनात्मक प्रकाशन गर्ने
- ओसारपसार सम्बन्धी भएका/गरिएका रिसर्च अध्ययन अनुसन्धानहरूको सूची तयार गर्ने
- Website लाई अझै update र सूचनामूलक बनाउने
- संचार माध्यममा बेचबिखनको अधिकारवादी सोचलाई ब्यापक बनाउने

सञ्जालको विस्तार

- जिल्ला, क्षेत्र र राष्ट्रिय स्तरमा धारणागत स्पष्टतामा व्यापकता ल्याउन अझ पहल गरिनु पर्ने।
- एट्वीनको बारेमा व्यापकरुपमा सूचना प्रसार-प्रसार गर्ने
- एटवीनमा संलग्न सदस्य हुने सदस्य संस्थाहरूले अपनाउनु पर्ने Code of conduct (आचारसंहिता) तयार गरी प्रचार प्रसार गर्ने
- क्षेत्रीयस्तरका संञ्जालहरूमा सक्रिय सहभागिता गर्ने
- अन्तराष्ट्रिय स्तरका सञ्जालमा सहभागिता र सक्रियता बढाउने
- देशमा भएका मानवअधिकारबादी सञ्जालहरूसँग सम्बन्ध विस्तार गर्ने
- विभिन्न सञ्जालहरूबीच सूचना र स्रोतको आदान-प्रदान गर्ने

साझेदारीताको विकाश

- राष्ट्रिय मानवअधिकार/महिला आयोगसँग संरचनात्मक साझेदारी विकास गर्ने
- अन्तराष्ट्रिय, गैरसरकारी संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने
- न्याय सम्पादनका निकायहरूमा सम्बन्ध विस्तार

७. निष्कर्ष

यसरी समीक्षा बैठक विगत ५ वर्षलाई उपलब्धीका वर्षका रुपमा मूल्यांकन र समीक्षा गर्दै भावी कार्ययोजनाका लागि निर्देशन दिदै सम्पन्न भयो। आएका सुझावहरु अत्यन्त महत्वका छन् र यिनिहरुको कार्यान्वयनका लागि समीक्षा कार्यक्रममा नै उठे झैं संजालको कार्यक्षमता र संस्थागत विकास गरिनु जरुरी देखिन्छ।

●




# एट्वीन गतिविधिहरु

**एट्वीनको ५ वर्षको मूल्यांकन, वार्षिक समीक्षा र सचिवालय हस्तान्तरण कार्यक्रम सम्पन्न**

सन् ११९७ जुन महिनामा स्थापना भएको महिला तथा बालबालिका बेचबिखन विरुद्धको सहकर्मी समूह नेपाल (एट्वीन) सन् २००२ जुनदेखि पाँच वर्ष पूरा गरेर छैटौं वर्षमा प्रवेश गर्‍यो। यही सन्दर्भमा जनवरी १३ र १४, २००३ तदनुसार २०५९ साल पौष २९ र ३० गते सोमबार र मंगलबारका दिन ५ वर्षको मुल्यांकन र सचिवालय हस्तान्तरण कार्यक्रम स्टाफ कलेज जावलाखेलमा सम्पन्न भयो

हरेक दुई- दुई वर्षमा एट्वीनका गतिविधिहरुको संयोजन र सचिवालय संचालनको जिम्मेवारी हस्तान्तरण हुने परम्परा अनुसार महिला आत्म निर्भरता केन्द्र (मान्क) मा रहेको सचिवालय संचालनको जिम्मेवारी इन्सेकमा हस्तातरण गरियो।

---

**एट्वीनको आयोजनामा उक्त महिला अदालतको सन्दर्भलाई लिएर राष्ट्रिय तहमा महिला तथा बालबालिका बेचबिखन विरुद्धको अभियानमा कानूनी अधिकार स्थापनाको अवसर र चुनौती विषयक अन्तर्क्रिया कार्यक्रम २०६०, साउन १८ गते ललितपुरको स्टाफ कलेजमा सम्पन्न गरियो। उक्त अवसरमा २०६० साउन १९ गते पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। पत्रकार सम्मेलन ललितपुरको पुल्चोकमा सम्पन्न गरियो।**

---

**अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न मानव बेचबिखनविरुद्धको अभियानमा, मानवअधिकार संरक्षण विषयक राष्ट्रिय स्तरको अन्तरक्रिया कार्यक्रम**

एट्वीनको आयोजनामा प्रहरी प्रधान कार्यालय (केन्द्रीय महिला सेल) को संयोजनमा १८ जिल्लामा कार्यरत महिला सेलका दुई -दुई जना प्रतिनिधि र यस सवालमा कार्यरत संस्थाका कानुनविद् र एट्वीन सदस्य संस्थाका प्रतिनिधिहरु बीच मानव बेचबिखनविरुद्धको अभियानमा, मानवअधिकार संरक्षण विषयक अन्तरक्रिया कार्यक्रम २०५९ मंसिर २२ र २३ मा स्टाफ कलेज जावलाखेलमा सम्पन्न गरियो।

**ढाकामा सम्पन्न दक्षिण एसियाली महिला अदालतमा उठाइएका सवालहरू, निर्णय र आगामी दिनमा गनुपर्ने कार्यहरूबारे छलफल गर्ने उद्देश्यले सञ्चारकर्मीहरूसँग अन्तरक्रिया ०६० भदौ ७ गते काठमाण्डौमा सम्पन्न गरियो।**



एट्वीनद्वारा आयोजित प्रहरी महिला सेलसँगको कार्यशाला

### राष्ट्रिय स्तरको अन्तक्रिया कार्यक्रम सम्पन्न

मानव बेचबिखन र एच.आई. भी. एड्स समस्याहरुको निराकरण र नियन्त्रणका लागि दक्षिण एसियाका सरकारका काम कार्वाहीहरु नितान्त अपर्याप्त देखिएका छन्। त्यसैले जनस्तरबाट सरकारहरुलाई दबाब सृजना गर्ने र समश्याप्रति सबैको ध्यान आकृष्ट गर्ने उद्देश्यले दक्षिण एसियाली महिला मानवअधिकार परिषद (एड.ब्ल्यूएचआरसी) को आयोजनामा महिला बेचबिखन तथा एच. आई. भि. एड्सका बारेमा दक्षिण एसियाली महिला अदालत कार्यक्रम २०६० साल श्रावण २५ देखि २८ तदनुसार अगष्ट १०-१३ मा बंगलादेशको राजधानी ढाकामा संम्पन्न भयो। उक्त कार्यक्रमको सन्दर्भमा नेपालका तर्फबाट व्यापक तयारीका साथ सहभागिता रहेको थियो। नेपालमा एट्वीनको आयोजनामा उक्त महिला अदालतको सन्दर्भलाई लिएर राष्ट्रिय तहमा महिला तथा बालबालिका बेचबिखन विरुद्धको अभियानमा कानूनी अधिकार स्थापनाको अवसर र चुनौती विषयक अन्तर्क्रिया कार्यक्रम २०६०, साउन १८ गते ललितपुरको स्टाफ कलेजमा सम्पन्न गरियो। उक्त अवसरमा २०६० साउन १९ गते पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। पत्रकार सम्मेलन ललितपुरको पुल्चोकमा सम्पन्न गरियो।



एट्वीन पाँच वर्षे समीक्षा बैठक

### सञ्चारकर्मीहरुसँग अन्तरक्रिया

ढाकामा सम्पन्न दक्षिण एसियाली महिला अदालतमा उठाइएका सवालहरु, निर्णय र आगामी दिनमा गर्नुपर्ने कार्यहरुबारे छलफल गर्ने उद्देश्यले सञ्चारकर्मीहरुसँग अन्तरक्रिया ०६० भदौ ७ गते काठमाण्डौमा सम्पन्न गरियो।

### पत्रकार सम्मेलन

दक्षिण एसियाली महिला अदालतको पूर्व सन्ध्यामा अगष्ट ३, २००३ मा उक्त महिला अदालतबारे सञ्चारकर्मीहरुलाई जानकारी दिने उद्देश्यले पत्रकार सम्मेलनको आयोजना



एट्वीन सचिवालय हस्तान्तरण कार्यक्रम

गरिएको थियो। ५० जना सञ्चारकर्मीहरुको बीचमा महिला अदालतको बारेमा जानकारी दिने र नेपालका तर्फबाट उठाइने सवालहरुबारे जानकारी दिइएको थियो।

**एट्वीन सहभागिता**

**१. दक्षिण एसियाली महिला अदालत, ढाका बंगलादेश**

दक्षिण एशियाली महिला अदालत कार्यक्रम २०६० साल श्रावण २५ देखि २८ तदनुसार अगष्ट १०-१३, २००३ मा बंगलादेशको राजधानी ढाकामा संम्पन्न भयो। नेपालका तर्फबाट सो महत्वपूर्ण कार्यक्रममा व्यापक तयारीका साथ सहभागिता रहेको थियो। नेपालमा एट्वीनको संयोजकत्वमा उक्त महिला अदालतको सन्दर्भलाई लिएर राष्ट्रिय तहमा अन्तर्क्रिया र पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। यसक्रममा नेपालबाट बेचबिखनबाट प्रभावित व्यक्तिहरु, बेचबिखनका विरुद्ध कार्यरत संघसंस्थाहरु, संजाल तथा संचारकर्मी गरी जम्मा २५ जनाको समूह उक्त कार्यक्रममा सहभागिता रहेको थियो।

अन्तर्राष्ट्रिय रुपमा नै ध्यान आकृष्ट गराउन सफल उक्त कार्यक्रमको विशेष जनअदालती कार्वाही १२ अगष्टका दिन बंगलादेशको ढाकामा अवस्थित बंगलादेश चीन मैत्री भवनमा करिब १५०० जना श्रोताहरुको माझमा सम्पन्न भएको थियो। सो कार्यक्रममा नेपाल, भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाका गरी ४० जना प्रभावितहरुले

**नेपालमा एट्वीनको संयोजकत्वमा उक्त महिला अदालतको सन्दर्भलाई लिएर राष्ट्रिय तहमा अन्तर्क्रिया र पत्रकार सम्मेलनको आयोजना गरिएको थियो। यसक्रममा नेपालबाट बेचबिखनबाट प्रभावित व्यक्तिहरु, बेचबिखनका विरुद्ध कार्यरत संघसंस्थाहरु, संजाल तथा संचारकर्मी गरी जम्मा २५ जनाको समूह उक्त कार्यक्रममा सहभागिता रहेको थियो।**

आ-आफ्नो भनाई राखेका थिए। पूर्णत अदालती तवरमा सम्पन्न उक्त कार्यक्रममा प्रभावित व्यक्तिका अलवा साक्षी र जुरीको समेत महत्वपूर्ण भूमिका रहेको थियो।

कार्यक्रमको स्वरुपको कुरा गर्दा १० अगष्टका दिन प्रभावितहरुको भनाई राख्ने कार्यक्रमका लागि तयारी र ११ अगष्टका दिन विभिन्न सम्बन्धित विषयमा गोलमेच बैठकहरु सम्पन्न भएका थिए।

यस कार्यक्रमको एउटा महत्वपूर्ण उपलब्धीका रुपमा जुरीहरुका तर्फबाट अन्तराष्ट्रिय फौजदारी अदालत र दक्षिण एसियाली मानवअधिकार अदालतको स्थापनाका लागि सुझाव पेश गर्ने लगायत्का १२ बुँदे निचोडहरुलाई लिन सकिन्छ।


**२. तेश्रो सार्क पिपुल्स फोरम, ढाका बंगलादेश**

बंगलादेशमा अगष्ट १५ देखि १७ सम्म भएको देश्रो जनसार्क कार्यक्रम एट्वीनको उल्लेखनीय रुपमा सक्रिय सहभागिता रहेको थियो। एघारौं सार्क शिखर सम्मेलनमा पारित भइसकेको देहव्यापारका लागि महिला तथा बालबालिकाको ओसार-पसार निषेध सम्बन्धको महासन्धिलाई संशोधन सहितको अनुमोदन गर्नका लागि हुन गइरहेको बाह्रौं सार्क शिखर सम्मेलनमा सकारात्मक प्रभाव पार्ने उद्देश्य उक्त फोरमको रहेको थियो।

३. राष्ट्रिय स्तरमा आयोजना गरिएका सरकारी, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुद्वारा महिला बेचबिखन विरुद्धमा आयोजना गरिएका कार्यशाला तथा अभियानहरुमा सहभागी हुने र सहकर्मी समूहको धारणा राख्दै आएको छ।

# मानव बेचबिखन सम्बन्धमा थप अध्ययन गर्न उपयोगी पुस्तकहरु


















# मानवअधिकार, महिलाअधिकार तथा बालअधिकार बारे विस्तृत जानकारीका लागि यी प्रकाशनहरु नियमित अध्ययन गरौं

| पत्रिका | प्रकाशन गर्ने संस्था |
|---|---|
| अधिकार, | इन्हुरेड हिम्राइट्स |
| छोरी, | इन्हुरेड हिम्राइट्स |
| चेलीको व्यथा | ओरेक |
| सयपत्री | ओरेक |
| इन्सेक अभियान | इन्सेक |
| प्राची | इन्सेक |
| Informal | इन्सेक |
| बाल सरोकार | सिविन |
| महिला मुक्ति | महिला हित समाज/अखिल नेपाल महिला संघ |
| महिला | महिला आत्म निर्भरता केन्द्र |
| मुक्ति | सिविस |

# महिला तथा बालबालिका बेचबिखन विरुद्धको अभियानमा एकजुट होऔं ।

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह

**एट्वीन**

पो.ब.नं. २७२६, काठमाण्डौ, नेपाल

फोन : ४४६९१७१

इमेल : aatwin@wlink.com.np